S
93
89+

प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या ११ Number 11
वैशाख २०२७ April 1970

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग,
काठमाडौं, नेपाल ।

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal.

प्राप्तिस्थान :
साझा प्रकाशन
पुलचोक, ललितपुर ।

To be had of:
Sajhaprakashan
Pulchok, Lalitpur.

मूल्य रू. ५।–

Price Rs. 5/–

Printed at Jore Ganesh Press Pvt. Ltd. Kathmandu.

प्राचीन नेपाल	**Ancient Nepal**
संख्या ११	Number 11
वैशाख २०२७	April 1970

सम्पादक

रमेशजङ्ग थापा

Editor

Ramesh jung Thapa

सहायक सम्पादक

रामचन्द्र ढुङ्गाना

Assistant Editor

Ram Chandra Dhungana

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 11, April 1970, Vaishakh 2027

विषय–सूची

Contents

	पृष्ठ	Paeg
नेपालको इतिहास राजभोगमाला	१	1
ऐतिहासिक पत्रस्तंभ	१८	18
श्री ५ पृथ्वीनारायण शाहको नालदुमविजय *श्री मोहनप्रसाद खनाल*	२५	25
महाकाली अंचलको पुरातात्त्विक अन्वेषण *श्री साफल्य अमात्य*	२९	29
मानवशरीरमा अंगुष्ठको स्थान *श्री देवीप्रसाद लंसाल*	३६	36
केही ऐतिहासिक उपकरण *श्री शङ्करमान राजवंशी*	३९	39
Ancient and Medieval *Shri Ramniwas Panday*	४४	44

नेपालको इतिहास राजभोगमाला

गताङ्कको बांकी

तहांपछि पनि कांतिपुरका काज़ीहरूले तेस भागीराम-लाई काजि नगर यति गऱ्या मिल्दछु भनी पठाउंदै गर्दथ्या । यहांपछि भक्तपूरका राजाले निष्कारणमा गोर्षा जाइ रहन्या ढाक्चा काजिको बाबुलाइ मारिदिया ।।

यहांपछि सम्वत् ८०८ साल भदौ महिनामा कांतिपुरका काजीहरू ललितपट्टन जाइ दुवै सहर मिलि भक्तपुर माथी चढ्ाई गरचा फर्कि फर्कि इन्द्रयात्रा गरिसकि फेरि भक्तपूर माथि चढाइ गरि प्रजाकन दुःख दिंदा प्रजाहरू दिक भै भोलि-पल्ट यसै भागीराम काजीको निमित्त दुःख पायौ । अब यस भागीरामलाइ मार्न्या हो भनी घरलाई घेरा दिंदा भागीराम भागी गया । प्रजाहरूले घर लुटि सब आलमाल धन दौलथ अन्न वस्त्र लुटिलिया । वस्तु लिन नपाउन्याहरूले घर ज्याल दलिन काठहरू चोकमा चीन्हीराष्याका ढुंगासमेत लुटि लग्या । पछिवाट घरमा आगो लाइदिया । यहांपछि प्रजाहरू राजकुलमा आइ हेमहाराज, अब यसो होइन, कांतिपुर जान्या हो, कतिले पाटन जान्या हो भंदा पर्ख १।२ दिनसम्म नहत-पताउ भंदा प्रजाहरूले अझ पनि हजुर यसै भन्नुहुंछ हिड कांति-पुर भनी पाषुरा समाइ राजालाइ राजकुलवाट निकासि कांतिपुर लैजांदा अब प्रजाहरूले कसो गर्न लाग्या राजालाइ वढिया गर्नलाग्या कि घटिया गर्न लाग्या कि भनि रानिहरू ठुलो सोर गरि रोया । प्रजाले राजालाइ कान्तिपुर लग्या ।

कांतिपुरका मुख्य काजि लक्ष्मीनारायण कस्तो थियो भन्या दरवारैमा सुती दरवारैमा षाइ राजाले लाउन्या पोशाक गहना पैहां राजाका पलंग वक्ष्यानमा वस्दथ्यो । लंडायींमा पनि जांदैनथ्यो । रात दिन रानिसंग मात्र वसिरहंथ्यो । भक्तपुरका राजा आया भंन्या षवर थाहा पाइ ललितपुरका योगनरेन्द्र मल्ल आया । तिनै राजा वसि वातचित सलुक गरि पाटनका भक्तपुरका, राजा फर्किआया । पाटन लगाको जगा भन्या छाडि दियनन् । यहांपिछ प्रजाहरूले भगायाको काजि कल्यारीमा वस्न गल्याका भागीरामलाई योगनरेन्द्र मल्लले वोलायपछि जितामित्र राजा आई भक्तपुर लागि फरि काजी गऱ्या । अधि प्रजाहरूले लुटयाका आलमाल झिकि सोपिदिया ।

यहांपछि पाटन, यकल्ला भया । लडायींमा पाटने काजी पर्सुराम भागी आउंदा नेल ठोकि राख्दा नेलमा मऱ्या । याहांपछि प्रजाहरू जम्मा भै जाइ' लडायीं गरी ९ कोट जिति ली क्कटघरमा रह्याका १३९ जनाकन छाडी पठाया । यहां पछि योगनरेन्द्र मल्ल राजाले प्रजाहरूकन जम्मा गरि झ्यालमा वसी स्याबास प्रजाहरू तिमिहरूले मेहनत गरि मेरा मुलुक झिकि दियौ । यस्तै' मीहनत सदै मेरा षातिर गर्नुपर्छ भंदा प्रजाहरूले विति गऱ्या । हे महाराज सेवा गर्नमा भन्या गर्धनले सीर उठाउनु सकंज्याल गगौंला तर एक थोक हाम्रो विति क्या भंनु होला त आफ्ना सुष दु षका कुरा विति गर्न निमित्त प्रजाकन संभार गऱ्या धर्म भन्याका एक असलका जिव क्याजाला भनि विति गऱ्या र राजा योगनरेन्द्र मल्लले यस कुरामा वहुतै प्रसन्न भै प्रजाकन बोध दि देवताकन पूजा गरि सवकन भोज षुवाया ।

याहांपछि सम्वत् ८१० भदौं मैन्हामा कांतिपूरमाथी योगनरेन्द्र मल्लले चढाइ गरचा । मूल काजि लक्ष्मीनारायण जोसि आफ्ना घरवाट दर्वार जाउं भनी आउंदा उसका घरमा षस मुषियाहरू जाई केहि सल्लाह गर्नु छ भनी एकातिर लगि सस्त्र प्रहार गर्दा दुवै हात कपालमा राषि दर्वारतिर भागी जादा वाहीर वस्याका षसहरूले लगारि धेरै ठाउं घात गरि मार्दा यस कुराको षवर रानिले सुनी राजकुलबाट वाहिर निस्की आउंदा वुझाइ भित्र लग्या ।

ताहांपछि रानीले लक्ष्मीनारायण जोसिको रगत चांदि-का भांडामा उटाइ मुर्दालाइ परम राषी लगी संस्कार गराया। यहांपछि भूपालेन्द्र मल्ल राजाले भडिरमा नृसिंहलाइ मुष्य काजि गरिदिया ।

श्रीपशुपतिनाथकन राघवानन्द स्वामिले विधिपूर्वक नित्य पूजा गरि रह्याका थिया। पछि अंतकालका वषतमा म जस्तै स्वामी आवस भंन्या अभिलाष तिमिहरूलाइ छ भन्या मलाइ आर्ज्याघाटमा वाग्मतिवारि मलाइ समाधि लिन देउ होइन भन्या जांहा तिमिहरूको इक्षा वहीं समाधी लिन देउ भंदा राजाका समिपमा रह्याका दुर्जनहरूले यस्ता तरहको विचार ठहराइ भन्या स्वामिहरूलाई पशुपतिनाथका पूज्यक गरि राषनु कठिन कुरो छ तसर्थ वाग्मतिपारि लगी समाधी राष्न्याहो भंदा उसैमाफिक राजराज्येश्वरिसंधि कर लाइ राघवानन्द स्वामी आफुले भन्या माफिक नपुगी दुर्जनका बुद्धि सुनि आर्ज्याघाटमा समाधि लिन नदीदा उसै जगा समाधि लि सुन्यमा गया । यहां उप्रान्त श्रीपशुपतिनाथका पूज्यक जोग्य पुर्षार्थी स्वामीहरू आयनन्।

याहांपछि वछलेश्वरका जात्रा जगायाको वर्ष ४ पछि रानीकन स्वप्न भयो र राजा रानि दुवै जाइ पशुपतिनाथकन पूजा गरि वक्साइ श्वेतविनायकका मूर्ति वनाइ धेरै गुठी राषी वांडाहरूकन गुठियार गरि कार्तिक शुक्ल पूर्णिमा र प्रतिपदा-का दिन प्रतिवर्ष रथजात्रा गराया। यहि जात्रा गराउन जांदा रजीकहरू मिलि विति गर्दा राजाले रजीक् कूप वनाइदिया। फेरि इ राजाका पालामा प्रेतचतुर्दसिका दिन रात्रीमा एक रानी पर्लोक हुदा कांतिपुरका धेरै देवताहरूको जात्रा आधा मात्रै भयो। अमावास्याका दिन हुन्या जात्रा सव मनाही गरि दिया। देवताका मूर्ति छोपि सो स्थानमा लैगया। श्री वछले-श्वरिका जात्रा मात्रै क्रमैसित संपूर्ण गराया। मनाहि गर्न सकेनन्।

यहांपछि राजा भूपालेन्द्र मल्ल तिनै सहरको सलूक एकै भैरहंदा तिर्थ वर्त गर्नको इक्षाले राजधानि सहर कांतिपूरवाट प्रस्थान गरि हरिद्वारका मेला भर्न गया। तिर्थ गर्दै जांदा अजुध्यादेषी चार दिनको रस्तामा राजा भूपालेन्द्र मल्ल ज्ञानि ईश्वरका भक्तिमा चित्त लाग्याका संवत् ८२१ कार्तिक शुक्ल त्रयोदशी वुधवारका दिन राजा पर्लोक भया। साथ जान्या मानिसहरूले इनका सरिर बोकी आठ कोस जमिन सम्म ल्याइ गंगाजिमा ल्याइ अग्निसंस्कार गराया। यहांपछि राजासंग जान्या दर्वानहरू फर्कि आई राजा पर्लोक भया भनि कहन डराइ आफ्ना आफ्ना घरमा लुकिरह्या। यहांपछि षवर जाहेर भयापछि माघ शुक्ल पंचमिका दिन राजा भूपालेन्द्र मल्लका जातक पत्र परममा राषि अग्निसंस्कार गराया। उनका संसर्ग गरी रानि प्रभृति आठ जना स्त्री सति गया।

अस्यपुत्र महीन्द्र मल्लका अधिको नाम भास्कर मल्ल भोग वर्ष २१। इ राजा चौध वर्षका उमेर हुंदा वावा भूपालेन्द्र मल्ल पर्लोक भयाका हुन्। इ राजा अति चंचल सोभावका थिया। धेरै पंछिहरू पालन्या अनेक स्थानमा जाइ फिर्न्या सिकार षेल्न अति रत भयाका थिया। एकदिन तिनै सहरका राजा एक भै मिलि रहंदा समय भक्तपुरका राजा र कांतिपुरका भास्कर मल्ल राजा सिधुलिको वाटो गरि चार कोस प्यक्वेवनतिर हातिषेदामा जांदा १३ हाति समाइ नेपालमा ल्याइ पुऱ्याया। भक्तपुरका राजाले मात्र यक हाति पनी ल्याउन सकेनन्। यसैमा भास्कर मल्ल अति सुरा प्रतापि ठहर्न जांदा पंडित ज्ञानिहरू राजद्वारमा आइ राजाको वर्णन गरि राजा गजपति महिंद्र मल्ल भनि नाम राषि प्रष्यात गराया। इ राजा ब्राह्मण पण्डितहरूदेषीं षुसि भै ब्राह्मणहरूकन धेरै वित्ती वक्सिस् गरचा। सदा सर्वदा ब्राह्मणकन सन्मान गर्दथ्या। वारंवार सिकार षेल्न निमित्त तरयानितरफ जांथ्या।

येक समय आफना लगा तरियानीका थरवटवासि धेरै थारूहरू आइ अनेक तरहका चिज वस्त्र सौगात चढाई कर जोरि षान कन आधार माग्दा राजा षुसि भै धेरै जगा वक्सीस् गरि भुञ्या नाम जात प्रष्यात गरि फर्की आया। अद्यापि येस नामको जात रह्याका छंदैछन्। फेरि इन राजाले नेपाल कांतिपुर राजाधानिसहरको लगाभरिका ब्राह्मणहरूकन धेरै वित्ती संकल्प गरि दिया। येस्ता दानि औवर सुरा राजा हुन्। इन राजाका दुइ विवाहिता रानि थिया सो इक्षाले राष्याका दुवै मैजुहरू थिया। इ चार स्त्रीहरूसित क्रिडा विहार गर्न निमित्त किमडोका थानमा सुन्दर घर धर्मसाला वनाइ सदा सर्वदा रस रंग गर्दथ्या।

फेरि इन राजाले हात्तिषेदा निमित्त सिधुलिमा दुवैमैन् हा सम्म वास गऱ्या। मुसलमानहरू आई राजासंग वातचित गरि तिनिहरूलाई राजाले चाहा गर्दा नोकर भै रह्याका थिया। यसतै समय मुल काजि झगल ठकुलले मुसलमानसंगको प्रिति राजाले गर्न लाग्या भनि हात्तिषेदामा नपठाइ थामि राष्पा र राजाले हात्तिषेदा जान्या छैन गंगाज्यूसम्म पुगी स्नान गरि फर्कि चांडै आउँला भन्या तैपनि काजिले नमांदा मुसलमान-हरूसंग मिलि काजीले थाहा नपाउन्या गरि जान लाग्दा यस मतलव काजी झंगल ठकुलले थाहा पाई उमराउहरूसंग सल्लाह गरि जुक्ति गरी राजाकन पठायनन्। यहापछि मुसलमान तुरूक सवार जना विस राजाले साथ गरि नेपालमा ल्याई कांतिपुर सहरमा मुसलमानहरू डेढसयेसम्मलाई षाना षर्च दि आफ्ना चाकरी गराइ राष्या।

यस्तै तरहसंग रहँदा मुसलमानहरूले राजालाई रिझाउँदा राजाले झंगल ठकुल मुष्य काजीकन षोसि मुसलमानलाई काजी गऱ्या । यहांपछि झंगल ठकुल प्रभृति उमरावहरूले अब राजाले घटियाको संग्रह गरि हिंदूहरूको धर्म नेपालमा गुमाउन लाग्या यस वषतमा हामिहरूले सक्यासम्मको जुक्ति गरि इनिहरूलाई ननिकाल्या हामी सब हिंन्दू मुसलमानका कमारा हुन लाग्यौं भनि सल्लाह गरि कांतिपुरका प्रजाहरू षसहरू ललितपट्टनका परमानहरू सब यकट्ठा भ मिलि मुसलमानहरूकन सस्त्र प्रहार गरि मार्दा राजा र मुसलमानहरू यकपट्टि भै राजकुलमा वसि वंदूकले हानि तरवारले काटी धनुक प्रहार गरि नेवार षस डेढसय लाई जषम गऱ्या ।

यस्ता तरहसंग जुद्ध हुंदा मुसलमानहरूकन काटाकाट गरि मा-या चार पाच जना मात्र भागि गया । समात्न सकेनन् । कांतिपुरका विचमा यस्ता तरहको ठुलो तकरार उठि लडाई गरि मुसलमान शत्रुलाई संहार गऱ्या ।

यसै दिन भक्तपुरका राजाले देवदोकोट्मा चढाई गर्न आया र इनिहरूसंग पनि लडाइ गरि सत्तरी असि जनाकन जषम गरि हटाइ पठाया । यहांपछि झंगल थकुल मूलकाजि भया । अधिका माफिक मिल्या । सम्वत ८३७ ज्येष्ठ कृष्ण अमावास्याका दिन ललितपट्टनका राजा रिद्धिनृसिंह मल्ल पर्लोक भया । यहांपछि ललितपट्टनका राज्य सून्य हुंदा ४ काजी कांतिपुरजाई राजा सून्य भयो अब हजुरकन राजा मात्र आयौं भनि विति गर्दा लौ भनि आज्ञा दि पठाया । ४।५ दिन वित्यापछि पनि केहि उत्तरा नमिल्दा पाटन्या प्रजाहरू सब मिलि आई २४ प्रधानहरूकन हामि सब मिलि कांतिपुरमा सरण जाउं भनि विति गर्दा २४ प्रधानहरू प्रजाहरू सब जंमा भै कांतिपुर जाई विति गर्दा राजाकन वुझाई सिंदूरजात्रा गरि ललितपट्टन जाई सम्वत् ८३७ आषाढ शुक्ल १५ का दिन महेन्द्र मल्लकन मणीमंडपमा सिंहासन राषी राज्याभिषेक दिया ।

महेन्द्रमल्ल राजाले कांतिपुर ललीतपट्टन दुवै सहरका राजा भै रहंदा समय सम्वत् ८३९ नष्ट आसुन सुदी २ का दिन विरेश्वर उपाध्या र कनिम्हका मेलवावु दूइ जनाले कांतिपुरवाट यक रानिलाई पाटन ल्याइ राष्या । यसै दिन भक्तपुरका राजा भूपतेन्द्र मल्ल सैन्यलाइ सस्त्रसहित गरि पाटन आया । यस कुरो महेन्द्र मल्लले षवर पाइ सस्त्र सहित गरि पाटन आइ भक्तपूरका सैन्यलाइ समाइ वस्त्र छोडाइ हतियार लुटि ली भूपतेन्द्र मल्ल राजालाई र राजकुमार रणजीत् मल्लकन जान नदी २ हाति र १६ हजार रूपैयां लि छाडि पठाया ।

यहांपछि विरेश्वर उपाध्यायलाइ समाइ थुन्या, मेलुवावु काजि मात्र भागि गया । यहांपछि पाटनको भारा अनंतसिं काजीले ली मुष्य काजी भया । कांतिपूरको भारा झंगल ठकुल काजीले लिया । इन राजाका पर्य्यायमा २९ वर्षका उमेरमा १२० वर्षमा आउन्या माहामारि आइ नेपालमा प्राप्त भै सम्वत् ८३६ साल चैत्र मन्हादेषी कांतिपूरमा प्राप्त हुंदा पैल्हे सहर ग्रामहरूका घर घरमा मुसाहरू मऱ्या । याहांपछि हाति भेडा वाघ्रा हाँस कुषुरा गाइ भैंसि वनमा जीवा जंतु मृग वंदेल आदि वचनरा मरचा । पृथ्वीमा सर्वत्र पशुपंछी जीवा जंतु आदी प्राणी नास भया । यहापछि माहामारि अति प्रज्वरित भै काषिमा काछमा कर्नसंधिमा फोका उठि कपाल दुषि रिंगटा लागी ज्वर आइ नेपालका सहर ग्रामहरूमा असंष्य मानिसहरू मरचा । चैत्र मैन्हादेषि कांतिपूरमा मरचा । असारमा ललितपट्टनमा मरचा, भक्तपूरमा मरचा । यस्तै तरहसंग रोग फैलिदा ढोकाबाहिरका षसहरूमा भन्या यस रोगले ज्यादा मरेनन् । रोग हुन्या मानिसहरू भन्या छेण मात्रै तत्कालैमा मर्दा सहर ग्राहमरूमा मर्ज्यादा व्यवहार विचार संचार सब वंध भै हाहाकार भै गया । यस्त तरहसंग रोग भै रहंदा कांतिपूरका मानिस कोइ कोइ ज्ञानि मानिसहरू त रोग हुन्या वित्तिकै वेगसित जाइ आर्ज्यातिर्थ पुगी मरण भया कोइ पचलीघाटमा मरण भया । कोइ वाग्मतिमा मरचा । कोहि विश्णुमतिमा मरचा । कोइ आधा वाटामा मरचा । यस्ता तरहसंग मर्दा मर्न्यालाइ कान्नो आदी चाहिन्या कुरो पनि दिन सकेनन् । दिनमा १००।१२० मानिसहरू मर्दा धेरैको संतान सून्य भै अपुतालि लाग्या ।

यस्तै समय अघि श्रीपशुपतिनाथका दक्षिण मुषवाट दंत प्रकास भयो । मछिन्द्रनाथका जात्रामा पनि ३१ आग्ला भांचिया । मिननाथका रथमा अग्नी प्रवेस भै जल्यो । किर्ति पूर व्याघ्रभैरवका नेत्रदेषी मनिको मुष पतन भयो । नवग्रह गण पनी घोप्टिइरह्या । नेपाल मंडलमा सबै स्थानमाका ठुला ठुला देवताका स्थानमा उपद्रव भया । यहि भयले प्रजाहरू त्राहि त्राहि भै सहर छाडि धेरै मानिस भागी गया । यस्तै समयमा कांतिपूरका मुष्य काजि झंगल ठकुलले राजा महिंद्रसिंह मल्ल दुइ रानी दुइ मयजु टहलुवा ४ जनामात्र गरि किंदो स्थानका घरमा सब संराजाम् तयार गरि राषी आउन जान नदि वन्द गरि लुकाइ राष्या । यस्ता तरहसंग राषी छोड्याका छमैन्हा पछि सहर ग्रामहरूमा मानीस वरावर मर्दै थिया । यस्तै समय यक जोगीले झंगल ठकुल काजीकन

सुनाया– अहो गमार काजी तेरा सांति स्वस्ति पूजा पाठले महामारि निवारण हुन्या छैन । देसि पर्देसि सव जनालाइ इक्षा भोजन गराउ तव महामारि देवी संतुष्ट भै रोग निवारण होला । पशुपतिनाथ पनी प्रसन्न होलान् । यति गर भनि योगी स्वस्थानमा गया । यहांपछि काजीले योगिका आज्ञा सुनी सहरवासि सव जात वोलाइ योगी संन्यासी फकिर गरिवगुर्वा सवलाइ वोलाइ धेरै धन षर्च गरि हनुमानढोकामा इक्षा भोजन गराया । दिन ४ सम्म ठुलो अन्नदान गर्दा मरण भय वहुतै निवारण भैगयो ।

यस्तै समय एक दिन कोइ एक ज्यापु किन्दो संधिमा षेतमा जांदा राजाले इयालमा छिद्र वनाइ ज्यापुलाइ डाकि सहरको समाचार कस्तो छ भनि सोध्या– हेमहाराज चार दिन भयो वहुत रोग निवारण भयाको छ भनि ज्यापुले विति गर्दा यति समाचार सुन्नेवित्तिकै तेहि इयाल षोली फाल हाल्न तयार हुंदा रानीहरूले भर्सक गरि थामदा पनि थामन सकेनन्। राजाले वन्द भैरहन वहुतै गाह्रो मानि इयालैवाट फाल हालि वेगसित दौडि आइ सहरमा जाइ दर्वारमा प्रवेस गरचा । यहांपछि रानि र मयजु पनि दर्वारमा आया । यसै दिनका रातु रानि र मयजुहरूसंग राजा वसिरहंदा इन राजामाथि माहामारीको दृष्टि लाग्यो र रोग प्राप्त भै सूद्ध सूर्यवंशी राजा महेन्द्र मल्ल नेपाली सम्वत् ८४२ साल मिति भाद्र कृष्ण एकादशिका दीन पर्लोक भया । इन राजाका पालामा ८ वर्षसम्म माहामारि आइ रोग समन नभै रोगका पिडाले श्रेष्ट भाजुहरू धेरै मरण भया र किसान हरूकन वोकाइ. आफ्ना इष्ट देवता जगाई सुनागुठि नाम राषी गुठिजनहरू ज्मा गरि मरणकालमा भेला हुनु निमित्त गुठ तुल्याया । अघि भाजुहरूको सुनागुठि थियेन । असक्त हुनाले किसानिहरूले मुर्दा छुवाउन्या रित भै गयाको हो । इनै वर्षमा दर्वारका कुमारी सुंन्यमा जादा. चावाहाल देवपट्टनका कुमारी लैजाइ आसनमा राषी पूजा मान्य गराया । दुइ मन्हासम्म राषी कुमारीकन सन्मान गरि अर्को कुमारी साटो राषी फर्काईदिया ।

अव उप्रान्त कांतिपुर राजधानि सहरमा सूर्य्यवंसि शून्य भै गया भनि लोक जन सवै हाहाकार गर्दा रानि र मयजु चारै जनाले प्रजाहरूकन वोलाइ राषि कोइ एक सूर्य्यवंसिका छोरिपट्टिका सन्तान जगज्जय नाम गरचाका ठाकुरकन राज्याभिषेक दिया । यहांपछि चारै रानीहरू सहगामिनी भै यथाक्रमले राजराजेश्वरी संधिका स्मसानमा प्रवेश गरि अग्नि प्रज्वरित भै आधा सरिर जल्यापछि तेस वेलामा स्मसान विषेये ज्येठि रानी षडा भै कर जोरि केहि वचन वोलन लागिन् अहो लोक पंच, हामीहरूकन वडो कष्ट प्राप्त भयो संतान सून्य इन राजाले सजीव छंदैमा धेरै पंछिहरू पाली वंधनमा राषी माऱ्याका पापले रानिकन नरकमा गाड़ी राष्या । राजाकन असंष्य पीषले ढाकी राष्या । मयजु, दुइ जनाले राजाका अंगमा पुरियाका पीषहरू आफाल्न लागी रह्याछन् । तैपनि राजालाई पीपका रासवाट उकास्न सक्याको छैन । तसर्थ हाम्रा निमित्त दया गरि केहि धर्मसाला वनाइ देउ काशी मा पनि व्रह्मणभोजन गराई देउ । यति धर्म हाम्रा नाउंमा गरि देउ । अव यो नेपालमा तीनै सहरका सूर्य्यवंसि लोप भै जान्या छ । केहि वर्षपछि पश्चिम दिसादेषी सोमवंसि कहाइ साहा पदवी गर्याका राजा आई भोग गर्न्या छन् । यति भनी रानी लोटि जलि गयीन् । इन दिनदेषी महामारी रोग सांत भ गयो । कति संष्या मरण भया भनि इगल ठकुल काजीले सम्वत ८३६ सालदेषी सम्वत् ८४२ साल राजा मरण भयातक, कांतिपुरका प्रजा मरण भयाको संष्या गर्दा अठार हजार सात सय चौधह १८७१४ जना जंमा प्रजाहरू मरण भयाको ठहराया ।

यहापछि मुष्यकाजी झंगल ठकुल काजीले सतिका वचन प्रमान आफ्ना स्वामीकन उद्धार हुन्या कर्म भरसक गरिदिनु पर्न्या हो भनी मषनटोलमा श्रीजगंनाथजीकन यथाक्रमले वनाइ गुठी राषी नित्यार्चन गराया । काशिमा पनि धर धन षर्च गरि व्राह्मणहरूकन भोजन गराउन पठाया । फेरि असन ढोकावाहिर सतल वनाइ धारा वनाइ मूर्ति वनाइ वसाइ यथाक्रमले प्रतिष्ठा गरि धेरै व्राह्मणहरूकन भोजन गराया । इ मुष्य काजी झंगल ठकुलले राजा महेन्द्रसिंह मल्ल र रानीहरूका नामले धेरै धर्म किर्ति गरिदिया । यस्तो माहामारि आइ कांतिपूरमा सुद्ध सूर्यवंसि राजाकन लोप गरि सक्या उप्रान्त येस रोग नेपालमा निवृत्त भैगयो ।

जगत्जये मल्ल राजा भोग वर्ष १४ । इ राजाकन सुर्य्यवंसि राजा शून्यमा गयापछि सतिलेका छोरिपट्टिका संतान इनकन ल्याइ राज्याभिषेक दिया । इन राजालाइ श्रीगुह्येश्वरी प्रसन्न भै १ कोहि मैथिल व्राह्मणकन स्वप्नविषे दर्शन दी आजका चौथो दिनमा राज्याभिसेक पाउला भनि जगत्जय ठाकुरकन दिनु भनि यस्ता तरहको वचन स्वप्नविषये आज्ञा प्रसन्न हुंदा सो मैथिल व्राह्मणले जगत्जयकन भेंटी इश्वरिका अनुग्रह वाणी स्वप्न प्रमान मंत्र तुल्यका वचन सुनाया । यहांपछि अकस्मात् दैव संजोगले महिन्द्रसिंह मल्ल पर्लोक भै राजा शुंन्य हुदा इनै जगत्जय मल्लकन सतिले वोलाइ प्रजाहरूसंग सम्मत गरी राज्या-

भिषेक दियाको हो । इन राजाले राज्याभिषेक पाया उप्रान्त अघि श्री गुह्येश्वरि प्रसन्न भै मलाइ स्वप्नविषे आज्ञा भयो भनि मैथिल ब्राह्मणलाइ समझी इनले भन्यावमोजिम् पुग्दा वहुतै षुसि भ ति मैथिल ब्राह्मणकन मेरा इष्टदेवता गुरू हुन् भनी वहुतै सन्मान गरि कांतिपूरमा वास गर्न दी नुवाकोटमा धेरै वित्ती संकल्प गरिदिया । यहांपछि गुह्येश्वरिका जात्रा धालनु चल्यामा कवच मूर्तिवनाइ अषंड दीप ज्वाला लिंग धालनु नानाबिधिले मंत्रण पूजा गराई प्रतिवर्ष जात्रा गराया । वतिसकोठि महाजनहरू राषी धेर षेत गुठि राषी कर्माचार्यहरूकन गुठियार राषीदिया । इ राजा नहुदै इनका. २ पुत्र जन्म भयाका थिया राजेन्द्रप्रकास र जयप्रकास । राज्याभिषेक पायापछि मोहनचोकमा जन्म्याका ३ पुत्र राज्यप्रकास नरेन्द्रप्रकास. चन्द्रप्रकास । इ राजकुमारहरू कुमुदनी नाम रानीसहीत भै सुषविहार गरि रह्याका थिया । राजा भयाको ६ वर्षपछि वडालक्षणले युक्त भयाको ज्येष्टपुत्र राजेन्द्रप्रकास दैवयोगले पर्लोक भया र राजाले वहुतै सोक गरचा । इनै ज्येष्ठ पुत्रका लक्ष्येनले म राजा भयाको हुं भनि वहुतै फिक्रि गरचा । अव मेरामा जयप्रकास राजा होला । यस्का पालामा देवधर्म राज्य केहि रहन्या छैन । पर्जाहरूले पनि वहुतै दुःष पाउलान् भनी सोक गरि मैन्हा ३ सम्म दर्वारवाट वाहिर निस्की रहंदा समये ४ थरि षस सिपाहिहरू आइ राजाकन वुझाया–हेमहाराज १ पुत्रका निमित्त यस्ता तरहसंग सोक गर्न्या होइन । राजकाज नगरि रह्या कसो होला । हजुरका ४ पुत्र छदंछन् भनि विति गर्दा राजाले आफ्ना मनको संदेह तिनिहरूलाई वताया र ति षसहरूले जयप्रकासको सोभाव अतिक्रूर छ । इनले देवधर्म नासन्या छ. भनि हुकुम गर्नुभयो यसो भंनु भया हामिहरूले राज्यप्रकासकन राजा गरूंला मोहनचोकमा जन्म भयाका राजा गर्न जोग्य हुन् भनी राजा रानीका चित्त वुझाइ षसथरिहरू फर्कि गया । इन दिनदेषी यहि मतलव राजा र षसहरूको भयाको थाहा पाइ जयप्रकासले षस ठकुरिहरूकन मनमा वहुतै दगा राष्या ।

यहां उप्रान्त केहि काल गयापछि कांछा पुत्र चन्द्रप्रकास दैवसंजोगले पर्लोक भया । इनका नामले सहर पूर्व भाग तुषुचा पारि भिमजुजुका पोषरी भनि यथाक्रमले वनाइ प्रतिष्ठा गरचा । फेरि इन राजकुमारका नामले कोहि १ सुजनकन सुवर्णमय गहना पैहिराइ हिल्याजात्रा पठाउंदा डट टोलका उदासले राजाले पठायाको थाहा पाइ साह्रै हास्य गरचो । पछिवाट राजाले पठायाको मानिसकन मले साह्रै अपहेला गरचां भनी वहुत डराइ भोलिपल्ट राजाकन .१ थालभरि सुन राजाकन चह्राउन लैजांदा तैले अपहेला गर्‍याको माफ छ. भनी ल्यायाको सुन पनि माफ गरि दिया । इ राजा वहुतै निर्लोभि थिया ।

सम्वत् ८४६ आषाढ शुक्ल ११ का दिन झगल ठकुल काजी ललीतपट्टन जाइ कांतिपूरका राजा जगत्जय मल्लसंग ल्याइ दुई २ राजा मिली भक्तपूरमाथि चह्राइ गर्‍या । धेरै कोटहरूमा आगो लाइ पर्जाकन दुःष दि भक्तपूरका राजासीत धेरै धन ली कांतिपूर फर्कि आया । सम्वत् ८५० माघकृष्ण तिथिया उत्तरफाल्गुनी नक्षत्र सोमवारका दिन ललीतपट्टनका राजा विष्णु मल्लकन आफ्नी पुत्रि कंन्या दान गरिदिया । इ राजाका पालामा जयवागेश्वरीको देवालयभित्र चोर पसि गहना सवै चोरि लैजादा चोरकन तलास गर्नु लागी रह्याका थिया । चोर फेला पार्न सक्याको थियन । चोरि लैगयाको ३ मैन्हापछि ५ वर्षका कंन्या कुमारि अचारपुत्रीका सरिरमा देवी प्रादुर्भाव भै आज्ञा गरिन्– मेरा गहना चोर्न्या चोर हाडि-गाउंमा ढोकाभित्र पाटिमा वसि थाम वजाइ रह्याछ भनी आज्ञा प्रसन्न हुंदा कंन्या कुमारिका वचन प्रतित मानि सव जना जाइ हेर्न जांदा थाम् वजाइ रह्याको देषी यहि हो भनि ठहराइ समाइ ल्याया । राजा वक्साइ सासना गर्दा सव गहना मिल्यो । ति सव अलंकार देवीकन चढाइदिया । चोरकन मारिदिया । फेरि राजाले दर्वारअगाडि राधाकृष्ण-को देवालय महाविष्णुको देवालय वनाइ मूर्ति स्थापना गरि गुठ राषी ज्यथाक्रमले पूजा मान्य गराया । यहांपछि राजा-ले मैथिल ब्राह्मणहरू गुह्येश्वरीका ठुला सेवक हुन् मेरा माथि इश्वरिको अनुग्रह वाणि स्वप्नविषे भयाको इन मैथिल ब्राह्मणवाट मलाइ सुनाया । सोइ वचनप्रमान चार दिनपछि राजा हुन पाउला भंन्या अभिलाष मनैमा नभयाको मलाइ राजपदवी प्राप्त भयो । इनिहरूवाट मलाई ठुलो गुण भयाको छ भनि वहुतै प्रीति गरि मिलीरहदा नेवार थरिहरूले नसहि निरापराधमा सवै तिह्रौतिया ब्राह्मण-हरूको घर लुटि धन संपति सर्वश्व हरण गरिदिया ।

इनै वर्षमा वर्षा सुन्य भै दुनीया सवै हाहाकार हुंदा यो संकष्ट देषी राजा अति सान्त हुनाले मनमा विचार गर्‍या । मेरा पालामा ब्रह्मस्व हरन प्रजाहरूले गर्‍या भनी राजाले पर्जाहरूकन उद्धार निमित्त पशुपतिनाथकन महावली भोग नाम गरि गुठी राषी प्रतिवर्ष धर्म कर्म गरि इश्वरकन मान्या । फेरि केहि दिनपछि इ राजा वहुतै सान्त स्वभावका हुनाले गोर्षाका राजा पृथ्वीरारायण शाह आइ नुवाकोट दषल गरि वहि वास गरि गोर्षाका राजा कहाइ हुकुम चलाइ रह्याका

थिया । यहांपछि इन राजाले मनमा यस्ता तरहको विचार गऱ्या– मेरा पालामा ब्रह्मस्व हरन पनी भयो राज्य पनि घटचो लक्षणले जुक्त भयाको ज्येष्ठ पुत्र पनी षस्यो माहीला पुत्र जयप्रकासको सोभाव भन्या अति क्रूर छ यसले देव धर्म केहि राषन्या छैन कुलको धर्मस्थिति राषन्या छैन. प्रजाहरूले पनी दुःष पाउनन् तसर्थ अव मैले ज्युनु व्यर्थ हो वाचि मैले प्रष्यात गर्न कदाचित् सकन्या छैन. यस्तो हेरिरहनु चाहींत वरू चाडै मर्न पाया वढिया हुदोहो भनि ठानि चाडै मर्न निमित्त उपाय गर्न लाग्दा १ कोही इटुंवहालका दुष्ट वाँडाले भेद वताया– हेमहाराज हजुरलाई केवल चाडै मरोस-भन्या इछ्या भया मंज्येश्वरिका मूर्ति वनाइ जात्रा गर्नुहोस् तव सिघ्रै मर्न हुनुहोला भनि पोस्तक देषाइ विधानक्रम देषा-उंदा राजाले यस मतलव मनमा राषी गुप्त गरि मंज्येश्वरिका मूर्ति वनाइ श्रीपञ्चमीका दिन कांतिपूर ल्याइ जात्रा गराया । यही जात्रा गऱ्या उप्रान्त तिनै मैन्हापछि जगज्जय मल्ल नाम गऱ्याका सांत सोभावका पर्जाहरूवाट घटीया छन् भंन्या संदेह भयाका राजा नेपाली सम्वत ८५५ फाल्गुण वदि पंचमिका दिन पर्लोक भया ।

अस्य पुत्र जयप्रकास मल्ल भोग वर्ष ३३। नेपाली संम्वत् ८५५ फाल्गुण वदी ६ का दिन राज्याभिषेक पाया । इन राजाले आफु राजा भयापछि मकन नसहन्या जात षसहरू. जैसि भंडेल राजलवट मिलि मेरा भाइ राज्यप्रकास मोहनचोकमा जन्म्याको हो भनी उस्तालाइ राजा गर्न षोजन्या इनिहरू सबै कुल्याहा हुन् भनि कसैको विस्वास नमानि टाढा गरि राष्या । भाइदेषि पनि इ कुल्याहासित मिलि मेरा भाइसित मिल्ला मेरा गादिमा वस्ला सत्रु भयापछि सानु देष्नु छैन भनी वावा जगज्जय मल्ल पर्लोक भयापछि सुद्धै नहुदै. भाइ. राज्यप्रकास मल्लकन त्रास दिंदा वहुतै डराइ भाग्दा वाग्मति वाढि आयाको थियो वहुतै कष्ट पाइ वाग्मति नदी तरी ललीतपट्टनका राजा विष्णु मल्ल आपना भेनाज्यूका चरणमा सरण गया । राजा विष्णु मल्लले पनि वहुतै अनुग्रह गरि मेरा संतान् छैन मेरा सेषपछि तिमिलाइ राजा गराउंला भनि आफुसंगै दर्वारमा राषी षानापिना दि आनन्दसित राषिछोडचा ।

त्याहांपछि यस समय तिनै सहर्का राजा मिलिरहंदा राजा जयप्रकास मल्लले भक्तपूरका राजा रणजीत् मल्ल ललीतपट्टनका राजा विष्णु मल्ललाइ र दुवै सहरका सव काजी प्रधानहरूकन निमंत्रणा गरि भोजन गराइ सकी. वैठकमा तिनै राजा वसि आनन्दसित वातचित गर्न लागि रह्याका थिया । जयप्रकास मल्लले क्या चांजो गऱ्याको थीयो भन्या वैठकभित्र ढुकुटिमा धेरै दौलत सुनाचांदि धेरै किसिमका चिजविजहरू वाहिरवाट वेस गरी देषन्या गरि ढोकामा मसिना कपराको पर्दा लाइ भित्र वत्तिहरू वाली वाहिरवाट सव भित्र देषन्या गरि राष्याको थियो र रणजीत-मल्ल विष्णुमल्ल औ काजी प्रमानहरूका दृष्टि ढुकुटिभित्र पर्दा धेरै दौलत चीज वस्त्र देषदा इ राजा तः हामिहरूभंदा वहुतै धनाढच रह्याछन् भनि ठान्या । यति देषी सक्या उप्रान्त विदा भै मनमनमा हामीभन्दा वहुतै तालिवर रह्याछन् भनी फिक्का गरि आफ्ना आफ्ना सहरमा गया ।

यहापछि ललीतपट्टनका राजा विष्णु मल्ल मनमा विषुस भै रह्या । काजि प्रधानहरूले विंती गऱ्या– हेमहाराज क्या कारण हजुर सुर्ता गर्नुहुन्छ भनी विन्ती गर्दा राजाले भन्या– हे मन्त्रीहरू मलाई अरू थोक सुर्ता केहि होइन जय-प्रकास मल्लले दौलत देषाइ पठाया । अव हामिहरूले उस्का-वदला क्या देषाउं धन देषाउं भन्या उन्का दौलतभंदा हामिहरूको वहुतै कमी छ । अव कसो गर्न्या हो भनि सल्लाह गर्दा काजी प्रधानहरूले विंति गऱ्या– हे महाराज सुर्ता नगर्नु होला । हामिहरूले अव प्रजाहरूकन देषाउंला । राजाको मुष्य धन भन्नु त प्रजाहरू हुन् भनी विंति गर्दा राजा षुसि भै लौ अव हाम्रा राज्यभर्का. प्रजाहरू सवैकन हतियारले सह्रीत गरि सफेत पोसाक गरि हाजिर हुनु आउनु भनी झीकाउ भनि आज्ञा दिदा काजी प्रधानहरूले राजाको हुकुममाफिक दिनको ठेकान गरि तिन सहरमध्ये पाटन्को राज्य ठुलो हुनाले प्रजाहरूकन झिकाइ जंमा गरि राषी कांतिपुर भक्त-पूरका राजा काजी प्रधानहरू सवकन निमंत्रणा गरि भोजन गरि सक्यापछि चौक्वातका पंच झ्यालमा तिनै राजा वस्या ।

ताहापछि प्रजाहरू कन वोलाइ दर्शन दिया । प्रजाहरू सवले हतियार लियाका सफेत पोसाक पैह्रचाका सवले दर्शन गरि दर्वारका साम्ने व्याप्त गरि वस्या । यहांपछि विष्णु मल्ल राजाले राजा रणजित् मल्ल राजा जयप्रकास मल्लसंग क्या गरूं दौलतमा म वहुतै गरिव छु मेरा दौलत भन्नु त इनै प्रजाहरू हुन् भन्या । तहांपछि भक्तपूरका राजाले प्रजाहरू धेरै देषि मन्मा वहुतै संका गऱ्या । इ सवै फौज जम्मा भै रहनु आया हामिले राज्य थामन सकीन्या रहेनछ भनी ठान्या । जयप्रकास मल्लले र मैले वेनाहक् अर्घ्यालो भै आफ्नु अंत दियाछु भनी संका गऱ्या । यहांपछि विदा भै आफ्ना आफ्ना सहरमा गया ।

भक्तपूरका रणजीत मल्लले वहुतै फिक्का गरि भक्तपूरका. काजी प्रधानहरूसंग सल्लाह गऱ्या– अव हामिले कसो गर्न्या हो जयप्रकास मल्लले दौलत .विष्णु मल्लले प्रजा देषाया अव हामिले उस्को वदला क्या देषाउं धन देषाउं कि प्रजा देषाउ भन्या पनि उनीहरूका वरावर हाम्रो छैन भन्दा काजी प्रधानहरूले विति गऱ्या–हेमहाराज केहि सन्देह नमांनु होला,. हामिहरूले पनि धेरै संग्रह गरि राष्याका चिजविज सास्त्र औषदिहरू केहि धनहरू देषाउंला भनि सल्लाह ठहराइ जयप्रकास मल्ल विष्णु मल्ल प्रभृति काजी प्रधानहरूकन निमंत्रणा गरि भोजन गराइ सक्यापछि धेरै तालचाहरू डोरिमा उन्याका ल्याई भँडाऱ्याले वैठकमा राषिदियो। ताहांपछि रणजित मल्लले जयप्रकास मल्ल विष्णु मल्ल कन भन्या– आफ्ना आफ्ना मुष्य चिज भयाको मलाइ देषायौ दौलत दुनिया दुवै मेरो छैन जो भयाको मेरो हेर्छौं भन्या देषाउँछु भनी दुइ राजाकन उठाइ धेरै कोठाहरू षोलि पुराना पुराना धेरै जातका अंनादि विजहरू धेरै जातका औषदि तेल आदी कागतहरू वेद पुराण तंत्रहरू वैद्यशास्त्र आदि धेरै ग्रंथहरू तवर्का चिज वस्त्र धनहरू देषाया। याहां-पछि दुवै राजा विदा भै भक्तपूरका राजा वहुत सकल पदार्थका संग्रही रह्याछन्–वषतअनुसारका कामलाइ नभयाको केही रहेनछ. यस्तो संग्रह हामिहरूलाइ छैन भनि हार मानि आफ्ना आफ्ना सहरमा आया।

यहां उप्रान्त थरि मुषियाहरू एकदुइ काजीहरूले हामि-हरूलाई इनराजाले नजिकै राषेनन् षोज षवर गरेनन्, इनवाट हामिहरूलाइ भलो होला भन्या आसा छैन भनि मिलि जय-प्रकास मल्लका कांछा भाइ नरेन्द्रप्रकास मल्लकन वुझाइ हात लि दर्वारवाट वाहिर ल्याइ देवपट्टनमा राषी टुकुचा पारका पांच ग्राम देवपट्टन सांषु चांगु गोकर्ण नंदिग्राम यति पांच ग्रामका राजा गराया। यहांपछि ती थरि मुषिया काजीहरूले–हेमहाराज हजुरहरू पाच भाइ एकै हो दुइ भाइ पर्लोक भया यक भाइ ललीतपट्टनमा गइ आनन्दसित वसि रह्याकाछन् हजुर पनि राजा हुन जोग्यका हुन् दाज्यू भाइ भन्याका त जोरि न हो भनि सम्झाइ प्रजाहरूका षेत लटि विग्रह गरि रहंदा ४ मैन्हापछि जयप्रकास मल्ल वहुतै रिसाइ दलसहित गरि आफै सुद्धा जाइ भाइसित लडाञ्जि गरी देवपट्टनदेषि लगारि भक्तपूरसम्म भगाइ पठाया। भाइ नरेन्द्र प्रकास दाज्यूदेषि वहुतै डराइ रणजित मल्ल राजाका सरण गया। रणजीत मल्लले अघी वाज्याहरूका पालामा कांतिपूरवाट भागि आउन्या राजकुमार सदाशिव मल्ल राष्याको चोकमा राषी षाना पिना दि राष्या। नरेन्द्रप्रकास मल्ल वहुतै लाचार भै रह्याका थिया। केहि वर्षपछि सुंन्यमा गया।

राजा जयप्रकास मल्लले ति मुषिया काजीहरूदेषी दगा गरि आफुदेषी टाढा गरि राषी छोड्या। ति थरि मुषीया काजीहरू पनी मिलि गुप्तसंग षेल कमाउन लागि रह्याकै थिया। कांतिपूरका राज्य भक्तपूरका. राजाले दषल गर्दा समय वावाका पालादेषिका मुष्य काजी झंगल ठकुललाई षोसी मास्की षलक सुषुलभा मास्किकन भक्तपूरका राजाले लियाको मेरा राज्य दषल गरि देउ भनि २।४ मैन्हा वादा दि मुष्यकाजी गऱ्या। राज्य हात लिनको उद्योग गरी रहंदा समय राज्य चाडै झिकिदिन नसक्दा राज्य अरूले लियाको मात्र हेरि रहन्या आफ्नु राज्य अरूले लियाको आफ्नु गर्न नसकन्या भनि राजा जयप्रकास मल्ल अप्रसन्न भै भंडारषालमा केहि सल्लाह गर्नु छ भनि डाकि लगि मारिदिया। कसैले थाहा नपाउन्या गरि इनारमा षसालि माटोले पुरिदिया।

यहांपछि कांतिपुरका प्रधानहरू काजीहरूकन ज्मा गरि राजा जयप्रकास मल्लले भन्या– मेरा द्रोहिकन नास गरि सक्यां अव तिमिहरूले मेरामाथि भर्सक गरि सेवा गर सेवा गऱ्याअनुसार प्रसाद वक्सौंला भनी आज्ञा गऱ्या। मुष्य काजी नभै राजकाज होइसकदैन लौ काजी हौ भनी एक दुई जना कन भंदा कसैले पनि राजाको उग्र सोभाव देषी काजी हुनको कवुल कसैले गरेनन् पछिवाट उपाध्या भाजु वार्सि भाजुलाइ काजी गऱ्या।

यहांपछि दल सव जम्मा गरि आफुसमेत् जाइ भक्त पुर-माथि रजायी गिरि आफनु राज्य हात लिन गया। हात लाउन नसकी फर्कि आया। पछि वाहुन काजीकन षोसि टौढिकलाइ मुष्य काजी दिया। सम्वत् ८५९ साल कांतिपुरका राजा एकला भै. रहंदा भक्तपूरका राजा रणजीत मल्लले कांतिपुर-का राजाको राज्य भै रह्याका पलांचोक आदि ७।८ ग्रामहरू जितिलिया। यहापछि विष्णु मल्ल राजासंग मिलि भक्तपुरका राजा रणजीत मल्लमाथी चढाइ गरि आफनु राज्यमध्ये केही हात लाइ दापचा फुलवारीका कोट्मा आगो लाइ फर्कि आया। ललीतपट्टनका राजा विष्णुमल्ल पर्लोक भया। भाइ राज्यप्रकास राजा भया। दुइ भाइ दुइसहर्का राजा भै सुषभोग गरिवस्याका थिया। राजा जयप्रकास मल्लले आफना वावा जगज्जय मल्लका पालादेषि गोर्षाका राजा पृथिनारायण साहले पछिम्का राज्य दषल गरि राष्याको थियो। पूर्वपट्टीका राज्य भुमर्कोट वुचाकोट आदि ग्रामहरू

भक्तपुरका राजाले दषल् गरिराष्याको थियो। यस्तै समय यही मुलुक हात लाउनु निमित्त धेरै फेर चढाइ गऱ्या। तैपनि आफनु मुलुक सव आफनु भयाको थियेन र कासिराम थापा प्रभृति थरि. मुषियाहरू काजीहरूलाइ आफनु मुलुक हात लाउन भनी भारा दिराष्याको थियो। इनिहरूले राजा जयप्रकास मल्लसंग ज्यादा प्रीति नहुनाले हामिहरूले कस्तै मेहनत गऱ्या पनि राजाले हामिहरुमाथि दगा छोडन्या छैन, क्या कारण भन्या अघि हामिहरूले नरेन्द्रप्रकास मल्लका इछा भाइकन पांच ग्रामको राजा गराउंदाको रिस छोडयाको छैन भनी अंतःकरणको मतलव थाहा पाइ मुलुक लिनामा वेस गरि चित्त नलाइ केहि उद्योग गऱ्या झयैं मात्र गरि रह्याका थिया।

यहांपछि राजा जयप्रकास मल्लले आफनु मुलुक धेरै वर्षसम्म हात लाइ नदिंदा अघी मेरा वावाका पालामा पनि इनहरूले मलाइ. राजा नगराइ भाइकन राजा गर्न भर्सक गऱ्याथ्या। इनीहरूले. कदाचित् मेरा सव मुलुक हातलाइ दिन्या छैन भनठानि मनमा दगा राषी संवत्. ८६६ श्रावण शुक्ल पूर्णिमाका दिन नंदिग्राममा वास गरि रह्याका कासिराम हरि कार्किका छोरा रंगवाली वस्न्यात् वुढाथोकि विष्ट प्रभृति पर्वतिया उमराउहरू चावहिल गणेस संधि गौरिघाटमा वसि जनै मंत्र गर्न लागिरह्याका वहुतै रिसाइ जवरजस्तीसंग पकऱ्या। प्रजाहरूले सुंन्या गरि भन्या मेरा अघीको राज्य पश्चिम नुवाकोट आदि ग्रामहरू पूर्व भमर्कोट आदि हात लाइदेउ भनी अनेक तरहसंग भन्याथ्याां भन्याभन्या माफिक पुऱ्याइ दियांनन्। तैपनी इनीहरूले लौ भनि दिलासा मात्र दी केही उद्योग नगरि यति दिनसम्म विताया। झनसारो आफना हातका राज्य सांषु चांगु पनी भक्तपुरका राजाले लिन आंटचा। यसो भयापछि मविदा गर्न्या तिमिहरूले भन्या माफिक मैले गरिसक्यां। अव तिमिहरूलाई नमारि छाडन्या छैन भनि वहुत रिसाइ भन्या।

यहांपछि उमराउहरूले आफना आफना सिरको पगरि उतारि जमिनमा राषी वहुतै पार्थना गऱ्या– हे महाराज, हामिहरूले केहि उद्योग नगरिरह्याको होइन. १०।१२ दिन. षावा वक्सनुहोस् सत्रुले लिराष्याका सव निश्चय हात लाइ दिउंला। षावा टऱ्या उप्रान्त पनी मुलुक हात लागेन भन्या हामिहरूलाई जस्तो इच्छा छ उसमाफिक गर्नुहोला भनी कटहर आदि फलफुल धेरै चढाइ अनेक तरहसंग विति गर्दा पनि राजा जयप्रकास मल्ल वहुतै रिसाई फेरी आज्ञा गऱ्या। तिमिहरूले मलाइ ५।६ फेरा भरोसा मात्र दी ढांटचौ। अव म कदाचित् तिमिहरूका वचन प्रतित मान्या छैन। कांतिपूर सहर जाउं हिंड भनी हुकुम् गर्न्याबित्तिकै उमराउहरू उठी वडो वेगसंग भाग्या। ताहांपछि मध्येस्या सिपाहिहरूकन हुकुम दि समात्न लाई ति उमरावहरू आठ जनाकन मार्न लाया। भिष्वाल काजीकन मार्या टौढिक आदी काजीहरू भागी गया। यहि षवर गोर्षाका राजा पृथ्वीनारायण साहले नुवाकोटमा वडा विर उमरावहरू लाइ मार्या भनि सुनी वहुतै हर्ष मानि भन्या। यहां उप्रान्त उमरावहरूका परिवार संतान पर्सुराम थापा प्रभृति उमराव मिलि आफना दाज्यू कासिराम थापा आदी उमराउहरूलाइ मार्याको रीसले सम्मत गरि गोर्षाका राजा पृथ्विनारायण साहकन भक्तपूरमा वोलाइ ल्याइ सांषु चांगु दषल गराया। सांषु चांगुमा कसैलाइ जान आउन नदि राष्या। आफना सैन्य सिपाहि जंमा गरि जयप्रकास मल्ल सुद्धा जाइ लडाई गर्दा ठानामा रह्याका सैन्यकन हटाउन नसकी फर्कि आया।

यहांपछि कांतिपूरका प्रजाहरूले राजासंग विति गऱ्या– हेमहाराज अव कसो गर्न्याहो भनि विति गर्दा राजाले आज्ञा गऱ्या–ठाना वसि रहन्याकन उठाउन सक्न्या सुरा सुरा काजीकन अघी लाइ जानुपऱ्यो भनि आज्ञा गऱ्या। तहांपछि राजाले केहि उत्तर फिरि नदिंदा कांतिपुऱ्या प्रजाहरू ललीतपट्टनका राजा राज्यप्रकास मल्लसित जाइ गुहार माग्या। राज्यप्रकास मल्लले पनि प्रजाहरूको विति सुनी मदत दिया। आफना सवै सैन्यहरूकन जाउ भनी हुकुम दिया। ढाक्चा प्रमान उमरावहरूसमेतलाइ लडाइ गर्न पठाया।

यहांपछि २।४ दिनपछि जयप्रकास मल्लका पुत्र ५ वर्षका वालषकन देवपट्टनमा लगी राषी उमराउहरू मार्याका दिन भागि आउन्या टौढिक प्रमान आदि काजीहरूलाइ डाकि लगी प्रजाहरू र काजी एक भै मिलि,. जयप्रकास मल्लका पुत्रकन राज्याभिषेक दिन लाग्या। यस षवर जयप्रकास मल्लले थाहा पाइ तलेज्यूका देवालयभित्र लुकिरह्या।

यहांपछि जयप्रकास मल्लका पुत्रकन ज्योतिप्रकास मल्ल नाम गरि राजा गऱ्या। ताहांपछि प्रजा प्रमानहरू मिलि सांषु चांगु माथि चढाइ गरि १००।२०० मानिसकन मारि पृथ्वीनारायण साहका सैन्यकन हटाइ पठाया। यस समय आश्विन महिना थियो। जयप्रकास मल्लले दसैंको कर्म स्थापना आदि गरिसक्याको थियो। यो नवमीका दिन उपाध्या वासिभाजु. पूजा गर्न नआउंदा थोरै मानिस जंमा गरि उपाध्या भाजुका घरलाइ घेरि घर लुट्न आउंदा उपाध्या

भाजु भागी ललितपट्टन जांदा नवमीपूजा वेलामा गर्न नपा-उँदा उपाध्या भाजुको भाइलाइ वोलाइ दरवार लगि आधा-रातका समय नवमिपूजा गराया । यति चांडचांडै गराइ जयप्रकास मल्ल भागी जाइ पाटनका काजी कालीदासका घर गया ।

तहांपछी आफ्ना भाइ राज्यप्रकास मल्ल भयाका ठाउंमा गया । तहांपछि पाटनमा भागी आउन्या उपाध्या भाजुलाइ कांतिपूर पठाइ दसमी पूजा गराया । सम्वत् ८६६ कार्तिक वदि १ शुक्रवारका दीन जयप्रकास मल्लकन सतीगल घरमा वास दिया । तहांपछि ललीतपट्टनका काजीहरू तनहुं लमजुंका उमराउहरूले जयप्रकास मल्लकन फेरि तिमिलाइ कांति-पुरका राजा गराउंला भनि वोध दि राष्या ।

यहांपछि जयप्रकास मल्ललाइ दुर्दसाका प्रभावले दुष पाउनु निमित्त चंचल भै थिरवुद्धि नहुंदा १ मैन्हासम्म संतिगल घरमा वास गरिरह्या सक्या प्रान्त भक्तपुरका राजा रणजित् मल्लसित सरण जाउं भनि चित्तमा आयो र क्वाठछेसम्म गया । ताहांपछि पर्मानहरू उमराउहरू जाइ वुझाइ भक्तपुर जान दियेनन् । फेरि १ मैन्हासम्म क्वाठछेमा वास गऱ्या । फेरि ललीतपट्टनका काजी र उमरावहरू जाइ वोध दि थाम्या । ४।८ दिन वहिं वास गऱ्या ।

यहांपछि पुलचोक ग्राममा जाई एक मैन्हासम्म वास गऱ्या । फेरि देवपट्टन जानको इछा भयो र देवपट्टन जाइ १ रात वास गरी भोलिपल्ट रात्रिविषे कांतिपुरका प्रजाहरू देवपट्टन जांदा जयप्रकास मल्ल भागी फेरी पुलचोकमा आई देवतावास गऱ्या । तहांपछि फेरि मातातीर्थमा जाइ वास गऱ्या ।

यहि साल सम्वत ८६७ वैशाष शुक्ल अष्टमीका दिन महापालमा मछिन्द्रनाथका रथ अड्की रहंदा यक मानिसका स्वरूप आइ देवता छोइ दर्शन गरि गयो । उसलाइ कसैले चिन्ह पनी सकेनन् । समात्न पनी सकेनन् । यहांपछि सांति गऱ्या । पशुपतिमा पनी महास्नान राज्यप्रकास मल्लले गराया । ज्येष्ठ शुक्ल दशमी आदित्य वारका दिन ज्यावला-वेलमा जात्रा गरी लैजांदा आग्लो भाचियो र आग्लो फेर्न लाग्दा ढल्यो । तहांपछि देवताकन झिकि पाटीमा राष्या । तहांपछि ५ दिनभित्रमा रथ सिध्याइ आदित्य वारका दिन रथमा देवताकन राष्या । सोमवारका दिन जात्रा गर्दा आग्लो भाच्यो फेरि आग्लो फेरि ज्यात्रा गर्दा आग्लो फेरि भाच्यो, रथ ढल्यो । यस समय आठ दिनका विचमा दुइ फेरा रथ ढल्यो । यस्तो भयाको कसैले सुन्याको पनि थियेन । भोलिपल्ट ठुला ठुला काठ ल्याइ टेवा लाइ रथ षडा गरी सांति पूजा गरि वहुतै मुसकीलसंग जात्रा संपूर्ण गऱ्या ।

यहांपछि आषाढ शुक्क त्रयोदसी वृहस्पति वारका दिनमा मातातीर्थवाट उठि जयप्रकास मल्ल ठिमि जाइ वास गऱ्या । २।४ दिन पछि भक्तपूरमा जाइ २।३ मैन्हा वास गऱ्या । ताहांपछि भक्तपूरका राजाले सांषु चांगु लिनकन उद्योग गऱ्या । जयप्रकास मल्लकन नजरवंधि राष्न आंटया । यस मतलव जयप्रकास मल्लले थाहा पाइ अव त्राहां वसि मेरो भलो हुन्या छैन भनि मनले विचार गरि देवपट्टनमा श्री-गुह्येश्वरिका स्थानमा जाइ १।२ मैन्हा वास गऱ्या । तहांपछि रात्रीविषे पंचलिंग भैरवका दर्शन गर्नको इछया भै जांदा कांतिपुरका प्रजाले देषी वहुतै करुणा गरी अभय वाचा वांधि परमानहरूसंग भनी दर्वारका १ चोकमा वास गराय । । पछिवाट कांतिपुऱ्या काजीहरूले दर्वारमा तिमिले वस्नु हुंदैन वाहीर सहरका १ चोकमा वास गर भनी २।३ फेरा भंदा प्रजाहरूले उसो काहां हुंछ भनी भंनु सकेनन् । तहांपछि यहां वसि मलाइ भलो हुन्या छैन भनी गोदावरी संधिमा वस्नु गया ।

यस्तै समये जयप्रकास मल्लकी रानी दयावतीले कांति-पुऱ्या काजीहरूको वुद्धि सुनी ललितपट्टनका काजीहरू हात ली जयप्रकास मल्लकन गोदावरी संधिवाट भगाया । तहांपछि जयप्रकास मल्ल गोकर्णेश्वरमा जाइ वास गऱ्या । तहां पनि केहि दिन पछि भयमाल्याहरूले हामिहरूकन अव कसो होला भनि वस्न दियेनन् र कहिं वास पायेनन् र वहुतै दुष पाइ श्रीगुह्येश्वरीका चरणमा शरण गरि वस्न गया । तहां-पछि राजाले मनमा विचार गऱ्या । अवत ज्यासुकि भया पनि यहांवाट उठी दोस्रो ठाउं जान्या छैन भनी केवल इश्वरिका चरणको आधार गरि नित्य सेवा जाप स्त्रोत्र पाठ गरिरह्या-का थिया ।

यस्तै समये गोर्षाका राजाले कांतिपुरका काजीहरूकन भन्या-जयप्रकास मल्लकन कांतिपुरमा आई फेरि राजा भया । हामिले लियाका सव राज्य तिमिहरूका हात सपुर्त्त गरौंला भन्या तनहौंका राजाले पनि ललीतपट्टनका काजीहरू संग भन्या-जयप्रकास मल्ललाई कांतिपुरमा वास भै गयो भन्या लामोडाडा तिमिहरूलाई सोपौंला भनी कांतिपुरका काजीहरू ललीतपट्टनका काजीहरूले हाम्रो जगा छाडीदेउ भनी

भंदा गोर्षाका र तनहुं लमजुंका काजीहरूले यस्ता तरहको जवाप दीया । जयप्रकास मल्ल राजा केहि दिनसम्म श्री गुह्येश्वरिका चरणको सरण गरि रहंदा सेवा देषी प्रसन्न भै एक १ कोहि जोगीस्वरुपका हातबाट षड्गदान दिलाया ।

यहांपछि मंत्रीहरूका षडयन्त्रले राज्यतखतवाट पतीत भै धेरै दुष पाया । आपना गद्दीमा पुत्र जोतिप्रकास मल्लकन दयावति रानी र टौढि प्रभृति काजीहरूले जयप्रकास मल्लकन निकाली पुत्रकन राजा गरायाको ४ वर्ष पुगी पाचौं वर्ष लाग्दा इश्वरीबाट षड्गदान पाइ अव त मेरो दुःख हरन सत्रुको मरण आयो भनी मन धिर्ज गरी रह्याका थिया । ई राजा जयप्रकास मल्ल आफ्ना राज तषतवाट पतितै भै वहुतै दुष पाउंदा इनका साथ नछाडी रह्याका वंसिधर मास्की अजीन्सी मास्की घ्योमचा आदि २०।२५ जना मानिस मंत्री साथ थिया। गुह्येश्वरीका स्थानमा वास गऱ्या पछि जागेश्वर वैद्य पनी राजाका चरणमा आइ आफ्ना घरमा भयाको सराजाम ल्याउंदै भोजन गरा उंथ्या । इन राजाका महतारि कुमुदनी रानीवाट पनी छोराले वहुतै दुष पायो भनी गुप्तसंग गहनाहरू वेची रूपैयां वारंवार दिपठाउंदथीन ।

यस्तै समय सम्वत ८७० शुक्ल १० का दिन कान्तिपूरका काजीहरूले अव यो जयप्रकास मल्ललाई देवपट्टनमा राष्दैनौं याहांवाट पनी निकाल्न्या हो भनी सैन्य सिपाहि ली जांदा यही षवर जयप्रकास मल्लले सुनी आफ्संग रह्याका मानिसहरू पठाइ देवपट्टनका मानिसहरू तेहि संधिका मानिसहरू कसाही पोढ्याहरू जंमा गऱ्या । तेसपछि ईश्वरिका भित्र षन्डमा जाइ प्रदक्षिणा गर्दा वेलामा वडो वेगसंग १ माछो उत्री आयो सो माछाकन विचैमा टिपि उसै घरि ग्रास गऱ्या । यति प्रतक्ष पाइ इश्वरिवाट ठुलो अनुग्रह गऱ्या भनी षुसि भै साष्टांग दडवत् प्रणाम गरि जयप्रकास मल्ल वाहिर निस्की सदैं आपना साथ रह्याका पोडासानी नाम घोडामाथि सवार भै जोगि श्वरूपले दियाको षड्ग हातमा ली प्रस्थान गरि आउंदा गौरिघाट संधि कांतिपूरको काजी प्रजाहरूसंग भेटियो ।

उस वषतमा जयप्रकास मल्लले ठुलो सब्द गरि आग्या गऱ्या–हे मेरा प्रजाहरू तिमिहरू निर्दोष हौ तिमिहरू एकातिर सर । मेरा द्रोहिसंग म लड्छु भनि सस्त्र प्रहार गरि पैले ४।५ जनाकन मारी हटाइ ल्याया । कसैलाई गौरिघाट संधि माऱ्या कसैलाई कसाई गाउंसंधि माऱ्या । कसैलाई हांडिगाउंसंधि माऱ्या । उस वषत काजीहरूले सैन्य सिपाहीहरूले देष्दा जयप्रकास मल्लका संग देवीका कृपाले असंख्य लस्कर देष्या र सव सैन्य सिपाहीहरू जता जता पाया उता उता भागी गया ।

तहांपछि जयप्रकास मल्ल सरासर जाई सोकनवु ढोकावाट भित्र पसि कांतिपूर सहरमा भित्र प्रवेस गरि सिंहढोकावाट तलेजु माई देवालय प्रदक्षिणा गरि ढोकामा साष्टांग दंडवत् प्रणाम गरी दक्षिणा चढाइ आफ्ना पुत्र जोतिप्रकास मल्लकन काषमा राषी झ्यालमा वसी प्रजाहरूकन वोलाइ हुकुम गऱ्या–हे पर्जाहरू कांतिपूरका राजा जोतिप्रकास मल्ल हो मदेषी केहि संदेह मान्नु पर्दैन । एक माना खाई वालष पुत्रकन रक्षा गरी राजकाज गरि रहुंला । हाम्रा मुलुक अधिदेषी सत्रुका हातमा पऱ्याका राज्य लिन उद्योग गर्दा तिमिहरूले भरसक गरि मेहनत गरि दिया भनि प्रजाहरूकन मधुरवाणीले वोध दी सव प्रजाकन षुसि गराई हात लिया ।

तहांपछि प्रजाहरूले विति गऱ्या–हे महाराज अधि हामिहरूवाट भयाको सव अपराध क्षमा गरि प्रसन्न हुनुहोला । चरणको सेवा हामिवाट सष्येभर गरौंला । अव उप्रान्त सत्रुका हात पऱ्याको राज्य झिक्दा षेल षराव गर्न्या र नगर्न्यामाथि विवेक गऱ्या जाला सास्ती प्रसादको धनि हजुर हुनुहुंछ भनि पर्जाहरूले विति गऱ्या ।

यसपछि मिल्दा टिं भिष्वाल तुयु ष्वाल आदि दुष्ट काजीहरूकन समाइ मारि जमलोक पठाया । धंजु कोठा मोच्या र हुर नायेकहरू सात जनाकन माऱ्या । मुष्य काजी टौढीकले जयप्रकास मल्ल कांतिपूर प्रवेस गऱ्या भन्या षवर सुंनी वित्तिकै मनोरर्थसि मास्कीका घरका वैंगलमा वन्दुकको कल चढाइ आत्महथ्या गरि मऱ्या । यसै वाटामा मनोरर्थसिलाइ मेरा परम शत्रूकन तैले वैंगलमा लुकाइछस् भनी सर्वस्व हरण गरिलिया । दयावति रानीकन विगार्न्या गरूङसि भंडेलले षवर जाहेर सुनी वितिकै गोर्षाका राजासंग सरण जाइ जीवन वचायो । यहि सत्रू साधना गर्न नपाउंदा राजा वहुत दिक् थिया । इनै रानीसंग विराम भयाका उपाध्या भाजु भक्तपूरमा भागी रहन्यालाइ भंन्या भन्या । यस्ता तरहसंग राजा जयप्रकास मल्लले कुल्याहा सत्रुकन संहार गऱ्या । कोहि काजीहरूले जयप्रकास मल्लदेषी विष षाइ मऱ्या । यहांपछि दयावति नाम रानीलाइ वडो दुष्टीनी ठहराइ आफ्ना स्वामि मलाइ त्याग गरि दुष्ट काजी गरूडसि भडेलसंग रत भै सत्य छाडि पर पुरुषमा गएकी ठहराया । राजाका भाइ राज्यप्रकास मल्लका स्त्रिहरू १६ थिया । स्त्रिहरूका विरोधले नेत्ररोग निरोध भै अनेक तरहसँग

औसधि गर्दा पनी आराम नभै रहंदा जोतिककन देषाउंदा गणेशको दोष भनी ठहराउंदा चोभाल् गणेशकन देवालय वनाइ गजुर चढाइ प्रतिष्ठा गर्दा भक्तपूर कांतिपूरका राजा मंत्रीहरूकन निमंत्रणा गऱ्या र भक्तपूरका राजा रणजीत् मल्ल गणेश दर्शन निमित्त आया। कांतिपूरका राजा जयप्रकास मल्लले भन्या २१ फेरासम्म वोलाउन पठाउंदा पनि अनेक विंति गरि पठाउंदा पनी आयेनन्। झन्सारो पाटनका लगाभित्रको कोटहरूमा आगो लाईदिया। श्रीगणेशदर्शन छाडी यस्ता तरहको बुद्धि गऱ्या।

यही षवर सुनी कालिदास धनवंत मंत्रीले गोर्षाका राजा पृथ्वीनारायण साहकन पत्र लेषि नुवाकोट दषल गरि, लेउ भनी पठाउंदा गोर्षाका राजाले अवसर पाइ दषल गरि लिया। राज्यप्रकास मल्ल राजाले ४ दिन वास गरि विधिपूर्वक प्रतिष्ठाकर्म गरि सहर फर्क्या। त्यहांपछि जयप्रकास मल्लले नगर्कोटि झिकाइ सिपाहि वनाइ नेपालमा राजाका षराव गऱ्या। दर्माहा दिन निमित्त पशुपतिनाथका भंडार षोलि पनि लिया। थछे महालक्ष्मीका अगाडि षम्व ढाली सुनका सिंह रातमा उठाइ कांतिपूर ल्याया। अनेक उपद्रव गऱ्या।

सम्वत् ८७३ चैत्र मैन्हामा राज्यप्रकास मल्लका पुत्र परलोक हुंदा यही साल वैशाष शुक्ल त्रितियाका दिन गोर्षाका राजा पृथ्वीनारायण साह नेपाल षाल्टामा प्रवेश गरि ललीतपट्टनका राज्य फर्पिङ चितलाङ आदि ग्रामहरू दषल गरि लिया। यहांपछि भीष्वाधन काजीले सैन्य सिपाही ज्मा गरि लैजाइ लडायी गरी आफ्ना मुलुक आफ्नु गऱ्या।

सम्वत् ८७४ कांतिपूर्का काजी चिकुटि मास्की नालदुम्मा चढाइ गरि, मुलुक् जिति फर्कि आया। ८७४ आसुन कृष्ण परेवाका दिन गोर्षाका राजा पृथ्वीनारायण शाहले कांतिपूरका राज्य धर्मथली दषल गरि लिया। सम्वत् ८७६ आसुन सुदि ७ का दिन जयप्रकास मल्लले धालाछेका काजी कालीदासलाइ नगर्कोटि सिपाही पठाइ चोकका पाटीमा वसि रह्याका काजीकन सिरमा पर्सु प्रहार गरि मार्या। यहि षवर पृथ्वीनारायण साहले सुनी वडाहिं गऱ्या। तहांपछि गोर्षाका राजा पृथ्वीनारायण साह नेपाल षाल्टाभित्र प्रवेस गरी ललीतपट्टनका राज्यहरूमा धेरै ग्रामहरू दषल गरि लिया। फेरि यही समये फेरि गोर्षाका राजाले थांकोट वलंवु सतुंगल दहचोक दषल गरि राषदा कृतिपूर दषल गर्न निर्मित झेलषेलमा ठाना वस्न आउंदा राज्यप्रकास मल्लका सेना र जयप्रकास मल्ल राजाले धेरै सेना ज्मा गरि लडाञी गर्न जाइ पऱ्या वडो लडाञि भयो। यस लडाञि हुंदा जयवागेश्वरी देवी आफ्ना देवालयवाट झर्झराकार गरि केहि स्वरूप वहिराइ जाइ लडाञी हुदा. वेलामा इ देवीका प्रभावले घनघोर अंधाधुंध महालडाञी भयो। यस लडाञिमा देवपट्टनका सिपाहिले प्रथम प्रहार गऱ्यो। यसै लडाञीमा सुरप्रताप साहका नेत्रमा तिर लागी एकाछिनै गयो। कालु पांडे काजी पनि एसै लडाञिमा मऱ्या। अरू गोर्षाका काजी सैन्यहरू धेरै सेनाहरूकन संहार्न्या। घडि १२ सम्म वडो जुद्ध हुंदा दुइतिरका लस्कर मध्येसदेषी ल्याइ दर्माहि दी राष्याका सिपाहीहरू अरू पर्जा सेना दुवैतर्फ गरि वाह्रसये जना मानिस संहार भया। एस्ता तहरसंग लडाञी हुंदा गोर्षाका राजा पृथ्वीनारायण साहका असल सुरा सुरा काजी उमराव औ सिपाही धेरैकन मारिदिया। पृथ्वीनारायण साहको जीवको संसय गरि दहचोक डांडा चडी भागी जांदा यक. कसाहि र पुतुवारले राजा पृथ्वीनारायण साहकन वोकि रातारात गरि नुवांकोट पुऱ्याया। यहांपछि इ कसाहि पुतुवारकन मेरामाथि इनिहरूले वहुतै गुन् गऱ्या भनी षुसि भै मेहरवानी गरि राष्या। पुतुवारलाइ नजिक गरि राष्या।

यहांउप्रान्त जयप्रकास मल्लले गोर्षालि सबै सुंन्य भयो भनि वडो हर्ष गरि वढाहीं गरि कांतिपूर फर्कि आया। विचार नगरि फर्कनाले जयप्रकास मल्ल राजा चुक्या। इन दिनदेषी गोर्षाका राजा पृथ्वीनारायण साह आफ्ना असल सुरा सुरा काजी उमराव सिपाहीहरू धेरै लडाञिमा कंकेश्वरि र लुटि देवीका समिप केटाकेटि ठुला साना मानिस जंमा भै यकै सहरका मानीस दुई पक्षे भै ढुंगाले हानि जुझ षेल्नु पर्न्या रित अघि कांतिपूर सहर वसाउंदा संपूर्ण गऱ्या। राजा गुणकामदेव राजाको पालादेषी श्रीकुमार देवता राजामाथि प्रसन्न भै स्वप्नमा दर्शन दी वर्षप्रति सिठि षष्टि एकपक्षे अघिदेषी सिठी षष्टीसम्म ढुंगाको जुझ षेलाइराष्या। परचकको भय देसोपद्रव निवारण होला भनि षेलाइ राष्याको लाइ राजा जयप्रकास मल्लले मनाहि गरिदिया। रात्रीमा वडो भयंकर सब्द त्रिवार भयाको राजा पर्जा सवले सुन्या र यस कुरो मनाहि गरि वढिया रहेनछ. भनि फेरि सिठी षेलाया।

यहां उप्रांत सम्वत् ८८० भाद्र वदि चतुर्दसिका दिन ललीतपट्टनका राजा विश्वजित् मल्लकन चाकुवाहालका काजीका छोराले कुल गरि परलोक गराउंदा जयप्रकास

मल्लकन ललीतपट्टन लैजाइ राज्याभिषेक दिया । इ राजाले दुइ सहरको भोग गरि रहंदा अघि कांतिपुरमा बाहिर राष्याकि यौटि स्त्री पाटनका धंचा जोसिसंग गयाकि थिई र जयप्रकास मल्लले सत्रु संहार गर्न निमित्त धंचा जोसिलाइ टकसारको काम दिउँला भनि बोलाउंदा धंचा जोसिले इन राजाले मलाइ मार्नको जुक्ती गऱ्या भनि मनमा ठानी बहुतै डराइ भिष्वाल धन काजीका सरणमा गयो । तहांपछि भिष्वाल धन काजीले जयप्रकास मल्ल टेषुदोभानतिर हुलुनु आउंदा उतैवाट कांतिपूर धपाइ पठाया । भक्तपुरका राजा रणजीत मल्लकन ल्याइ सम्वत् ८८२ ज्येष्ठ मैन्हामा राजा गऱ्या । यहांपछि रणजीत मल्लले राजकाज गऱ्याको निको नमानी भक्तपूर धपाइ पठाया । यहापछि फरि ललीतपट्टनका काजीहरू कांतिपुर जाइ जयप्रकास मल्लकन बहुतै तरहसंग मानि फेरि ललीतपट्टन ल्याइ राजा गऱ्या । ६ मैन्हासंम राज गऱ्या उप्रांत ललीतपट्टनका काजीहरूसंग चित नमिलि मिली रह्या झैं रही मनमा दगा धरी कांतिपूर आया ।

तहांपछि देवानंद उपाध्या भाजुकन ललीतपट्टन पठाइ धालाछेका काजी धनवंत भिष्वाल धन आदि इ प्रधानहरूकन जयप्रकास मल्लका आज्ञाले सात पुर्षाको धर्मा दि सत्यवाचा गरि वंदेज गरि राजाले बोलाया भनि अनेक तरहसंग सत्यवाचा गरी कांतिपूर लग्या । यहांपछि जयप्रकास मल्लले सत्य छोडि छवै काजीहरूकन वंधन गराया । भिष्वाल धन काजीले जयप्रकास मल्लका वंधनमा रहन्याछैन. पृथ्वीनारायण साहकन सलाम गर्न्या छैन भनि प्रतिग्या गऱ्याको थियो र वंधनमा पर्दा कमरवाट सस्त्र झीकि सुटुमा रोपी प्राणत्याग गऱ्या । यस कुरा पाटनका प्रजाहरूले थाहा पाई हुल उठी रात्रीमा. अटक नारायणका स्थानसम्म पुग्दा जयप्रकास मल्लले षवर थाहा पाइ २ जनालाइ मारि ५ जनालाई समाइ हटाइ पठाया । अहांपछि ५ काजीहरूकन स्त्रीको पोसाक पैह्राइ आवरू लि फजित गरि छाडि पठाया ।

यहि समये ललिटपट्टनका प्रजाहरूलाइ गोर्षाका राजा पृथ्वीनारायण साहका हजुरमा जाइ हाम्रा ललीतपट्टनमा राजा सुन्य भयो, हजुरकन राजा मान्न आयौ भनि विति गर्दा राजाले आफ्ना भाइ दलमर्दन साहकन साटो पठाइदिया । केहि दिन राजभोग राज गरि सक्या उप्रान्त पछिमवाट नुन कपास वंद गरि दिंदा दलमर्दन साहकन राजा गऱ्या पृथ्वीनारायण साहसंग जुद्ध गऱ्या तैपनी नुन कपास पठाइ नदिंदा दलमर्दन साहकन तषतवाट गिराई गोर्षातिर धपाइ पठाया ।

यहांपछि पाटन सहरवासि ठाकुर तेजनसिंह मल्लकन राजा थाप्या । यसै समये नेपाल नष्ट निमित्त मोहनचोकमा सीतला प्रवेश भै पुत्र ज्योतिप्रकास मल्ल राजकुमार परलोक भया र आफ्ना कुलका रित परममा राषी मसानमा लगी यथाक्रमले जलाया । आहाँपछि तिह्रौतिया ब्राह्मणहरू हजुरमा नजीक रह्याको काजीहरूले नसहंदा तिह्रौतिया ब्राह्मणहरू भागि नुवाकोटमा जाई पृथ्वीनारायण साहसंग मिलन गया । भक्तपूरका राजा रणजीत् मल्लले अब जयप्रकास मल्ल निःसन्तान भैगयो भनि विस्क्याट जाला हेर्न जान्या कांतिपूर वासिहरूकन इनहरूको ठस्सा ठुलो हो भनि नसही छेकि राष्या । यस कुरा जयप्रकास मल्लले थाहा पाई रिसाइ साह्रै घुकि गरि पठाउंदा रणजित् मल्ल डराइ सबै थुनि राष्याकालाइ छाडी पठाया । यहि रिस जयप्रकास मल्लले मनमा दगा राषी रह्याको थियो र. सतवीज छर्न आउन्या मनमतिपारका पर्जाहरू सबै छेकि देवपट्टनका मोठमा वंधन गरि तिन ३ मैन्हासम्म छेकि धेरै रूपैयाँ आमदानि गरि धपाइ पठाया । फेरि इन राजाले लडाञि गर्न निमित्त मध्येस्या सिपाहीहरू ली फौज वढाइ राष्याको थियो । तिनिहरूलाइ षाना षर्च धेरै तलव दिनु पर्दा ललीतपट्टनका राजा विष्णु मल्लले चांदिको जलहरि वनाइ श्रीपशुपतिनाथकन चढाइ राष्याको थियो । तेहि जलहरि झिकि लैजाइ ति सीपाहिहरूकन तलव दिया । फेरि पुगेन भनि देवपट्टनको मलेभता धंजुले फलाना ठाउं धन गाडि राष्याको छ भनि पशुपतिनाथका दक्षिण दर्वाजा सन्मुषको धर्मशाला उठाई तेस ठाउंको सुनले जलप सान्याका धातुभांडा वर्तन्हरू झिकि ल्याइ सिपाहीहरू लाइ तलव दिया । जयवागेश्वरिका भंडारभित्रको धन पनि ली षर्च गऱ्या । ठाउं ठाउंका देवालयहरूको गजुर पनि झिक्या । यस्ता तरहसंग देवताका स्थान स्थानमाको वेचि षर्च तुल्याया । मेरा फत्ते भैगयो भन्या देवताहरूका द्रव्य दुगुना चढाउंला भनि लियाको हो ।

यहांपछि तिनै धन खर्च गरि धेरै पार्थिवपूजा गराया । वैरिको षातिर नगरि तुलजा देवीका देवालयको जग पुरानो भयो भनि जग वनाइ दिया । प्रतिष्ठा गर्दा धेरै वाजा नाच वनाई दर्वारमा भीमसेन आदि धेरै देवताकन निमन्त्रणा गरि देवताहरूकन निमन्त्रणा गरि देवताहरूकन ल्याइ पूजा मान्य गरि ज्यथाक्रमले वडो जात्रा गराया । फेरि सिंभूका लिंग विग्र्या र नयां लिंग वनाई षडा गरि वौद्धमार्गिले ज्यथाक्रम गराइ लिंगो फेरिदिया ।

एकदिन पंचलिंग भैरवका स्थानमा एक पूज्यका सरीरमा देवता प्राप्त भै पंचलिंग भैरवका शिलामूर्तिमाथी पलैटि मारी सारै काम्न लागिरह्याको थियो। उस वषतमा तहां रहन्या मानिसहरूले तिमि को हौ कहुं भनि सोध्दा जयप्रकासलाइ डाकि ल्या तव कहने कुरो कहुंला भन्दा यहि षवर दरवारमा पुऱ्यायापछि राज्ये नष्ट हुनु पर्न्या थियो र राजालाइ अहंकार हुनगयो। त्येस्ता ज्यापूले मलाइ राजा... भोज षाइ मदले मातियाको ज्यापू रहेछ तेसलाइ नमारि छोडन्या छैन भनि वहुतै रिसाइ दर्वारका नासलचोकमा ल्याया। क्याहो भनि सोद्धा केहि भनाउन नसक्दा केहि सोधनि नगरि काप्न लागिरह्याको ज्यापूलाइ टुपि समाइ सास्ति गर्न लाया। यति गरि हातिका षम्वमा वांधिराष्दा रातका विचमा मरिगयो। भोलिपल्ट तसको सर्वस्वहरण गऱ्या। तहांपछि फेरि अर्को ज्यापूमाथि देवता चढ्यो र षवर सुनी राजा सुद्धा जाई सोध्दा राजातिर मुष नदेषाउन्या गरि जता राजा छन् उता कंडो पारिदिन्या, रिसाइ जसमाथि हामिले प्रवेस गरि रह्याको हो उसलाइ हेला गरि मारिस् तेरा राज्यको आस नगऱ्यास् भन्या र राजाले अनेकतरहसंग वुझाउंदा पनि वुझाउन नसकि फर्कि दर्वार आया।

यसै दिनका रात्रीमा कौमारी देवीवाट सोप्नामा दर्सन दि आज्ञा गरिन्– हे जयप्रकास तंलाइ वरदान दिन निमित्त तेसका सरिरमा प्रवेस भैरह्याकी थियां। तैंले मलाइ अपहेला गरि केहि विवेक नगरि मैले प्रवेस गरिरह्याको मानिसलाइ तैंले मारिदिइस्। अव यो राज्यको माया नगर सत्रुको जय होला भनि रिसाइ येस्ता तरहको सोप्न देषाया।

तहांपछि प्रजप्रकासले मनमा वहुतै संताप मानि विसासय वलि तुल्याई पूजामान्य गऱ्या। फेरि इनलाइ जात्रा वनाइ. देवीकन संतुष्ट गराउंला भनि वास्तुचक्रका प्रमाणले देवीकन घर वनाइदिया। ज्यात्राकार सुंदर रथ वनाइ गण वटुक सहित गराइ कौरारिदेवीको ज्यात्रा इन्द्रजात्रामा त्रिवार रथारोहण गर्न्या रित गरि जात्रा वनाया। जयप्रकास मल्लले सिंधु सिपावाट लस्कर पठाइ भादगाउंसंग लडाञि गर्न नालदुमवाट आइ जित्पूर कोट घेर्दा भादगाउंवाट पनि फौज चलाइ पृथ्वीनारायण साह राजासमेत भै लडाञि हुंदा श्री जयप्रकास मल्लतिरका लस्करले जिति लगारि पठाउंदा राजा पृथ्वीनारायण साह एकला भै भागी आउंदा भादगाउंको यौटा ज्यापूले षेतमा जांदा देषेछ र वोकि ल्याइ दर्वारसम्म पुऱ्याइ गयो। तेस ज्यापूलाइ भादगाउं फत्यापछि षोजी सिरोपाउ वक्सी झारा वेठवेगार उघाउनी पुघाउनी पोता माफ गरि विर्ता वकस दिनुभयो। फेरि भादगाउंवाट गोर्षा फर्कि जानुभयो। तहांवाट पछि नुवाकोटमा वस्नुहुंदा नेपाल का अवाल वोसिवाला झिकाइ दर्वारं वनाइ तांहि राज गर्नुभयाको थियो। नुवाकोट भैरवी आदि देवताका स्थान स्थानमा पूजा पाठ पुरश्चरणादी गरि प्रस्थान गरि ठाना हाली आउंदा धुलीषेल. वनेपा. षड्पु चौकोट पनौतिवाट आइ सांगासमेत सातगाउ ७ जितिलियापछि पश्चिमपट्टी दहचोक भीमढुंगावाट आइ थानकोट पांगा नगाम् जिति किर्तिपूरमाथि चढाइं गऱ्या। किर्तिपूरमा ललीतपट्टनका काजी टौढि सैष्वाल काजीहरू जाइ कोटमा वस्याका थिया। तिनिहरूसंग लडाञि गरि किर्तिपूरलाइ घेरा दि ढोकावाट वाहिर सहरवाट मदत नआउंदा निस्कन नदि राष्दा सम्वत् ८८६ नष्ट चैत्र शुक्ल ६ का रात्री कोटमा रहन्याहरू मध्ये कोइ गोर्षातर्फ मिल्न जाइ गोर्षालिकन किर्तिपूरमा प्रवेस गराया। देस प्रजाहरू सांमने फेला पऱ्याका धेरैलाइ माऱ्या। वाह्र वर्षदेषी उंभोका मानिसहरूलाइ अघी सूरप्रताप साहकन तिरले हानि यकाछि गरिदियाको रिसले नाक काटिदिया। उस हुलमा लुकिरहन्या भागिजान्याहरूका मात्र नाक वांच्या।

यहांपछि सम्वत् ८८७ पौष कृष्ण यकादसी ११ सोम वारका रात्री प्रजाहरू जंमा भै चिराक वालि गोर्षालिहरूकन सहरमा प्रवेस गराया। यहांउप्रांत घेरा दिदा दिंदा पशुपतिनाथका अनुग्रहले र वालपनामा भक्तपूरका कौमारिका हातवाट प्रसाद पायाको प्रभावले भाग्य सहाय भै देवपट्टनमा प्रवेस गर्दा वडो जय शब्द भयो। इनै राजा पृथ्वीनारायण साहवाट श्रीपशुपतिनाथकन पंचामृतविना नित्यपूजा गऱ्याको देषी संकल्प गरि पंचामृतगुठि राषि नित्यार्चन गराया अद्यापि चल्याकै छ। राजा पृथ्वीनारायण साहको पशुपतिमा ठुलो किर्ति यहि हो। पृथ्वीनारायण साहका प्रताप ठुलो हुनाले सम्वत् ८८७ साल आषाढ शुक्ल प्रतिपदाका दिन अहोरात्र भरमा २१ फेरासम्म भूमिकंप भयो। यहांपछि भदौ मैन्हा इन्द्रजात्रा थियो कांतिपूर सहरमा राजा जयप्रकास मल्लले कौमारीदेवीको जात्रा गरि रहंदा गोर्षाका राजा पृथ्वीनारायण साहले सदलवल कांतिपूर जाइ प्रवेस गऱ्या।

तेसपछि जयप्रकास मल्लले २।४ घडीसम्म युद्ध गऱ्या। गोर्षालिकन हटाउन नसक्दा पछिवाट देवालयका जगहरूमा वारूद विछ्याइ कांतिपूर सहर छाडि पाटनका राजा तेजनरसिंह मल्लसंग गया। यहांपछि गोर्षालीहरू वारूदले पोलि मऱ्या। यसमा तुलाराम पांडे वारूदले पोली मऱ्या। विक्रम संवत् १८२५ साके सम्वत् १०९० नेपाली सम्वत् ८८८ साल भाद्र

शुदि १४ पूर्वफाल्गुणी नक्षत्र गंड जोग आदित्य वारका दिन १७ घडि रात जांदा वडा प्रतापि गोर्षाका राजा पृथ्वी नारायण साह कांतिपूरं सहर प्रवेस गऱ्या । अघि कौमारि देवीको पूर्णेमाका दिन यथाक्रमले जात्रा संपूर्ण गराया । जयप्रकास भागी पाटनमा आया । तहांपछि आश्वीन वदि ७ का दिन पाटनका तेजनरसिंह मल्ल र जयप्रकास मल्ल दुवै भागी भक्तपूरमा गया । पाटनका काजी सैष्वाधन भोजनरसिंह सय मचा सिपाहीहरू सव भक्तपूरमा गया ।

यहांपछि सम्वत् ८८८ आश्विण वदी ११ सनीश्चर वारका दीन गोर्षाका राजा पृथ्वीनारायण साहवाट ललीत-पट्टन दषल गऱ्या । तहांपछि मिश्रज्यू वहावल राना धनवंतसिं प्रमाण टौढिक प्रमाण कृतिलक्ष्मीसिं इ छ जनालाइ पाटनको भार दिया । यहांपछि. इ प्रधानहरूकन वोलाइ श्वथघरमा सल्लाह हुंदा मिश्रज्यूले तिमिहरू छ जनालाइ छलकपट मैले गर्न्या छैन भनि मुठिमा राषि पानि लि सत्य वाचा गऱ्या । वहावल रानाले ढालमाथि तरवार राषी तिपिहरूमाथी मैले छलकपट गराया भगवतिको कुदृष्टि लागला भनी सपत् गरि कांतिपूर जाइ राजाका पिछामा ल्यायापछी. एक काजीले हाम्रो जीव रक्षा हुन्या छैन. भनि ठानि आपनु सव धन दान पुंन्य गरि दिया ।

सम्वत् ८८९ पौष मासमा राजा पृथ्वीनारायण साह पाटनमा प्रवेस गर्दा सिदुरजात्रा गरि लग्यापछि ६ प्रधान-हरूकन पाउ रषवारि ल्याइ समाइ कांतिपूर लगी सर्वस्वहरण गरि संतान ह्मास्या । इनहरूमध्य यंगुवाहालको प्रधान सवैका सामने भागि मध्येसतिर गया । कसैले फेला पार्न सकेनन् । अरू पांचै प्रमाणहरूकन कुल्याहा हुन् भनी जमलोक पठाया । पांचै मयेजु सति गया । धनवंतसिं सरण आयाको हुनाले वांच्या । यस्ता तरहसंग राजा पृथ्वीनारायण साहवाट निष्कंटक गरि राज्य गर्दा भया । कांतिपूरका राजा जयप्रका-स मल्ल र पाटनका तेजनरसिं मल्ल दुवै राज्य छाडी भागी भक्तपूर सहरमा आइ दर्वारमा नजाइ तेपाचो ढोकावाट सहरमा पसि दत्तात्रेयका देवालयमा वस्या । मठधारि गोसाञीहरूले वछ्यान विछ्याइ दिया र वसिरह्याका थिया । यो समाचार राजा रणजीत् मल्लका हजुरमा पुग्यो र रणजीत् मल्लले काजी प्रमाणहरूकन वोलाइ मुलचोकमा सम्मत भयो । जयप्रकास मल्ल र तेजनरसि मल्ल भागी आइ दत्तात्रेयका देवालयमा वसि रह्याका छन् भनि षवर आयो. अव कसो गरौं भनी राजा रणजीत् मल्लले आज्ञा हुंदा सवै काजी प्रमाणहरूले हात जोरि विति गऱ्या– सरण लिन्या जोग्य हो भंदा फेरि राजाले भन्या हिजो भन्या तिनले हामि-लाइ हाम्रा प्रजालाइ वहुत दुष दियाको छ । गोर्षावाट भन्या हामीले षेदि ल्यायाका मृग तहां पसिरहेछ । तिनलाइ सोंपि-देउ नत्र दुष पाउला भनि लालमोहर आयो । अव कसो गरौं भनी हुकुम भयो र प्रधानहरूले विति गऱ्या– उसो होइन महाराज हिजोका कुरा हिजै गयो । आज भयले भागी आयाका क्षेत्रीयकन क्षेत्री भै कसो गरि सौंपनु हुंछ । राजा जस्ता सरण आयापछि सरण लिन्यै हो । सौंपन्या होइन भनि सवैले विति गर्दा फेरि राजावाट हुकुम भयो– हामीले गर्नु त तेसै हो । मेरा चित्तले पनि तेसै ठहऱ्याको छ । दुनिआदार प्रजाले मान्या छैनन् । तैपनि टोलटोलमा प्रजाहरूसंग सोधनी गर्न पठाउ भनी मतो ठहराइ छरिदार. अरू प्रमाणहरू पठाइ सोधनी गर्न पठाया । कसो भन्या टोलटोलमा डोवाटामा वसि हे प्रजा भलादमि हो, श्रीमहाराजावाट यौटा कुरा सोधनी गर्न पठाउनुभयाको छ । क्या भन्या जयप्रकास तेजनरसिंह मल्ल राज्य देस छाडी भागी आहा आइ रह्याछन् तिनीहरू-लाई सौंपिदेउ भनि गोर्षाका राजावाट लालमोहर पनि आयो । सौंपिदिन्या हो कि भागीआयाका क्षेत्रीको सरण लि-न्या हो भनी २४ टोलमा सोध्दा. चौविस टोलका प्रजाले एकमुष गरि कर जोरि विति गऱ्या– हिजो उनले दुष दिये त पनि उनको धर्म्म उनैलाइ छ हाम्रो धर्म हामिलाइ छ. राजा जस्ता सरण आयापछि तिनलाइ सौंपन्या जोग्य छैन भनि विति गऱ्या र. सो विस्तार राजा रणजीत् मल्लका हजुरमा आइ प्रधानहरूले उत्तर विति गऱ्या ।

यति कुरा सुनी राजा रणजीत् मल्ल षुसि भै वढिया भन्याछन् भनि उसो भन्या. इपाछेका वंदिषानामा राष्याको चोरहरू सवै हितिलिविमा सार इपाछेमा वुइंगलदेषी झार-वढार गरि लिपि पोति चोकसमेत् धोइ जो चाहिन्या भांडा-वर्तन विछाउना ज्यूनारको सराजाम सवै ताकिता गरि जयप्रकासलाइ. इपाछेमा राष भनि हुकुम भयो र. सवै प्रधानहरूले जोग्य कुरा गर्नुभयो भनी सवै प्रधानहरूले विति गऱ्या र जयप्रकास मल्ललाइ इपाछेमा राष्या । तेजनरसिंह राजालाई यक उपाध्यायका घरमा राष्या । दुइ राजालाइ चाहिन्या सराजाम सव ताकिता गरिदियाका थिया । रहंदा रहंदा निदान भक्तपूर सहरमा घेरा पऱ्यो । इ तिन राजा एकै सहरमा वसि उद्योग नगरि दिन गुजारा गरि रहंदा नेपाली संवत् ८९० कार्तिक शुदि ११ रोज ७ का दिन रात्रीमा घरि ९।१० जादा पूर्वपट्टिका मुलढोकावाट गोर्षाका राजाको लस्कर प्रवेस भयो । तेस ढोकामा पाटनको सैष्वाल काजी र ठाकुरि दुइजना भागी आया । ढोकाछेउ वेलषाटोलमा

१०।१२ घर आगो लगाई दिया। तहां हरहर भनी कल्लोल शब्द गरि आइ. श्रीमहालक्ष्मीदेवीका थान पुगी आड गरि वस्या। फेरि ब्रह्माणीदेवीका ढोकावाट फौज आइ हाडि क्षेत्रमा आड गरि वस्या। उस रात तेसै रह्यो। जसै उज्यालो भयो तसै माथिल्लापट्टीवाट आइ. हाडिक्षेत्रवाट सरासर फौज आई सुकुढोकामा भेला भै दुवै फौज एकट्ठा भै फेरि आधा फौज जगंनाथका देवालयमा पुग्यो। तहां आड गरि वाटो वंद गरि वस्या। आधा फौज दोस्रोतर्फ आड गरि रस्ता वंद गरि वस्या। तेस वेलामा जयप्रकास मल्ल राजाका सिपाही नगर्कोटिहरू १०।१२ जना र अरू २।४ जनाले सुनढोकामा राष्याका तोप घिच्याइ लगी दोवाटामा राषी तोपले हान्दा फौजले छानाछानामा चढी छानैवाट वंदुकले हान्दै आइ दरवारका हिटिचोकको छानामा पुग्या। तहां कम्पनि सवै भेला नहुंजाल चुप लागी वस्या।

यस्ता तरहसंग सहरमा ठुलो दहसत् हुदा राजा रणजीत् मल्लले थोर मानिस पठाई माथि झ्यालमा वसि हेरि आउ भनी पठाया र तिनीहरूले ५१ झ्यालका पुवालवाट हेर्दा ठुला निसानको छानावाट सिपाहीले वंदुकले हान्दा कोठामुच्याको कुममा गोलि लागी मऱ्यो। नगर्कोटि सिपाही. सरदारसिका तैनाथको सिपाही गोली लागी मऱ्या २।४ जना भाग्या। दोस्रा ठाउंवाट हेर्न जान्याहरू पनि गोलि लागी मऱ्या।यस्तो षवर राजा रणजीत् मल्लले सुंदा राजा मुलचोक श्री तलेजुका लिस्नाछेउ वस्याका थिया। ढाल षुंडा वर्छा हातमा थियो। तेश्रा प्रहर नाघ्या उप्रांत हिटिचोकका छानामा कंपनि. पनि भेला भयो। तहां सवैले वंदुकले हांदा राजा रणजीत्का वाहुलिको वर्छामा गोलि लागि भांचियो। दुइ जना मानीस राजाका सामुन्य गोलि लागि मऱ्या। जव संध्याकाल भैगयो. फेरि छानावाट सवैले वंदुकले हांदा मुलचोकमा वस्याका लस्करले तलेजु सरण २ भनी कल्लोल शव्द गरी कराया। तेसै ठाउंमा गोलिले हांदा धेरै घाइते भया। ११ जना मऱ्या।

यहांपछि रणजीत् मल्ल राजा जलधूनीचोकमा जांइ हातपाउ धोइ श्रीतुलजाका लिस्नावाट माथि जाइ वहि वस्या। जव रात विहायो कुषुरा वास्यो तहां भंडारषालमा पानि लिन पठाइ राजा रणतीत् मल्लले स्नान पूजा गऱ्या। उस्ता वषत् राजाका कमसलपट्टीका एक छोरा अजितसिं आइ विति गऱ्या. हेवावाज्यू, यहां वसि बढिया हुन्या छैन। छानावाट वैरि आउंदा पो यस्तो हुन गयो। चौकोटमा पाव लाउनुहवस्। उहां छाना पनी उचो छ. कांहिवाट जोरियाका पनि छैन. भनि विति गऱ्या र. राजा रणजीत् मल्ल चौकोटम पाउ लाग्नुभयो। तहां वुइंगल चोटा कोठा चोकभरि नेवार प्रजा र भोटचाहरू वस्याका थिया। चोकमा वायव्य कोणमा लीस्नावाट राजा रणजीत् मल्ल माथि गया।

तहांपछि तेजनरसिं मल्ल अरू प्रमाणहरू सवै माथि पुग्या। राजा जयप्रकास मल्लले पनी पाउ उठाइ लिस्नामा टेक्न तयार हुंदा छानावाट वंदुकले हांदा दाहिनो पाइतालामा गोलि लागी लिस्नै मनि उत्तानु पऱ्या। हाहाकार गरि सवै कराया र माथि झ्यालवाट अघी गयाकाहरूले हेऱ्या। तेस्तै देष्दा वहि छेंडिभित्र लैजाइ विछ्याउना विछ्याइ सुताइ राष्या। यस दिन त्रयोदसि सोमवार थियो। माथि पुग्याका राजा रणजीत् मल्ल तेजनरसिह मल्ल अरू प्रधानहरूसमेत ५१ जना कोठामा थिया। राजा रणजीत् मल्ल भित्र कुना कोठामा. वाहिर कोठामा तेजनर्सिह मल्ल र काजि प्रमानहरू थिया। प्रहर दिन चढ्यापछि छरिदार हेमनारान आइ विति गऱ्या. हेमहाराज मैले वाहिर मटानमा जाइ हेरि आजा. माथि छाना इसान कोनमा आग्नेय कोनमा निसान गाडि राष्याछन्। कम्पनिले धराधर वंदुकले हांदा वाहिर मटानभरि. चोकभरि मानिस मरिरह्याका छन्। एकका सरीरमा दुइ दुइ तिन् तिन् गोलि लाग्याका छन्। अव यहां कोठामा वसि क्या गरूं टिकन्या छैन भर नपर्नु पऱ्यो। अव पगरि षसालिदिनु पऱ्यो भनि दुइ दुइ तिन वेर भंदा पनि कसैले जवाप दियेन र आफ्नु पगरि झिकि फोइ सानु झ्यालको प्वालवाट पगरि षसाल्दा हाती दश पगरि तल पुग्यापछि गोर्षालीले भयो भयो वंदुकले नहान भनि छानामा सवै ठाउं उर्दि गरिदिया र वंदुक हांन्न थाम्या।

वाहांपछि तसै छरिदारले झ्यालको प्वालवाट हेर्दा परसुराम थापाको सिपाही वाहावल थापा झ्यालमनि आयाको देष्यो र हाग् पाऱ्यो-ए थापा मुषिया यता हेर यता हेर एउटा कुरा सुन भन्दा झ्याल मनि आइ भन्यो. क्याहो क्या भंछौ भनि सोध्दा छरिदारले भन्या, अरू कुराले होइन भाजु ठाकु जोसि परसुराम थापालाइ यहां पठाइदिनु अरू कुरालाइ होइन एउटा वंदोवस्तका कुरालाइ हो भंदा लौ भनि गै सूरप्रताप साह वाटुल्या देवलका पिढिमा वस्याका ठाउंमा जाइ विति गऱ्यापछि. परसुराम थापा र. भाजु ठाकु जोसि झ्याल मनी आया। भन क्या भंछौ किन हामिहरूको नाम लियौ। हामिहरू आउनु पर्दैन तिमिहरू जाहां आउ। राजा रणजीत् मल्ललाइ पनि लि आउ जाहा सूरप्रताप साहसंग भेट गरि वंदोवस्त गरूंला भनि दुवै फर्कि गया।

वहांपछि ढोका उघारिदिया र सुवेदार वलि वानिआ. सुवेदार अतिवल विष्ट. सुवेदार विश्राम. सुवेदार किर्तिसिं. औ जमादार हुदा सिपाहीहरू चोकमा आइ राजा रणजीत् मल्ल,. राजा तेजनरसिंह मल्ल राजा जयप्रकास मल्लकन पनि छेंडीवाट नीकासि. राजा रणजीत् मल्लका कमसल पट्टिका छोरा अजीतसिं अच्युतसिं धाक्रया काजी भागीराम. षरिदार चुकुल जोसि कृस्नदेउ प्रधान मत्पन् गाधूमान्सिं भाजु देवगुंगल गरूडनारायण गंगुल समेत सवै माझमा राषी. सुवेदार ज्मादार सिपाहीहरूले हातमाला गरि चौकबाट लगी मुलचोकमा राषी ताहां तेश्रा प्रहर नाघ्यापछि– राजा पृथ्वीनारायण साह आया। मुलचोक फलेंचामा राजा रणजीत् मल्लसंग भेट गऱ्या । कुरा केही भएन। देषादेष मात्र भयो।

ताहांपछि जयप्रकास मल्लतिर नजर गरि षोइ मसित जोरौंला भन्याको किन भनी आयौ भनि हुकुम हुंदा. राजा जयप्रकास मल्लले हुकुम गऱ्या क्या लाग्छ. तिमिसित जोरौंला भनि मैले पशुपतिनाथको भंडार पनि भनीन देवल देवलका गजुर पनि झिकि षर्च गऱ्यां तैपनि मेरा मानिसले विस्ता षाइदिया र. श्रीइश्वरिको दृष्ठी तम्राामाथी हुंदा तम्रा हात पऱ्यो भनि जवाप दिया । यति कुरा भया उप्रान्त. राजा पृथ्वीनारायण साह भित्रिनुभयो । वहांपछि राजा रणजीत् मल्ल. राजा जयप्रकास मल्ल सवै लक्ष्मीविराज चोकमा जाइ वस्या । ताहांपछि हिटिचोकमा जाइ वस्या । राजा जयप्रकास मल्ल धाइते हुनाले सुसाऱ्याहरू सुसार गर्दथ्या वस्दा रात विहायो। हिटिचोकको धारा नचलि वंद भयाको थियो र. अरू जल मगाइ राजा रणजीत् मल्लले स्नान गर्दा धारा षुल्यो ।

तहांपछि मानिस कति मऱ्याछन् भनि हेर्दा सोध्दा दर्वारका चोकहरूमा छानावाट हान्याका गोली लाइ ठाउं ठाउं धेरै मानिस मरिरह्याका थिया : श्री इन्द्रायणि ढोकासंगका कोटमा आगो लाईदिदा धेरै मानिस पनि मऱ्या । अंत ठाउं ठाउं सहरका विचमा धेरै मानिस मऱ्याका थिया। चतुर्दसिका दिन तेश्रा प्रहरमा राजा रणजीत् मल्ललाइ भारि ज्युनारको सराजाम र जो चाहियाको विछ्याउना पोसाक् भांडावर्तन सुवेदार अतिवल विष्टसंग वोकाइ पुऱ्याउनु पठाया। सुवेदारले विति गऱ्या– हेमहाराज अघि जस्ता तर्हसंग षानुपिनु सौष गर्नु हुन्थ्यो उसैमाफिक कत्ति नघटाइ गर्नुहोला भनि विति गरि राजाका आसपास रह्याका सेवकहरूसंग पनी अघि गर्नु-भया माफिक तरह पूऱ्याउन् हेर है भनी सुवेदार फर्की गया। यस दिन यसै वेतित भयो. भोलि वेर पूर्णिमाका दिन सर्दार केहेसिं वस्न्यात आइ हे माहाराज भनी कर जोरि विति गऱ्या– रानीहरूलाइ यहां पुऱ्याइदिनु भनी हुकुम ल्याउन्या हो कि भनी वीन्ती गर्दा राजा रणजीत् मल्लले चांहिदैन नल्याउ भनी आज्ञा दिया । फेरि सरदारले रानीले टहल गर्न्या कुरो तेस कुरो अरूले क्या गर्ला भनि ढिपि गरि विति गर्दा उसो भन्या कांछि रानी मात्र ल्याउ भनी आज्ञा भयो र हवस् भनी फर्कि राजा पृथ्वीनारायण साहसंग विति गरि कांछि रानी दुइ केटिलाई सिर छोपि राजा रणजीत् मल्ल वस्याका ठाउंमा पुऱ्याइ सर्दार फर्किगया । फेरि पोसाक वछ्यान विछ्यान् चाहिदो सराजाम पुऱ्याउन पठाया । ताहांपछि कांछा छोरा अवधुतसिं भागीरह्याका आइ आफ्नै स्वास्नी दुइ २ कन पनी ल्याइ संग राषिदिया र मुष उज्यालो गरि दुष सुषका वार्ता गरि षुसी रह्याका थिया । सूरप्रताप साह सर्दार अभीमानसीं वस्न्यात् काजि वसंतराज पांडे वांभन् नाती इनीहरू दिनप्रती जाइ हेर्चाह विचार गर्दथ्या ।

यस्ता तरहसंग रहंदा दिन्मा जयप्रकास मल्ल राजा-लाइ साह्रो हुंदा मार्ग वदि ५ का दिन विहानै श्रीपशुपतिमा लैंगया । इ राजा जयप्रकास मल्ललाई राजा पृथ्वीनारायण साहवाट क्या कुरो मागछौ सो दान पुन्य भन्या पनि म गरि-दिउंला भनी हुकुम हुंदा. छाता र जुत्ता मागी नेपाली सम्वत् ८९१ साल मिति मार्ग वदि ७ शुक्रवारका दिन आर्य्याघाटमा प्राणत्याग गरि श्रीपशुपति अघोरनाथमा मिल्न गया । इ राजा वडा सुरा प्रतापि थिया। दैव विपक्ष हुंदा इक्षा पुऱ्याउनु नपाइ गोली (लागी) घावका वेदनाले पर्लोक भया। इश्वरको सुदृष्टि भै पृथ्वीनारायण साहको प्रताप ठुलो हुन जांदा नेपालका तिनै सहरका राजालाइ जीती धन्य कहाइ ललित-पट्टनका राजा तेजनसिंह मल्लकन वंदिषानामा वंद गरि प्राणमुक्त गराया । राजा रणजीत् मल्लकन मानिता गरि राष्याका थिया।

एकदिन सर्दार केहेसिं वस्न्यात् आइ विति गऱ्या– हेमहाराजा हुकुम हुन्छ हजुरमा पावलाग्नु हवस् भंदा राजा रणजीत् मल्लले कांवाट क्या कुरा पऱ्या किन मैले आउनु पऱ्या भनी सोधनी गर्दा सरदारले निकै कुरो हो केहि संदेह मान्नु पर्दैन लौ पाव लाग्नुहवस् भनी राजा पृथ्वीनारायण शाह राज गर्नुभयाका ठाउंमा लग्या । राजा रणजित् मल्ल पुग्ने वित्तीकै राजा पृथ्वीनारायण शाहवाट राज गर्नुहवस् भनी वसाया ।

तहांपछि राजा पृथ्विनारायण साहवाट हुकुम गऱ्या क्या गरूं मैले षेदी ल्यायाका मृग तहां पसीरहेछ तिनहरूलाइ सौंपिदेउ भनी मले मोहर पनि पठायाको हो, सौंपिदियौन र दुष पायौ भनी हुकुम गर्दा राजा रणजीत् मल्लले भन्या हो हाम्रा सात ७ गाउ नाला. धुलषेल. वनेपा,. षडपु. चौकोट. पनौती. सांगा. जफत् गर्दा. ति जयप्रकास मल्ल यहां आयाको थियेन अव उ पनि हात परि मरिगयो. म पनि तहां पऱ्यां ज्या गर्नुछ गरि हाल भनी एति कुरा हुंदा दुवै चुप लाग्या। थोरै वेरपछी राजा पृथ्वीनारायण साहवाट हुकुम गऱ्या. हे वावा अव क्या मन्सुवा छ लौ आज्ञा गर्नुहवस। उहांपछि राजा रणजीत् मल्लले आज्ञा गऱ्या– अव मेरो केहि मन्सुवा छैन यति सुनि राजा पृथ्वीनारायण साहवाट फेरि तेस्तो होइन लौ आज्ञा गर्नुहवस् भनी वार वार हुकुम हुंदा हे पुत्र अव म ७५ वर्षको उमेर भैगयां। अव केही चाहिदैन भनी आज्ञा-भयो र तेसो होइन वावा तिन सहर वाहेक वनेपा पनौति तिर मन्सुवा भया उतैतिर उसतिर होइन साषु चांगुतिर भन्या पनि ठिमि नकदेस वोडेतिर भन्या पनी. अथवा तेसतिर होइन किर्तिपूर. थानकोटतीर वा चापागाउं ठेचोतिर भन्या पनि यौटा गाउंमा राज गर्नु चाहिंछ। आज्ञा गर्नु हवस् तिन सहर वाहेक जहा मन्सुवा छ उस गाउंका आंदानिले नपुग्या म पुऱ्याउंदै गरूंला भनी वारंवार ढीपि गर्नुहुंदा मैले माग्नै-पऱ्यो मागौ भनी. राजा रणजीत् मल्लले आज्ञा गर्दा राजा पृथ्वीनारायण साहवाट माग तीन सहर वाहेक दिआ भनी पोलटामा वाहुलि राषि दिया र राजा रणजीत् मल्लवाट यो नेपाल भरि म माग्दीन भन्या र तेसो पनी लौ दियां दिआ भनी हुकुम भयो। तहांपछि राजा रणजीत् मल्लवाट. वृद्धा-वस्था भयाका मलाई अव केहि भोगको अविलाषा छैन. केवल मलाइ दिछौ भन्या श्रीकासिवास देउ भनी पोलटो थाप्या र दिआ ३ भनी राजा पृथ्वीनारायण साहवाट वाहुलि पोल्टामा राषी दुवै षुसि भया : सर्दारतिर राजा पृथ्वीनारायण साह-वाट नजर गरि हुकुम गऱ्या– लौ केहेसि सराजाम डोल्या भरीया षै षर्च चाहिंदो. सवै यार गर भनी हुकुम भयो।

उहापछि राजा रणजीत् मल्लले हुकुम पोलटामा थामि अव म जान्छु भनी विदा भै हितिचोकमा आया। रानीलाइ सवै विस्तार सुनाया। षुसिसंग रातको भोजन गऱ्या। सुकाला गरि सवैरै जागा भै रानीसंग फेरि आग्या गऱ्या मैले विरायां की कसो हो वहांवाट त यहांसम्म भन्याथ्या विस्तार मैले कह्यां तैंले सुनिस् भंदा रानिले विति गरिन्– वेस भयो। अव हामीलाई क्या चाहिन्छ केहि विरिसियाको छैन कासिवास पाया हुंछ भनी विति गरिन् र दुवै महा आनंद गरि काशीतर्फ लाग्या।

ऐतिहासिक पत्रस्तम्भ

श्री दुर्गासहाय

अर्जी——

१. उप्रान्त शुवा पृथ्वीलाल, झावो, शुवा भैरवलाल झावो शुवा भैआ
२. लाल झा रहनेवाले मुलुक नेपालके नामपर शुवा हीरालाल झा व
३. डाभाई अपने साथ दुसरे मुद्दा लहके वास्ते दषल पावने उपर तर्के
४. शुवा कुलानन्द झा मतोफाके जिला तिरहुतमे मार्फत शिवनन्दन लाल
५. महाजन वो वमोषनारकारी नायव शुवा वदरीनाथ छत्कुलीवो शुवा केश
६. वसिंह नालीश लंमरी दायर कीया श्रववाद उशके मिस्तर कमलवट साहे
७. व भी मोषतार हुए कीवशचवन ही दाषिल होने जामिनी षर्चे मुद्दा लहउअ
८. हमीकदमा अदालतसे षारीज लमर हुआ वाद मरने शुवा हीनालाल झाके
९. फेर मुद्दवि आनने नामपर वारिसान शुवा हीरालाल झा मतोफा सामिल
१०. दुसरा मुद्दा लहके अदालतमो नालीश दुसरामा छेदीलाल महाजनव मो
११. षतारकारी मोषतारान सावीकके दायर हुआवो जामिनी षर्चा मुद्दा लह
१२. म लिषा हुआ छेदीलालका दाषिल हुआ वोउअह जामिनी वाद तहकी
१३. कातके नामा तिवीर हुआ केवशवव नामा तषरी जामिनी अपने छेदी ला
१४. ल मामलेसे हस्तवर्दार हुए. वोमोषतार लोग भी अपने घर जाके वैठे तव मु
१५. द्दइ आन लाचार होके वषवफ षारीज होने मोकदमाके हमारे पास आ
१६. र्जू मिन्नत करके मोषतारनामा जमीए मुरादका हमारे नामसो लिष
१७. दीआ हरचन्द्र हम जमीदार है मोषतारी किशीका नही करते मगर वश
१८. वव आर्जू मुद्दइ आनवो वलेहाज होने वेटा शुवा कुलानन्द झावो होने जा
१९. त ब्राह्मण शाकीन गैर मुलुक मोषनारनामा कवूल की आवो दुसरा जामि
२०. नी षर्चेका अपने दोस्तोसे दाषिल करायाके मोकद्दमा षारिज होनेसे व
२१. चावो अवतक षवरगीरी मोकदमेका हरतरहका षर्च दरवारवो वोकीलवो
२२. मोषतार जिलासे सदर कलकत्ते लकवो मोशाहरामो लाजिमानवो वषर्च वुता
२३. न शुवा पृथ्वीलाल झावो शुवा भैरबलाल झा तावोष्न रहने इश मुलू
२४. कमे जातवास सो दिआवो दुशरे महाजनान सो दिलवायावो अवतक ष
२५. र्च होरहा है के अव मोकदमा तैआर हुआ वहुत जलदी सवूत तलव होगा
२६. इश मामिलेमो वहुत नुपैआ षर्च होचुका है वो षवर गीरीमे मोकदमेके ह
२७. म दरवारमो हैरानहै इशके वदलेमो मुद्दइ आन षवरगीरी शे मोकदमेके
२८. गाफिल होके अपने घर वैठे हैवो भेजनेमे रुपैआ षर्चावो देन महाजनान

२९. वो दरमाहा मोलाजिमानवो दश्ता वेजात शवूत मोकदमाके कुछ पयरवी
३०. नही करने वलके सभ षत काजवाव नही लिषते लाचार होकर हम रफे इ
३१. लजाम अइन्देके वावू धर्म्मदत्त सिंर कारपदजिको अपने महीना फागुन
३२. मे मुद्दइ आनके पाश मुलुक नेपालके भेजाके वावू मजकूर अवतक उहाँ
३३. हाजीर है. उशको अरसा जादे पाच महीनासो हुआ इश अर्शेमो शुवा
३४. महीधर उपाध्यावो वावू मजकूर मुद्दई आन कोवो आस्ते देनेषवो श
३५. वूत मोकदमाके कहावो हरतरहसे समुझाया मगर मुद्दइ आन कुछ भी
३६. मनवज्जह नहीं वो जातसे भी अपने इश मुलूकमे आके पयरवी मोकद
३७. माका नही कर्त्ते है वो वावू मजकूरको नेपालसे रोक सद भी नही कर्त्ते जि
३८. शका हाल मोफशील शुवा महीधर उपाध्याके पुछनेशो हजूर मोनोशन
३९. होगा अव षौफ षारी होने मोकदका वाएशन ही दाषिल होने शवू
४०. तके है वो षारिज होनेसे मोकदमेसे मिलकीयत जामिन दारा नकाव इल्ल
४१. तजल षर्चे मुद्दा लहके निलाम होगा वो हमपर इलजाम पहुचेगा के ग
४२. फलतशे मोषतारके मोकदमा षानिज हुआवो जामिनदारवो हुश
४३. ना महाजन सभवो दर्माहिदारान जिनका पावना मुद्दइ आनसे है हम
४४. को तगु करगे के इश शववसो हम वहूत जेरवारवो हैरान होगे वहुत
४५. अपशोशका वात है की षिजमत गुजारीसे मुद्दइ आनके हमपर इअ
४६. ह हैरानी वो जेरवारीं होता है इनशाफ इश वातका सिवाय हजूरके दु
४७. शरा कीशशो चाहे वो शिवाय हजूरके दुशरा कीशशो अपना हाल अ
४८. र्ज करे अगर मुद्दइ आनको षवरगीरी अपने मामिलेका मेजूर होय तो
४९. कागजात वो गवाहान सवूत मोकदमावो षर्चा दरवारवो देन महाजना
५०. नवो दरमाहेदारान लेके एक भाई इहां आवे अव अगर षवरगीरि मो
५१. कदमेका उनको मजूर नहोय तो वावू धर्म्मदत्तसिंह मजकूर यो उहां
५२. हाजीर है येतना षर्चा हमारावो दुसरे महाजनानवो शहरे दारान आ
५३. जतक हुआ होय वमौजिव हिशावके वावू मजकूरको देवो जामिनदार
५४. को यो देन होगा उश देनका दिल जमई करदेह इआ नगद देहवो मोष
५५. तानानामा हमशेवो आपश ले आइन्दे अषतिआर मुद्दइ आन है के
५६. मोकदमेशे वाज आवै इआ षवरगीनी करे इश मादेमे हजूर मालीक
५७. मुलुक नेपाल है इनशाफ इश वात सभका हाथमे हजूरका है. हम तावेदा
५८. रपर निगाहवो मेहरवानगी फरमा के यैशा इनशाफवो हुकुम होय शो
५९. वजा लावे.

वावू शिवप्रसन्नसिंहका सहस्र कोटि शलाम इति सम्वत् १९१० शाल मिति श्रावण शुदि तृतीया रोज रविवार मो: ह रदी जिले मोजफरपूर"

नं. २२४ श्री

श्री ५ सर्कार	श्री मिनिष्टर साहेव	श्री अडीदमन	श्री मिनिष्टरज्यू
१	३	४	५

श्री रणभ्यू	श्री नाथ	श्री कर्णेल
६	७	२

१. स्वस्ति श्री मन्निजदोर्दण्डकमलकलितकरालकरवाल निराकृतारिकदम्ब, श्रीमद्राज
२. कुमार कुमारात्मज श्री श्री श्री प्राइम् मिनिष्टर यान् कम्यांडर इन चिफ जनरल सा
३. हेब जङ्गवहादूर कुवर राणाजी वर्मसु. इतः कनकसिंह-महतको कोटी कोटी सलाम
४. सतम्-पूर्वकपत्रमिदम्. हजूरका मेहेरले म निको छु. गाथ कुसलानन्द रहि वक्सनु
५. भया मेरो प्रतिपाल होला. आगे. आहाको समाचार भलो छ. उप्रान्त--१--मा र--
६. भर भारादारहरूलाई. अवप्रांत गवरनलमेंट साहवका हुकमवमोजीम-- आजदे
७. षि आहा पठाउन्या षतमा. महसुल लाग्ला. भनि टिकट नमुना हालि. कमेष्टर
८. वटन् साहवले. मलाइ चिठी पठायार. सो चिठिको तरजामा गरि. नमोना आयाका टि
९. कट हालि. येस कुराको जवाफ अंरेजलाई क्या लेष्न्या हो भनि ——२-- साहेवलाइ
१०. २ वेर. साधी पठाआथ्यां, चिठि लेषी अंगेजलाइ पठाउदा. डाकमा न पठाउनु. सिपा
११. हि हस्ते चीठी दी पठाउनु र-- हामिले महसुल दिनु पर्दैन. भंन्या जवाफ लेषी आयो. मह
१२. सुल दिछौं भन्न्या र. दिदैनौ भन्न्या. ई २ कुरामा. येक कुराको छेड भै न आउदा, चिठ्ठि
१३. को जवाफ केहि दियेन भनि अंरेज भंनन्, भंनानिमित्ते. आजसम्म न लाग्याको म
१४. हसुल लाग्छ भनि मलाइ लेष्यौ, येस कुराको जवाफ हाल म दिन सक्तिन —३—
१५. का जुनाफमा साधि पठायाको छ. जो मर्जि भै आउला. उसैमाफिक तिमिलाइ लेषु
१६. ला. भनि कमेष्टर साहेवलाइ लेषी पठायाको छु-- अंरेजवाट लेष्याको चिठी र २ टिक
१७. ट जुनाफमा चह्राइ पठायाको छ. नजर भै. येस्को जवाफ जो चाहिन्या हो-- सीक्ष्या व
१८. क्सी आया-- उसैमाफिक गरूला. औ. अंगरेजलाइ सौगात दिन. जानलाई. र
१९. —४— कम्पनिका नाल निसान् वुझनालाई, तैनाँथको ज्मादार पठा भनि —५—
२०. वाट मलाई लेषी आयो. सौगात दिन. जानलाइ र. —४— कम्पनीका नाल निसान वु
२१. झना लाइ--६--पल्टनको ज्मादार अमान कार्कि येतावाट पठायाको छ, सौगात येसैका
२२. जिम्मा दी, अह्राइ सीकाइ पठाउन्या काम गर भनि —२— साहेववाट लेषी आयाको
२३. हो. पछि येतावाट. निज कार्की ज्मादार आउदैन-- तिम्रा तैनाथ कम्पनीको ज्मादार १
२४. र, पट्टि पठाई-- अल्मोडा सौगात पुऱ्याइ. तेसै ज्मादारले —४— कम्पनिका नाल नि
२५. सान वुझनु भंन्या फेरि —२— साहेववाट लेषी आयो. गरिप्रवर —४— कम्पनि
२६. को नाल निसान वुझि उ छुट्टी भयापछि. भेरिपश्चिमका गौडागल्फाको तकमान
२७. कुर्तुर. जिल्ला गर्षाको तर्तहसिल लगायेत. मुल्की काम स्मेत येही यौटा —
२८. —७— कम्पनिले. सवै ठाउं ढाकनुपऱ्यो भन्या. कस्ता त्रहले काम चलाइ. जुना
२९. फमा मंजुर कसो गरि पर्ला. जो मर्जी. लेष्ताको सर अप्सर माफ गरिवक्सी
३०. गाथको क्षेम कुसल. मलाइ सिक्ष्या वक्सी आया जावस्. इति सम्वत् १९११ साल
३१. मिति मार्ग वदी ३ रोज३ मुकाम सीलगढी शुभम्

श्री प्राइममिनिष्टर
१

श्री गुरुज्यू
२

१. स्वस्ति श्री गंगाजलनिर्मलपवित्रपात्रेषु ब्रह्मकर्मवेदभारोद्धारणसामर्थ. श्री श्री श्री. सुव्वा कासिनाथ उपाध्या
२. येका. पाउतल. इत श्री. सुव्वा कालुसि स्वारको. पाउलागी. सतम्. पूर्वकपत्रमिदम्. इत नीक. ताहा सदा सर्वदा आन
३. द कुसल. रहनुभया. हाम्रो चित्त आनंद. रहला. आगे आहाको समाचार. भलो छ. उप्रान्त दुल्लु दैलेषमा. आइपु
४. गी. मर्जि भयावमोजीमका ४ सौ जवान छाटी. तेसत्रफ रमना गरि १२ सौ-को २ पल्टन लाइ. नपुग्याको ८ सौ ज
५. वान लीन म, डोटी. अछाम. त्रफ हिंडचा. मर्जि भया वमोजीमका २ पल्टन ली. अघिपछि. हिडायाका. प्युठाना
६. मा सामेल गराइ प्युठानावाट वंदुक लीन लगाइ मं चाडै. आउछु टाडाको पल्ला छ ढिलो भयो. भंन्या. प्रन ग
७. यो भन्या. तपाहिवाट. सम्भार राषिवक्सनु होला. भन्या वेहोराको तपाहिलाइ चिठी र. सदरमा अर्जि लेषि
८. दैलेषवाट ताहा-हिडाई .ग्र. येस त्रफ आयाको हुं अछाममा. आइपुगी सुवेदार दाज्यू भवानीसिं स्वार
९. ले ज्मा गरि राष्याका. फौज. मध्ये. २ भाइ वसि. छाटी. लायेक लायेक का. ४ सौ जवानलाइ. नेपाल पुग्दा
१०. सम्मको षर्च र. आपनु हाल हतियार र.. धनु कांड ठोक्रो. भोट त्रफ लाउन्या लुगा. समेत ली. फलाना
११. दीन. तिमिहरूले कर्नालीका. तिरमा सामेल हुंनु-भंन्या उर्दि दी. वाकी ४ सौ जवान लीन. म. डोटी गयां.
१२. डोटीवाट ४ सौ जवान ल्याइ. अव. चाडै ताहा दाषिल. हुन्या काम गर्छु. औ. अघि ताहा. दुल्लु दैलेषका भ
१३. लाआदमीहरूले अर्जि लेषि पठायाको हो. तपाहिलाइ. यादै छ. ताहा. अर्जिमा नाउ हुन्या भलाआदमी
१४. हरूलाइ. नानी. माथवरसिं स्वारले. ३ पुस्ता वोतन. लेषायाका ढडामा ८० वर्ष का. वुढा र ५ वर्षका वाल
१५. ष पनी कोहि लेषियाका. रहेनछन्. कागत्या. थापल्या. हुलाकी र कम्पनीको तिरोभरो. गर्न्या. मानीस.
१६, लाइ घरमा. थामी. २।३ जना हुन्या. घरको. १ जना. मानीस. तिमिहरूले दी. लेष्याको रहेछ. त्यो नभ
१७. याको कुराको अर्जि कुन वेहोराले लेषि गयाको हो. भनी. सोद्धा. हामिले. लेष्याको होइन भनी .ढेरै.
१८. मानीसले भन्छन्. २।३ जना. छुल्याहा. हरूले भन्या लेषदा. लेष्याको हो. त्यो वेहोरा लेष्याको होइन.
१९. त्यो अर्जि हामीले देषन पाया, हाम्रा रोहवरमा भयाको. मसौदा. येति हो भनी. हामी भंदा हुं भंछन्. अरू भलाआ
२०. दमिले भन्या. सुव्वा रूद्रदत्त पण्डित, डोटी जान. भनी. तेहि. ३ पुस्ता. वोतन लेष. भनी. दैलेषमा. मानीस ज्मा
२१. भयाका वषत्मा. आइपुग्या र. पौवामा. तिम्रा भतिजा ज्मादार. माथवरसिं स्वार. वस्याका थीया. तिमी पौवा
२२. छोडी देउ. हामि वस्दछौं, भनी सुव्वाले सिपाहि पठाउँदा. षलंगामा. घर ढेरै षाली छन्. आंहि पौवै
२३. मा वस्छौं. भन्या पनी. आधी. म छोडी दीन्छु. आइ वस्नुहवस्. सींग्यै छोडी देउ भंन्याका. अर्थलाइ र
२४. मं पनी कामैले आइ वस्याको छु. विकामले वस्याको छैन भनी. माथवरसिं स्वार. ले. भंदा .सुव्वा रिसाइ. अंतै
२५. डेरा गरि वस्या. सवै भलाआदमीहरूले. भेट्न जादा. येस स्वांरले. तिमिहरूलाइ साह्रै. दुष दिन लाग्याको रहे
२६. छ, अघि. फौज ज्मा गर्नु. भंन्या. रणभिम साहिका नाउमा. दस्कत भयाका हुन्. येस्का. काका. कालुसि
२७. स्वारले. मं. यति मानिस ज्मा गरूंला भनी. इजाराका जस्तो कवोल गर्दा तव इनीहरूका. नाउंमा दस्कत
२८. भयाका हुन्. दुनीत्राँलाइ राजी षुसी. गराइ जागीर षांछु भंन्यालाइ. लेषाउनु भंन्या भयाको पो. हो र. सवै
२९. लाइ. लेषाउनु भंन्या होइन येक डोटचालले कराउदा त. काजी कनर्कासिं महत. जस्ता. षोसीयार. हामी आ
३०. ज्यूं. सवै भलाआदमीको नाउं हाली अर्जि लेषि. चह्राइ. पठाउ र. येस्को काम पुग्छ. तिमिहरू. सुक
३१. पाउछौं, भंन्या. मद्दत दी अर्जि लेषाइ. आफुले हेरि. दैलेकमा नहुन्या. भलाआदमी को पनी. अर्जिमा
३२. नाउं हलाइ, तिम्रा भतिजा. माथवरसिं स्वारले. पौवा छोडी नदीयाका. रिसले सुव्वा रूद्रदत्त पंडितवाट
३३. लेषाइ पठायाको हो. भंन्या, सवैलाइवुझि हेर्दा पनी. वेहोरा. येहि. रहेछ. इनीहरूले. भरिसक्य. गरि. अ
३४. जीं लेषि पठायाथ्या. त पनी ——१—— साहेवका मेहरमानगीले र. तपाइका वोलविंतिले. इनीहरूले
३५. फरेव गर्याको लाग्न सकेन १२ सौ मानीस ले नेपाल जानु पर्‍यो. हजार मानीसले ताकलाषार. भ
३६. तिमा जानुपर्‍यो वाकी काले डक्को झारा भै. ताकलाषारको षर्षजना हाम्रा सेवानाभीत्र ल्याउनुपर्‍यो.
३७. कोही मानीसले नेपाल र. ताकलाषार जानुपर्‍यो भनी. ३ पुस्ता. वोतन लेष्याका हरू वारपार गै
३८. आलटाल गर्नन्. घाटमा हेरि वुझि तारि दिनु भनी दाज्यू भवानीसिं स्वारवाट भंनु भयाको रहेछ. तेहि

३९. कुरो छुल्याहा डोटचालहरूले. सुव्वासंग. भन्याछन् र घाटवाट थुन्या. तं. म गौडाको मुक्तेयार.
४०. हुं र तिमि घाट वाट थुन्या को हौ. घाट वाट थुन्नु भंन्या. तिमिसंग सै. प्रमाना क्या छ. देषाउ हो
४१. इन भन्या मंडिमा किनारा षरिद गरि लैजान आउन्या मानीस थुनीया भन्या २२ हजार. तिमिले वु
४२. झाउनु प्रला भनि डोटीमा फौज ज्मा गर्न जान्या. भाइलाइ डाकी फरेवी डोटचालहरूका कुरा सुनी
४३. धम्काया छन् र सो वेहोरा भाइले जाहा लेषि पठायेछ र. दाज्यूवाट वेपारिहरूलाइ घाटवाटमा
४४. थुन्नु भंन्या उर्दि. पनी हामिले गर्याको छैन. त्यो कुरा थुन्याः तालुक पनी हाम्रो छैन. जङ्गि कामको
४५. मर्जि भै आया वसोजीम को काम मात्र हामिले गर्याको छ. नभयाको फरव गर्न्या को हो. भं
४६. दा डोटचालहरूले भन्या र हामिले भन्याको हो भन्याछन्. हामिलाई जङ्गि काममा. फौजको तयारि
४७. गर्नु भंन्या हुंदा. जङ्गि काम पनी चल्न्या दुनीञाले षेति पाति वंज वेपार गरि कंपू पल्टंको तिरो
४८. भरो पनी हुंन्या. विवस्ता वाधि काम चलायाको छ, षेतिपाति वंजवेपार वंद भयो भन्या त डोटी अछा
४९. मवाट ४० हजार रूपैयाँ. हाम्रै. हातवाट असुल. तहसिल गरि. पालपा. तहविलमा. वुझाउनु प्रछ.
५०. भन्या पछि यो कुरो हामि कसोगरि. गर्दा हुं. हामि. तपाहिका र —२— का भरका मानीस हौ सुव्वा रू
५१. द्रदत्त पण्डितले भन्या येस पाली. आहा. आयादेषि. हामिसंग नभयाका कुरामा अज्याउली ग
५२. र्न लागि रह्याछन्. इनी पनी वडाआदमी हुन्. नचाहिन्या कुरा पछि लागी ताहा लेषि पठावैनन्. कदा
५३. चीत् डोटचालका .फरेव पछि लागी केहि कुरा ताहां सदरमा लेषि पठाया भन्या पनी. तपाहीवाट
५४. हामिलाइ.आफ्ना सिच्याका वीरूवा जानी सवै कुरामा सम्भार राषि वक्सनु हुन्यैछ. मं पनी डो
५५. टी गयाँ सुव्वासंग भन्सुन गर्न्या कुरो मं पनी गरूला. अव केहि दिनमा त २ पल्टं ली हामी ताहां दाषिल
५६. हौंला. भेट भयामा सव वीस्तार. विति गरौला. इति सम्वत् १९१२ साल मिति. पौष वदी २ रोज ३ शुभम् ————

श्री मद्राजकुमार कुमारात्मज श्री प्राईम्मिनिष्टर यान
कम्यांडर ईन चिफ जनरल जङ्गवाहादूर कुवर राणाजी

१

श्री मद्राजकुमार कुमारात्मज श्री प्राईम्मिनिष्टर यान
कम्यांडर ईन चिफ जनरल वम्वहादूर कुवर राणाजी

२

१. स्वस्ति श्री मन्निजदोर्दण्डकमलकलितकरालकरवालनिरा
२. कृतादिकदम्ब श्री मद्राजकुमार कुमारात्मज श्री श्री श्री प्रा
३. ईम्मिनिष्टर यान कम्यांडर ईन चिफ जनरल साहेव वम्बा
४. हादूर कुवर राणाजी वर्म कमलयुगलेषु ईत श्री मेजर कप
५. तान वुद्धिमानसिंह वस्न्यातको साष्टांङ्ग सलाम् सतम् पु
६. र्वकपत्रमिदम्. ईत निक तांहां हज्यूरका गात सदा छेम कु
७. सल थिर रह्या हाम्रो उद्धारण होला आगे यांहांको समाचा
८. र भलो छ. उप्रांत १९१३ साल मिति श्रावण वदि ३० रोज ५ देषि
९. —१— ले. गर्याको जङ्गी मुलुकि निजामति कामकाज गैह्रको
१०. मुषत्यारि —२— लाई वक्स्यौं अव. उप्रांत जो चाहिन्या का
११. म कुराको चिठिपत्र सोधसाध गर्नपर्दा ईनै मुषत्यारिसंग
१२. सांधि ईनले लाया षटाया बमोजिम गर्नु भंन्या. हुकुम वक्स्यौ
१३. भन्या वेहोराको लालमोहोर भाद्र वदि २ रोज २ का. दिन आ
१४. ईपुग्यो हरप. पढि यो विस्तार वुझि सिर. चह्राञ्यौ—हज्यूर
१५. लाई मुषत्यारि वक्सीस भयाको मोहोर देषिदा दिल वहुत
१६. अहलाद रह्यो सलामि मोहरूंपया २ चह्राई पठायाको

१७. छ दाषेल होला हाम्रो पालना गरिवक्सनु भयाको छ हामि ह
१८. ज्यूरका ताविदारि छौ हाम्रा वुद्धि वर्गतले षाम्याका टहलमा भ
१९. रमकदूर गर्न्याईछुं जान अजानमा छिमा वस्क्सी सिक्ष्यापत्र
२०. आया सो वमोजिम गरि रहुंला विज्ञषु किमधिकम्– इति सम्व
२१. त १९१३ साल मिति भाद्र वदि ५ रोज ५ मोकाम दैलेष अ
२२. डा शुभम् ————————

११ साल फागुन शुदि २ रोज ६ दाषील भयाको श्री प्राइम् मिनिष्टरका हजुरमा श्री मेजर जनरल कृस्नधोज कुवर राणाजीले जुमलावाट लेषी चह्राइपठायाको

१. माघ शुदि २ रोज ७ मा लेषी पठाइ वक्सनुभयाको. सिक्ष्यापत्र र माघ वदि ११ रोज १ मा. मेरा ना
२. उमा भयाको दस्कत्, फागुन वदि १ रोज ७ मा आइपुग्यो विस्तार हरप पह्रि सिर
३. चह्राआं आगे आँहाको समाचार. हजूरका आसिर्वादले भलो छ उप्रांत तांहां षटिया
४. का पल्टन कम्पनिका पगरि हुद्दा सिपाहि लाजीमा गैह्रको वेराम गयेर षाली हा
५. जीर कति छ षसोषास हाजिर लि फर्द लेषी पठाइदेउ भन्या कुरो र. जुमला. हाम्रा सेवा
६. नादेषी. उत्तरपट्टि भोटका मुलुकमा. हाम्रो मानिस चेवा पठाई. चौरि लुलु गदा
७. हा भेडा. षच्चर बाषा जो रसद वोकन्या जनावर छन्. तलास गरि येति येति
८. येस ठाउमा रहेछं भन्या तहकीत गरि लेषी पठाउन्या. काम गर भनी लेषी वक्सनु भयाको र
९. हेछ. वहुत वढिया भयो यहां सामेल भयाका पल्टन कम्पनीको हाजीर लेषन ल
१०. गाई. राष्याको छ. तयार हुन्या मात्र चह्राई पठाउन्या काम गरौला सेवानादेषी उ-
११. त्तरपट्टिका भोटका मुलुकका चौरि गदाहा लुलु भेडा वाषाका व्येहोरालाई र हिउँ
१२. ले रस्ता वन्द गर्याको वेला हुनाले झोवा चौरि लगी. हिउ फोरि १।२ जान हु
१३. न्या वाटो वनाई झोवा चौरि घोडा भेडा षसी गदाहाको तहकात वुझी आउनु भनी मा
१४. नीस षटाई पठाउन्या काम गर्युं साल वसाल भोट तर्फ वेपार गर्न जान्या
१५. हाम्रा मुलुकका सेवानाका नजीकका मानिसहरूसंग सोदषोज गर्दा उनिहरूले ले
१६. षिदिया वमोजीमको फर्द चह्राई पठायाको छ. जाहेर होला. पछि तहकात गरि
१७. कागज चह्राई. पठाउन्या काम गरौला कप्तान वुद्धिमानसिं वस्न्यात फागुन व
१८. दी ३ रोज १ का दिन आहा आइपुग्या ११ साल मिति फागुन वदि ८ रोज ६
१९. मुकाम. जुमला गल्फा दरा तुमच फेदि शुभम् ——

श्री ५ सर्कार १ श्री ५ साहिला वडामहारानी २ श्री पुतलीरानी, भाउज्यू ३

विंतिपत्र.————————————————————

१. उप्रात दर्वारमा —१— हरू सवैका. गाथमा. आराम छ. —२—
२. का. गाथमा. जरो विशेष हुंदै आयाको छ. थापाथली —३— लाई
३. थोरो जरो छ, अरू र हामि भाईहरूका. घरमा सवैलाई. आराम
४. छ. हिजो वसंतपंचमीका दिन. आधादिन उप्रांतदेषि रातिसम्म.
५. अलि अलि पानि पऱ्यो. स्युपुरी चंदागिरिमा. थोरो हिउ पनी पऱ्यो
६. सहरमा पनी थोरो. असिना हिउ समेत पऱ्यो. वनेपामा, मोहरको

७. टक मान्यों मानिसहरू, डिठा षडानन्द पाध्या. माघ्या संक्रांतिमा पू
८. जा गर्न घर गयामा. तेहि वाटो आई. वनेपामा. १।२ दिन मुकाम ग
९. रि, त्यो कुराको निस्तुक गरि आउनु भनि पठायामा २ कामि प
१०. क्री. आहा षवर पठाउदा .कपतान् सन्मान्सीं षत्रीलाई. समेत
११. पठाई. वाहाँ केरकार गर्दा. येस मुद्दामा. कामि र नेवार गैह्र ज
१२. ना १७ पक्री नेल हाली ल्याई, पुऱ्याया. इ कामिहरूसंग सो
१३. यो काम गऱ्याको १५।१६ वर्ष भयो भंन्या. विति गऱ्या. अ
१४. व केरकार गर्दा. जो ठहर्ला, विस्तार विति चह्राइ पठाउला. कि
१५. मधिकं विज्ञ चरणेषु इति संवत् १९१४ साल मिति माघ शु
१६. दि ६ रोज ५ मुकाम कांतिपुर शुभम् ——

श्री ५ पृथ्वीनारायण शाहको नालदुमविजय

मोहनप्रसाद खनाल

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म हुनुभन्दा करीब २०२ वर्ष पूर्व कान्तिपुरका पहिला राजा रत्न मल्लको देहान्त हुँदा उनका छोरा सूर्य मल्लले मुकुट पहिरिएका थिए। त्यति वेला उपत्यकाको मुख्य व्यापार प्रायः तिब्बतसंग मात्र भएको र व्यापारिक मार्ग पनि दुइटै मात्र भएकोले ती दुई बाटामध्ये केरुंगसंग सम्बन्ध भएको व्यापारिक बाटो कान्तिपुरकै अधीनमा रहेको भए पनि खास गरी वाणिज्यको प्रमुख केन्द्र भएर कुती नै रहेको थियो। कान्तिपुरबाट कुती जानुपर्दा साँखुबाट नालदुम नामक डाँडो काटी सिन्धुपाल्चोकको बाटो भएर भोटेकोशीको तीरैतीर अनेक खोलानाला पार गर्दै जानुपर्दथ्यो र ती भूभागहरू भक्तपुर राज्यकै अंग बनेर रहेका र ती प्रदेशहरू आफ्नो अधिकारमा पार्न सके त्यताबाट हुने व्यापारले देशको अर्थ-नीतिमा खँदिलो पना आउने हुँदा सूर्य मल्लले साँखुमा आक्रमण गरी बलजफत दख्खल जमाएपछि कुती जाने बाटो भएर रहेको सिन्धुपाल्चोक जिल्लामा पनि कान्तिपुरकै आधिपत्य जम्यो।

पछि सूर्य मल्लका अर्का पनाति शिवसिंहले ललितपुरका महापात्रहरूलाई परास्त गरी वि. सं. १६६५ ताका कान्ति-पुरबाट झण्डै २२ कोश पूर्वउत्तरमा पर्ने दोलखा नामक स्वतन्त्र राज्यमा अधिकार जमाउँदा सोही किचाघानमा पारी भक्तपुर राज्यका पूर्वी भागहरूमा पर्ने भवर्कोट, पलाञ्चोक आदि र तिमालदेखि लिएर पूर्वमा दूधकोशीसम्मका अनेक भूभागहरू कान्तिपुर राज्यमा मिल्दा भने रत्न मल्लले आर्ज्ये-को राज्य झण्डै तीन दोब्बर हुन पुग्यो।

वि. सं. १७०० भन्दा केहीपछि कान्तिपुरका राजा प्रताप मल्लका प्रसिद्ध काजी भीम मल्लले नेपाल र तिब्बतका बीच रहिआएको व्यापारलाई अझ सुदृढ बनाउन कुती गई त्यहाँका अधिकारीहरूसंग नेपालका व्यापारी वर्गहरूलाई अनेक प्रकारको सुविधा हुने र अब हुने व्यापारदेखि आफ्नो देशलाई फाइदा हुने खालको वाणिज्यसम्बन्धी सन्धि गरेपछि भने उक्त व्यापारी बाटोको महत्व बढ्नुको साथै कान्तिपुर राज्यको अर्थतन्त्रमा पनि निकै सुधार आयो।

लगभग यसै ताकातिर नेपालको पश्चिमी भागमा रहेको डोटी नामक जिल्लाबाट बसाइं आई देउपुर र त्यसका आस-पासका गाउँहरूमा घरजम गरी बसोबासो गरेका अनेक पर्वते परिवारहरूमा केही डोटेल ब्राह्मणका परिवार पनि थिए। तिनै ब्राह्मण परिवारमध्येका एकजना देवहरि नामक सदस्यले करीब वि. सं. १७९० देखि कान्तिपुरका अर्का राजा जगज्जय मल्ललाई रिझाई उनींबाट र उनकी रानी कुमुदिनी-बाट पनि केही बिर्ता पाई हुनेखानेमध्येमा दरिएका थिए। त्यसपछि पनि कान्तिपुरका अन्तिम राजा जयप्रकाश मल्लबाट वि. सं. १७१८ मा प्रशस्त बिर्ताहरू पाई केही जग्गा राजासंगै र अरूहरूसंग* पनि किनेकाले यिनी त्यताउताका बिर्तावार र धनीमानीमा पनि गनिन लागिसकेका थिए।

यता महत्वको आकांक्षा गर्ने श्री ५ पृथ्वीनारायण शाहका फौजले वि. सं. १८०१ मा कान्तिपुर राज्यको बलियो किल्ला भएर रहेको नुवाकोट नामक इलाकामा अधिकार गरी त्यहाँबाट पूर्वतिरका अरू ठाउँहरूमा कब्जा जमाउँदै आएका र दहचोक नामक एक अर्को महत्वपूर्ण किल्लालाई पनि आफ्नो अधिकारमा राखेका तथा कान्तिपुरबाट ६ कोश जति उत्तरपूर्वमा पर्ने साँगाचोकसम्मका भूभाग पनि गोर-खालीहरूकै दख्खलमा रहेको र सिन्धुपूर्वतिर पनि उनीहरूकै रगजग हुन लागेकाले अब छिट अर्को नालदुम नामक किल्ला पनि नबच्ने तथा यति वेला आफूहरू गोरखालीको पक्षमा नलागे आफ्ना भएका बिर्ताहरू रहन मुश्किल देखेकाले देउपुरका बिर्तावार र धनी पनि कहलिएका धनपति र देवहरि नामक डोटेलहरूले वि. सं. १८१० सालको माघ महीनाको शुरूमा सिन्धुपूर्व दखल जमाउन बसेका श्री ५ पृथ्वी-नारायण शाहका भारादारहरूलाई भेटी "श्री महाराजाबाट छिटै नालदुम विजय गरिदिएमा हामी हजुरकै प्रजा भएर बस्न पाउने थियौं तथा ती इलाकाहरूका बासिन्दाहरूको

ज्यूधनको पनि राम्रो सुरक्षा हुने थियो। बरु नालदुम विजय गर्ने कामको निमित्त श्री महाराजाबाट मर्जी भएमा हामी सो किल्ला चाँडै महाराजाको हुने कामको चाँजोसमेत मिलाई सकेको धनजनको सहयोग पनि गर्नेथियौं" भन्ने अर्जीपत्र दिंदा उक्त अर्जीपत्रको साथै यिनीहरूलाई हातमा लिई काज गरेमा सो इलाकामा हामीलाई विजय गर्न सजिलो हुनेछ भन्नेसमेतको सिफारिशपत्र लेखी एक जना भारादारलाई रातारात गरी नुवाकोट पठाए।

दहचोकको विजयले गर्दा गोरखालीहरूको उत्साह निकै दरिलो भए तापनि नालदुममा आफ्नो अधिकार नभएसम्म उपत्यकामा (खास गरी कान्तिपुरमा) नाकाबन्दी नहुने र भोटबाट आउने नून आदि वस्तुको व्यापारले कान्तिपुर राज्यको धन पनि नसुक्ने र धन नसुकेमा आफ्नो लक्ष्य अधूरोनै रहने देखेकाले श्री ५ पृथ्वीनारायण शाहले नालदुम विजय गर्ने योजना आफ्ना कालु पाँडे आदि भारादारहरूछेउ बनाउन लागेका समयमा सिन्धुबाट आएको एक भारादारले सोही विषयको विन्तिपत्र टक्र्याउँदा ढुङ्गो खोज्दा देवता मिले झैं श्री ५ पृथ्वीनारायण शाहले सोही दिन बेलुकीपख (वि. सं. १८१० साल फाल्गुन वदि ५ रोज ३ का दिन) "तिमीहरूले जति कुरा विन्ति गर्नु थियो हाम्रा काजीहरूसंग बिन्ति गरी पठाएछौ सो कुरा हाम्रा हजुरमा काजीहरूले बिन्ति गरी पठाएछन् सुन्यौ भलो भनेछौ। तिम्रो घर बिर्ताको माफ गरी बक्स्यौं। तिमीहरूले भनेको काम कुरा पूरा गरीकन आऊ। सो काम पुगेकै दिनमा तिमीहरूलाई ठूलो मान पद दिई सुन चुरा र सिंसरपाउले विभूषित गरूंला" भन्ने बेहोराको लालमोहर लेखाई नुवाकोट माडीबाट तुरुन्तै नै सोही मानिसको हात पठाए ❁। **(फलक नं. १ क)**

माथि उल्लिखित कुराहरू लेखिएको श्री ५ पृथ्वीनारायण शाहको लालमोहर छाप लागेको पत्र वि. सं. १८१० साल फाल्गुणको अन्त्यतिर पाउँदा आफ्नो र धनको मात्र सुरक्षा नभै इज्जतको साथै ठूलो मान पनि पाइने आशा भएको हुँदा गोरखालीहरूको जितबाजीलाई आफ्नै जितबाजी ठानी मिलाउनुपर्ने परिबन्द मिलाई वि. सं. १८११ साल आषाढ महीना निक्लँदो श्री ५ पृथ्वीनारायण शाहका मानिससंग लागी देवपुरका देवहरि डोटेल नुवाकोट गए। यति वेलासम्म गोरखालीहरूले सिन्धुपूर्वका केही भूभागहरूमा दख्खल जमाइसकेका भए पनि नालदुम आफ्नो अधिकारमा नआएसम्म ती विजित क्षेत्रहरूको जितबाजी जितबाजीमा गनिंदैन भन्ने कुरा श्री ५ पृथ्वीनारायण शाहले बुझिसकेका थिए तथा नालदुममा आक्रमण गर्ने तर्जुमा पनि मिलाउँदै थिए।

यसै वेला नालदुम विजय गर्ने काममा झारा बटुल्ने र परिआएमा किल्लामा बसेका फौजलाई खाने सामलको व्यवस्था मिलाउने भारा मेरो भयो तर नालदुम विजय भएपछि भने देउपुरमा मैले बिर्ता पाउनुपर्छ भन्ने कुराको विन्तिपत्र लिएर गोरखाली मानिसका साथ देवहरि डोटेल नुवाकोटमा पुगी श्री ५ पृथ्वीनारायण शाहसंग बिन्ति गर्दा नालदुम विजयपछि लगत्तै त हैन, नेपाल (उपत्यका) विजयपछि बरु सम्पूर्ण देउपुर नै तिमीलाई बिर्ता वितलब गरी दिउँला र नालदुम फत्ते भएपछि पनि पायक पर्ने ठाउँकै केही जग्गामा बिर्ताको लालमोहर गरी तिमीलाई दिउँला भनी श्री ५ पृथ्वीनारायण शाहले देवहरि डोटेललाई चित्त बुझाई चाँडै नै नालदुममा अधिकार गर्ने आफ्नो योजना बताई त्यहाँ परिआएको काममा तिमीले पूरा मद्दत दिनुपर्छ भनी आफ्ना भारादारहरूसंग जाने हुकुम दिए।

यसरी नालदुममा आक्रामण गर्ने परिपाटी मिलाई अघि सांगाचोकको लडाईंमा ज्यान दिने सेनापति शिवरामसिंह बस्नेतका जेठा छोरा नाहरसिंह बस्नेत योग्य भैसकेकाले उनै नवयुकव नाहरसिंहलाई सेनापतिको टीका लगाइदिई करीब आठसय जति सैन्यका साथ वि. सं. १८११ साल श्रावणको पहिलो हप्ताको अन्त्यतिर नुवाकोटबाट बिदा गरे। लोग (सैनिकको रूपमा झारा आएका जनता) सिपाही, भारादारहरू एक भै "नालदुम भनेको नेपालको घाँटी हो यसमा विजय पाउन सके सारा उपत्यका नै विजय गर्न सकिन्छ" भनी साँगाचोकको बाटोबाट बेलुकीपख ओरालो झरी नालदुममा आई साइत छोपी बलियोसंग किल्ला बनाई सुरक्षा र सावधानीका साथ बसेका थिए। सो कुरा कान्तिपुरका राजा जयप्रकाश मल्लले थाहा पाउँदा अब सो गुमेमा सारा राज्यको केन्द्र राजधानी नै खतरामा पर्ने डर भएकाले उक्त इलाका फर्काउने विषयमा आफ्ना मानिसहरूसंग विचार विमर्श गर्दा सोझ गई गोरखाली दललाई हराउन नसकिने भएको हुँदा बरु तिनीहरूलाई चारैतिरबाट बलियोसंग नाकाबन्दी गरी रसदपानीको अभावमा शक्ति क्षीण हुने हुँदा त्यसै मौकामा आक्रमण गरी गोरखालीहरूलाई तहसनहस गर्ने कुराको टुङ्गो लगाई खासा, बिगु, तौथली र तिमाल गाउँका भोटेहरूलाई उठाई चारैतिरबाट घेरा दिई गोरखालीहरूका पक्षपातीहरू बसेका गाउँघरहरूमा लुटपीट मचाई आगो लगाई ज्यादै नै दुःख दिई उपद्रव मचाउँदा र कान्तिपुरबाट आएका सैन्यदलहरूले गोरखालीहरूको आवतजावत गर्ने बाटोघाटो बन्द गरी अन्नपानी छिर्न नदिंदा किल्लामा बसेका गोरखाली सैन्यदलहरूलाई ज्यादै मुश्किल भएकोले किल्लाभित्रका मानिसमा

आत्मसमर्पण गर्नुपर्ने स्थिति उत्पन्न भएको छ भन्ने खबर बल्लतल्ल श्री ५ पृथ्वीनारायण शाहछेउ पुग्दा भने आफ्ना सेनालाई चाहिंदो आवश्यक रसदहरूको साथै केही सहायतार्थ फौज पनि पठाएका थिए। तर सो फौज र रसद नम्राइपुग्दै कान्तिपुरेहरूले दुइ दिनदेखि केही खान नपाई भोकाई बसेका गोरखालीहरूमाथि भोलिपल्ट बिहानको तेस्रो प्रहरमा आक्रमण गर्ने निधो गरेका छन् भन्ने कुराको सूचना पाएर पनि देउपुरका देवहरि डोटेलले किल्लाभित्रका गोरखाली-हरूलाई खानापिनाको प्रवन्ध गर्न सकेका थिएनन्। तर भाग्यवश त्यही दिन राति (वि. सं. १८११ साल श्रावण २० गते बुधवार) आफ्नो ज्यान जोखिममा राखी लुकी छिपी चोरबाटो पहिल्याई ६ मुरी चामल ५ मुरी चिउरा रातको करीब १० बज्दा किल्लाभित्र छिराइदिएकाले दुइ दिनदेखि भोकै एक अञ्जुलि पानी पिएको भरमा सास धानेर बसेका गोरखालीहरूमा पुनः प्राणको संचार भयो। चामल चिउराको साथै आवश्यकीय अरू खानापिनाका साधन पनि किल्लाभित्र छिराउँदा भोलिपल्ट कान्तिपुरेहरूको आक्रमण हुन्छ भन्ने समेतको सूचना दिएकाले किल्लाभित्र गोरखालीहरूले चाहिंदो खानापिना गरी कान्तिपुरेहरूबाट हुने आक्रमणको प्रतीक्षा गरिरहेका थिए।* निर्धारित समयमा (वि. सं. १८११ साल श्रावण २१ गते बृहस्पति वारका दिन बिहान मिरमिरे उज्यालो हुँदा) भोकाएर लड्न नसक्ने स्थितिमा परी शक्ति क्षीण भएका गोरखालीहरू किल्लाभित्रमा नै बसिरहेका होलान् भन्ने ठानी कान्तिपुरेहरूले तेलकोटबाट भँगेरी नामक डाँडोमा चढी आक्रमण गरी पूरा सतर्कताका साथ होशियार भएर रहेका गोरखाली सैन्यदल कान्तिपुरे-हरूमाथि खनिंदा दुवै पक्षका फौजले आ-आपनो युद्धकुशलता देखाए तापनि कान्तिपुरेहरूले सकभर गोरखालीहरूसंग सामना गरिरहेका थिए। तर गोरिल्ला युद्ध गर्ने शिक्षा पाएका गोरखाली लडाकाहरूका अगाडि कान्तिपुरेहरू टिक्न नसकी आफ्नो ज्यान जोगाउँदै दुम कसेर भाग्न लागेका देखेकोले गोरखालीहरूले बडो फूर्तिकासाथ उनीहरूलाई दपेटा दिंदै लघार्दा कान्तिपुरको सैन्यदलहरूमा निकै नै हताहत भए र जो बाँचेका सेनाले पनि साँखुमा पुगी दम लिए। **(फलक नं. १ ख)**

यो विजयको खवर बिजुली झैं नुवाकोटमा पुग्दा श्री ५ पृथ्वीनारायण शाहले हर्षबढाई गरी विजयी भारादारहरूलाई खिल्लत दिंदा त्यसै सन्दर्भमा देउपुरका देवहरि डोटेललाई पनि सोही बखत तारुक्या भन्ने ठाउँको १२०। खेतमा माया-बिर्ताको लालमोहर गरिदिएका थिए।

द्रष्टव्य

ऐ. शि. श्री बाबुराम आचार्यज्यूले नालदुमविजय गर्ने काममा खटिएका सेनापतिहरूको नाम क्रमशः कहरसिंह बस्न्यात तथा तुलाराम पाँडे हुन् भनि लेख्नुभएको छ। (**श्री ५ बहामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी** भाग २ को पृष्ठ २१८ मा) तर इतिहास संशोधनका केही संपादकहरूले र इतिहासका ज्ञाता पं. श्री नयराज पन्तज्यूले नालदुममा आक्रमण गर्ने आउने श्री ५ पृथ्वी-नारायण शाहका सेनापतिको नाम वीरभद्र थापा दिनुभएको छ (**श्री ५ पृथ्वीनारायण शाहको उपदेश**को पृष्ठ ७८६।७८७ मा र नालदुमविजयबारे लेखिएका विभिन्न लेखहरूमा, तर माथि उल्लिखित पत्रबाट नाहारसिंह वस्न्यात नै सेनापति भएर आएका देखिनाले अर्को कुनै प्रामाणिक चिठ्ठीपत्र नपाएसम्म ती तीनै जना सेनापति भएर नालदुम विजय गर्न आए भन्नु अशुद्ध हो।

टिप्पणी–

* हेर्नु होस् अभिलेख प्रकाश।

श्री दुर्गासहाय १

१ स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि
२ विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वी
३ नारायण शाह देवानां सदा समरविजयिनाम् ॥ ॥ ॥ ॥
४ स्वस्ति श्री सर्वोपमाजोग्यत्यादि श्री धनपति पाध्या श्री देउसर्म पा
५. ध्या केषु येथोचितपूर्वक पत्रमिदं इहा कुसल ताहां कुसल चाहिं

६ जेहिते परमानंद होइ. आगे याहाको समाचार भलो छ. उप्रान्त
७. आफुले जति कुरो विंति गर्नु हाम्रा काजिहेरू छेउं विंति गरी पठा
८ याछौ काजिहेरूले विस्तार याहा हजुरमाहा विंति गरि पठाया सु
९. निउं भलो विंति गरि पठायाछौः तिम्रो घर वितिको माफ गरि
१०. वकसिउं तिमीले त्यो काज गरि आउ त्यो काज पुग्याको दिन
११. तिमीलाई सुन चुरा सर्सिपाउ समेत वकसुंला. तिमिलाई उचोति
१२. षो पनि गरि राषुंला तिमिले त्यो काज गरिकन आउ. मिति फा
१३. लगुन वदि ५ रोज ३ मुकाम नयाकोट माडि श्रुभं——(फलक नं. १ क)

★ श्री दुर्गा सहाय

१. अर्जि — — — — — — — — — — — —
२. उप्रान्त श्री वुढामहाराजा नवाकोटमा राज गर्नुभयाको थियो तस्तै स
३. मयमा देहोरि जैसि पिछा पऱ्याका हुन् सिंधु फत्य भयो नाल
४. दुम्माहा जाइ ठाना हालि अडियेउ भनि मर्जि भयो र लोग सिपाही
५. भारादार सव नेपालको घांटि नालदुम हो भनि वलियो गरि वस्या
६. तस्तै समयमा नेपालका राजाले लुच्चा भोटचालाई ठान (ा) घर पोल्या
७. ठानामा वस्याका लोगकन अन्न पानीको गाह्रो पऱ्यो देहोरि डो
८. टचाल्ले रातिराति चोरवाटो पइल्याइकन मुरि ५ चिहुरा चावल
९. मुरि ६ ठानाभित्र छिराया र भोलिवेर कटक भयो र जित्याः वैरि
१०. हटेर गयो भारादारलाई षिलत भयो देहोरि जैसिलाई नेपाल
११. फत्य गरुंला र देउपुर विर्ता वितलव गरि दिउला भनि मर्जि भया
१२. को होः इ कुरा सव जान्या नाहारसिं काजि छन् सोध्या जावस सेवा
१३. कारिको दलिद्र हरन हुन्याहो हजुरका चरणमा दुष दर्दको वि
१४. ति गऱ्याको हो सेवाकारिले पाउन्या हो भन्या चरनमा रुजु छु मेरा प
१५. न पक्ष कोहि छैन ——
१६. षायाको केहि छैन पिछा भन्या हजुरका छु जोमर्जि सो सहि शुभम् ——फलक नं. १ ख))

★—★



क, श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहले नधपति पाध्या समेतलाई पठाएको पत्र । पृ. २६



ख, श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहलाई देवहरि जैसीले लेखेको पत्र । पृ. २७

महाकाली अंचलको पुरातात्विक अन्वेषण ★

साफल्य अमात्य

गतवर्ष २०२६ सालमा श्री ५ को सरकार, पुरातत्व विभागका अभिलेख विशेषज्ञ साफल्य अमात्य, सम्पादक श्री शंकरमान राजवंशी, फोटोग्राफर श्री सानुराज शाक्य र पिउन श्री धर्मरत्न वज्राचार्यसहितको एक संयुक्त दलले करीब तीन हप्तासम्म महाकाली अंचलको दार्चुला तथा बैतडी जिल्लाहरूमा गई पुरातात्विक सामग्रीहरूको अन्वेषण, सङ्कलन तथा अध्ययन आदि गरे।

मंसीर महीनाको आखिरी हप्तामा पुरातत्व विभागको अन्वेषण दल दार्चुला जिल्लामा पुगे र पुगेको भोलिपल्टदेखि नै सो दलले आफ्ना कार्यहरू शुरू गरे। सो दलले आफ्ना कार्यहरू निम्नलिखित किसिमबाट सुसम्पन्न गरेका थिए।

(क) उक्त जिल्लामा रहेका अभिलेखहरू, हस्तलिखित ग्रन्थहरू, शिलापत्र तथा ऐतिहासिक कागजातहरूको सर्भेक्षण, सङ्कलन, नक्कलउतार तथा फोटोउतार।

(ख) सो जिल्लामा रहेका मन्दिर, मूर्ति, प्राचीन दरवार, किल्ला तथा घरहरूको सर्भेक्षण तथा फोटोउतार।

(ग) साथै सो जिल्लाबारे पुरातत्व, इतिहास र संस्कृति-सम्बन्धी अरू जानकारी तथा वस्तुस्थितिको अध्ययन आदि।

पश्चिम नेपालको मुख्य जिल्लाहरूमध्ये दार्चुला पनि एक मानिन्छ। दार्चुलाको सदर मुकाम खीरकोट भन्ने डाँडामनि बसेको छ। यो जिल्ला श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले विशाल नेपाल बनाउनुभन्दा अगाडि (ई. १७६१ सम्म) डोटीका राजाहरूको मातहतमा थियो। यहाँ कसरी बस्ती बस्न पुग्यो भन्ने कुरामा धेरै दन्त्यकथा सुन्न पाइन्छ। महाकाली अंचलका केही जिल्लाको थाहा पाइएसम्मको इतिहास तल उकुँको भग्नावशेषको सन्दर्भमा दिइएको छ।

दार्चुला पुगेको भोलिपल्टै हामीले त्यहाँ रहेका ऐतिहासिक महत्वका अभिलेख तथा कागजातहरूको सङ्कलन, अध्ययन, नक्कलउतार आदि कार्य गर्‍यौं। दार्चुला जिल्लामा यस किसिमका सामग्री नभेट्टिने त कुरै भएन। जाडोको याम भएको हुनाले सौंकाज्यूहरूले धेरैजसो कागजातहरू र अरू यस्तै किसिमका पुरातात्विक महत्व भएका सामग्रीहरू माथि व्यास (भोट) मै छोडेर आएका रहेछन्, तर पनि हामीले प्राप्त गरेका कागजातहरूमध्ये यहाँ उल्लेखनीय चाहिं यिनै हुन्।

(क) सम्वत् १८७१ मा काजी रणजोर थापाले व्यास भोटका पंच बूढा रैतीलाई लालमोहरको ठेकबमोजिम पैसा कम्पनीमा दाखिल गर्नू भन्ने पत्र (फलक नं. २ क)।

(ख) सम्वत् १८७२ मा चौतरिया बम शाहले जुमला, हुमलाका रैतीहरूलाई लुटपीट नगर, अंग्रेजसंग सन्धि भयो भनी लेखेको पत्र (फलक नं. २ ख)। दार्चुला सदरबरपर हामीले कुनै पनि खास महत्वका शिलालेखहरू भेट्टाउन सकेनौं। हस्तलिखित ग्रन्थहरू पनि भेट्टिएनन्, तैपनि हामीलाई विश्वास छ व्यास (भोट) का सौकाज्यूहरूसंग माथि व्यास (भोट) मा केही न केही मात्रामा यस्ता ग्रन्थ तथा ऐतिहासिक महत्वका कागजातहरू जरूर होलान्। जाडोको महीनामा व्यासतर्फ लाग्ने कुरै भएन, धेरैजसो सौका मुखियाज्यूहरूसंग कुराकानी गर्दा यस किसिमका वस्तुहरूको राम्रो सुरक्षा र हिफाजत गरिएको र अब उप्रान्त बरोबर यस किसिमका वस्तुहरूको सङ्कलन,

★ वि. सं. २०२६ पुरातत्वविभागका अन्वेषणदलबाट भएको महाकाली अंचलका पुरातात्विक वस्तुहरूको अन्वेषण, अनुसन्धान, संकलनबारेको संक्षिप्त प्रतिवेदन– सं.।

खोज, अनुसन्धानमा सम्बन्धित विभागहरूलाई मद्दत दिने वचन पनि दिए ।

सदरभित्रको मुख्य देवस्थल नै भगवान् मल्लिकार्जुनको रहेछ । मन्दिरभित्र खास कुनै मूर्ति थिएन । र दुइ फुट लामो साढे एक फुट चौडाइको दुइवटा पत्थरका सिंहहरू रहेछन् । मन्दिर हालसालै मात्र कल्याण क्षेत्री नामक एक व्यक्तिले सम्पूर्ण जीर्णोद्धार गरेको रहेछ । मन्दिरको धार्मिक महत्वबाहेक अरू केही छैन । मन्दिर खास कलापूर्ण तथा प्राचीन नभए तापनि दार्चुला सदरवरपर त्यो नै सबभन्दा ठूलो र मुख्य मन्दिर रहेछ । असोज सप्तमीको दिन त्यहाँ ठूलो मेला लाग्दछ ।

दार्चुलाको स्थानीय भाषाले मन्दिरलाई **माणु** भन्दो रहेछ । सानासाना चैत्य आकारका पत्थरका माणुंहरू जताततै देखिन्छन् । ती माणुंहरूभित्र खास मूर्तिसहितका देव, देवीहरूभने बिरलै पाइन्छन् । सदरभित्र चूनढुंगामा कुंदिएको करीब एक फीट लम्वाइको र ६ इन्च चौडाइको भगवतीको एउटै मात्र कलात्मक मूर्ति छ । स्थानीय जनता ती देवीलाई कालीमाई भनी पूजा गर्दछन् ।

दार्चुलामा केही दिन बसी त्यहाँको पुरातात्विक सम्पत्तिको सर्भेक्षण आदि गरी हामी त्यस जिल्लाको उकुँ नामक गाउँतर्फ लाग्यौं । महाकाली अञ्चलमा एकमात्र पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण स्थल भएको हुनाले र खास गरी भू. पू. जिल्ला सभापति श्री गणेशबहादुर पालको प्रोत्साहनले गर्दा हामी सजिलैसंग उकुँ पुग्यौं । उकुँमा एउटा ठूलो मन्दिरको भग्नावशेषको हामीलाई अध्ययन गर्नु थियो । त्यस भग्नावशेष भएको थलोलाई स्थानीय जनता **महल** भन्दा रहेछन् । श्री गणेशबहादुरजीको घरबाट केही बेर उकालो-चढेपछि हामी त्यो भग्नावशेष भएको ठाउँमा पुग्यौं । त्यो भग्नावशेष एउटा ठूलो मन्दिरको भग्नावशेष हो । त्यस भग्नावशेषवरपर छरिएर रहेका मूर्तिहरूको अध्ययन गरी हेर्दा त्यो मन्दिर शिव या विष्णुको हुनु धेरै सम्भव थियो (फलक नं. ३ क, ख) । साथै उक्त स्थानमै काली, लक्ष्मी आदि देवीहरूका मूर्तिहरू पनि भेटिएका छन् । जनावर, पशु, पंक्षी आदिका जस्तै बाघ, साँढे, हात्ती, गोही आदिका आकृतिहरू पनि भेट्टिएका छन् । ती सबको अलावा त्यसै मन्दिरको प्रस्तरको भग्न तर कलापूर्ण भागहरू जस्तै झ्याल, ढोका, खम्बा, तोरण आदि पनि भेट्टिएका छन् । भग्नावशेषमा रहेका पत्थरका कलाकृतिहरूलाई हेर्दा त्यो मन्दिर संभवतः तेह्रौं, चौधौ शताब्दीतिरको झैं देखिन आउँदछ ।

उकुँ महलको भग्नावशेषको अलावा त्यहां नजीकै अरू अरू ठाउंमा पनि यस्तै प्रस्तरमा कुँदिएका र बनाइएका कलात्मक मूर्तिहरू र कारीगरीका उच्चतम नमूनाहरू पाइएका छन् । जस्तै भगवान् सैपाल मांणुको मन्दिरवरपर पनि यस्ता धेरै मूर्तिहरू छन् । त्यहां रहेका मूर्तिहरूमा भगवती, भैरव, महाकाली आदिका मूर्तिहरू ज्यादै कलात्मक तथा आकर्षित छन् (फलक नं, ४ क) । ती मूर्तिहरू उकुँकै समसामयिक हुन धेरै संभव छ । ती मूर्तिहरू पूजाआजा गरी मन्दिरका माईहरूले सुरक्षितका साथ राखिएका छन् । सैपाल मांणुको वस्तुस्थिति हेर्दा त्यो ठाउं पनि तेह्रौं शताब्दीभन्दा अगाडिको जस्तो देखिन आउंदैन । सैपाल मांणुको मन्दिरवरपर एउटा प्राचीन शिवलिंग र शिवपार्वतीको एउटा नयां मूर्ति राखिएको छ । मन्दिरवरपर चारवटा सानासाना शिवलिंगसहितका मन्दिर छन् । वास्तवमा ती मन्दिर त्यहांका स्वर्गवासी जोगीहरूको संझनार्थ बनाएका स्मारकहरू हुन् । शिवरात्रीको दिन यहां विशेष मेला लाग्दछ । श्री गणेशबहादुरजीको घरवरपरको खेतमा पनि यस्ता कलात्मक वस्तुहरू यत्रयत्र छरिएर रहेका छन् । उहांको पिताज्यूको भनाइअनुसार उहांको घरको जग खन्दा जगबाट धेरै पत्थरका टुक्राहरू निस्के, ती मध्ये कुनै चांहि कलात्मक पनि थिए । शायद ती पत्थरहरू पहिलेका राजाहरूका दरवारका भग्नावशेष थिए होलान् । यस्तै उकुँ भैरवस्थानमा पनि निकै संख्यामा यस्ता पत्थरका मूर्तिहरू र भग्नावशेषहरू देखापरेका छन् ।

उकुँको भग्नावशेष रहेका ठाउंमा एउटा शिलालेख पनि भेट्टाइयो । उक्त शिलालेख घामपानीले गर्दा ज्यादै खिइसकेकोले पढ्न धेरै कठिन थियो । उक्त शिलालेखमा नागपाल राजा, सोमल्लदेवी रानी भनी लेखिएको चांहि प्रष्टै देखिन्छ तापनि शिलालेखको अरू भाग पढ्न सकिएन । हुन सक्छ त्यो शिलालेख नागपाल राजा र उनकी रानी सौमल्लदेवीले त्यो मन्दिर जीर्णोद्धार गर्दा वा निर्माण गर्दा स्थापना गरेको थियो । यस सन्दर्भमा खोजिनिती गर्दा सन्धिपत्रसंग्रह भाग एकमा शाके सम्वत् १२५९ को श्री चक्रवर्ती सम्राट् अपांडराज जुमलेश्वर पुण्य मल्ल देवको कनकपत्रमा उकुँको उल्लेख गरिएको छ । उक्त कनकपत्र अनुसार– "ठिक्या– जुमला सन्निदारका र उकुँ–बहतडी धारचुलाका ।। आला दुई सय मुरी खेत सांखा राहुंको आलो १– सन्नि संख्या जिउलाका राहुंको– रांचुलीको १ एक सय मुरी खेत । लुसांसान्निका लुसां गाऊँका वीरको एकसय मुरी खेत । कोट– कनककोट

१ कोल्टी कोट १ का मदनदेवको एकसय मुरी खेत १ सबै एकत्र खेत ५–५०० मुरी खेत, राहुले सूर्यलाई ग्रास गरेको वेलामा– सूर्य ग्रहणमा (सूर्यवंशी– आदित्य वंशका) राजा पुण्य मल्ल देवले, श्री विद्याकर विद्वान्लाई सबै बाधाहरू-बाट मुक्त– सर्वाङ्गी माफ सर्वकर अकर गरि– आलिका पञ्चक–पांचखेतप्रतिपादितम्– प्रदानगर्नुभयो– बिर्ता दिनु-भयो। भन्ने उल्लेख छ।

माथि उल्लिखित कनकपत्रबाट यो सिद्ध हुन्छ चौधौं शताब्दीमा उकुँ जुमलाका राजाको अधीनमा थियो। जुमला-मा पालवंशीय राजाहरूले धेरै वर्षसम्म राज्य गरेको कुरा प्रमाणित छ। यी सूर्यवंशी राजाहरूको वंशावली हेरेको खण्डमा यिनका पुर्खाहरूले कहिले पाल, कहिले राज, कहिले चल्ल र कहिले मल्ल भन्ने पदवीहरू आ-आफ्ना नाउँहरूसंगै जोड्ने पनि गरेको देखिन्छ। **सन्धिपत्रसंग्रह**मा उल्लिखित शाके सम्वत् १२७९ को जगज्जेष्ठ जुमलेश्वर अपाडराज सेजाधिराज पृथ्वी मल्ल देवको दुर्लङ्घ्य नगरका कोटी स्तम्भको (कीर्तिस्तम्भ) अभिलेखअनुसार आदित्य वंशमा राजा आदिपाल भए। आदिपालका पुत्र राजा अमरपाल भए। अमरपालका पुत्र राजा जयपाल भए। यसरी क्रमशः विजयपाल, वीरपाल, विक्रमपाल, श्रीपाल, धीरपाल, सोम-पाल, सूर्यपाल, समुद्रपाल, सुखपाल, गृहपाल, महिपाल ... विश्वपाल, जीवपाल, श्रीगेला, सरल, श्री जाव, पुण्य मल्ल, श्री मल्ल, जावेश्वर, नागराज, चापराज, चापिल्ल, काशी चल्ल, कापि चल्ल, काचल्ल, अशोक चल्ल, आनन्द चल्ल, रिपु मल्ल, संग्राम मल्ल, जितारि मल्ल, आदित्य मल्ल, कल्याण मल्ल, प्रताप मल्ल, पुण्य मल्ल, पृथ्वी मल्ल आदि; तर महिपालपछिका दुइ तीन राजाहरूको नाउँ अस्पष्ट छ। यस कीर्तिस्तम्भअनुसार छोट्करीमा पालवंशीय राजाहरूको वंशावली देखापर्दछ, तर उकुँको शिलालेखमा उल्लिखित नागपाल राजा र सोमल्लदेवी रानीको भने कतै उल्लेख छैन। धेरै संभव छ नागपाल राजा महिपालपछिका पुण्य मल्ल अघिका एक राजा थिए। किनभने ती नामहरू स्पष्ट छैनन्। तर प्रचलित कथाअनुसार नागपालपछि उनको छोरा शिशु-पाल राजा भए। शिलशुपालकी रानी कौशल्यादेवी थिइन्। यो कुरा विचार गर्दा शायद् सुखपाललाई नै शिशुपाल भनेका पनि हुन् भने समुद्रपाललाई नागपाल भन्नुपर्ने खण्ड आउँछ। वास्तवमा यी सबैको अनुसन्धान गर्न बाँकी नै छ।

अरू पहाडी राज्यहरूमा जस्तै उकुँमा पनि पालहरू बाह्रौं शताब्दीपछि नै आएका हुन्। यसै सन्दर्भमा यो कुरा उल्लेख गर्नु उचित होला जस्तो लाग्दछ। हामीले दार्चुलामै सुनेका थियौं–कुनै एक पाल राजाका चार छोरा थिए। ती राजाले आफ्नो मृत्युपछि राज्यको लागि छोराहरू झगडा गर्लान् भन्ने डरले आफू छँदैमा आफ्नो राज्य छोरा-हरूलाई बाँडिदिए। तीमध्ये जेठो छोराले निसील भन्ने ठाउँको राज्य पाए र आफ्नो कुलदेवता मल्लिर्काजुनको पुजारी पनि भए। दोस्रो छोराले उकुँको राज्य पाए, तेस्रोले देवथलाको राज्य पाए र चौथो तथा कान्छोले अस्कोटको राज्य पाए।

लोकोक्ति, जनश्रुति जे भए तापनि हामीले बढ्ता तथ्य-तिर ध्यान दिनुपर्दछ। यसै सन्दर्भमा हिमालयका पहिलो राजवंश कटचुरीहरूको इतिहास पनि हामीले बुझ्नुपरेको छ। जुम्ला र डोटीका पाल, मल्ल, चल्ल आदि सब पश्चिम-हिमालका देश गढवालतर्फबाट नै नेपालभित्र पसेका हुन् भन्ने कुरामा धेरै विद्वान्हरूको सहमति छ। यी क्षेत्रहरूको सांस्कृ-तिक तथा धार्मिक रहनसहन, परम्परा आदिको अध्ययन गरी हेरेको खण्डमा पनि यो कुरालाई प्रमाणित गर्न गाह्रो पर्दैन।

कटचुरीवंश हिमालको पहिलो राजवंश थियो। यो वंशको इतिहास अझसम्मै एउटा गहिरो खोजको विषय बनी हाम्रो सामु उभिएको छ। कटचुरीवंशको धेरै हाँगा बिगाहरू हिमाली प्रदेशमा फैलिए। तीमध्ये पश्चिमी नेपाल-का पाल, चल्ल, मल्ल आदि पनि हुन्। पछि जब समय समयमा भारतबाट रजपूतहरूले यी प्रदेशहरूमा हमला गर्न थाले तबदेखि धमाधम रजपूत र यिनीहरूको आपस आपसमा विवाह आदि चल्न थाल्यो र एउटा नयाँ वर्गको विकास भयो। जुन वर्णका मानिसहरू आजसम्मै यी इलाकाहरूमा छँदैछन्। अनुसन्धाताले यो पनि पत्तालगाइसकेको छ कटचुरी र पाल राजाहरूका अभिलेखहरूमा धेरै कुराको समानता पनि पाइन्छ। मगधका राजा धर्मपाल र उनका प्रतापी छोरा देवपालले नवौं शताब्दीतिर हिमालका प्रदेशहरू विजय गरेका थिए। राहुल सांस्कृत्यायनको भनाइअनुसार ई. सम्वत् ८५० देखि ई. १०५० सम्म यी हिमालयका प्रदेशहरूमा कटचुरीहरूले राज्य भोग गरे। कटचुरीको राज्य बसन्तन् भन्ने एक राजाले सम्वत् ई. ८५० मा स्थापना गरेका थिए। यिनका समकालीन मगधका राजा विग्रहपाल थिए। यसरी तेह्र जवान कटचुरी राजाहरूले हिमालयका प्रदेशहरूमा संवत् ई. १०६५ सम्म राज्य गरेको देखिन्छ। यस वंशको अन्तिम राजा सुभिक्षराज थिए जसले ई. सम्वत् १०४५ देखि

१०६५ सम्म राज्य गरे । त्यसपछि विशाल कटयुरी हिमाली राज्य कमजोर भई विभाजित भएको देखिन्छ, किनभने तेह्रौं शताब्दीमा आएर कटचुरीवंशकै रजवारहरूले डोटी, अस्कोट, पाली (द्वाराहाट) आदि हिमाली प्रदेशहरूमा अलग अलग स्वतन्त्र राज्यहरू स्थापना गरिसकेको देखिन्छ ।

शत्रुबाट पराजित भएका राजाहरू भागेर टाढा टाढाका देश देशावरहरूमा गई शरण पर्ने कुरा इतिहासमा जतासुकै पाइन्छ । डोटी र अस्कोटका राजाहरूका वंशावलिमा कटचुरी राजाहरूका मूलपुरुष शालिवाहनलाई आफ्नो पूर्वज मान्दछन् । शालिवाहन वास्तवमा आन्ध्रका सातवाहन राजाहरूको नाम थियो । यी सातवाहन राजाहरू र शक राजाहरूबारे भारतको इतिहासमा धेरै उल्लेख पाइन्छ । सातवाहन राजाहरूको समय समयमा शकहरूसंग झगडा, लडाई र समय समयमा मेल मिलाप हुन्थ्यो । यो पनि हुन सक्दछ यी सातवाहन राजाहरू तथा यिनका समकालीन शक राजाहरूलाई त्यस समयमा भारतमाथि आक्रमण गर्दै आइरहेका हूणहरूले भगाई यी हिमाली प्रदेशहरूको शरण लिन बाध्य तुल्याए । किनभने यी कटचुरी राजाहरूको शक राजाहरूसंग सम्बन्धमा प्रमाणस्वरूप शक सूर्यमूर्तिहरू, द्वारहाट, कटारमल, बैजनाथ, वागेश्वर आदि धार्मिक स्थलहरूमा पाइएका छन् । साथै यी हिमाली प्रदेशहरूमा विक्रम सम्वत्को बदला शक सम्वत् चलेको छ । फेरि डोटी र अस्कोटका पाल तथा मल्ल राजाहरू पनि रजपूत र शालिवाहनलाई नै आफ्नो पूर्वज मान्दथे ।

एघारौं शताब्दीको अन्त्य तथा बाह्रौं शताब्दीको शुरू शुरूमा कटचुरी राज्य टुक्राटुक्री भयो । कटचुरीहरूको इतिहासबाट यो सिद्ध हुन्छ । सुभिक्षराजपछि नै यिनीहरूको शक्ति नाश हुँदै गयो । सुनिन्छ यो राज्य छः भागमा बाँडियो (१) काली उपत्यका (२) डोटी (३) अस्कोट (४) वारामण्डल (अल्मोडा) (५) बैजनाथ (वागेश्वर) (६) द्वाराहाट (लखनपुर)। वास्तवमा कट्युरी राज्यको ह्रासपछि धेरैजसो साना साना राज्यहरू कट्युरी राजवंशकै रजवारहरूले खडा गरेका थिए । यीमध्ये पछिसम्म पनि नेपालतर्फ प्रभावकारी भरहेको चाहिं डोटी थियो । डोटीमा अन्तिम कट्युरी राजामध्ये एक त्रिलोक पालका क्रोरा निरञ्जनदेवले ई. सम्वत् १२७९ तिर राज्य स्थापना गरी बसेका थिए । यसै समयमा त्रिलोक पालको अर्को छोरा अभय पालले अस्कोटमा अर्को राज्य खडा गरे । डोटीको राजा जेठो, शक्तिशाली र सम्पन्न भएको हुनाले महाराज र अस्कोटको चाहिं राजकुमार वा रजवार भनिन थाले । यसको केही समयपछि नै जुम्लाका मल्ल राजाहरू जो डोटीबाट नै जुम्ला गएका कटचुरीहरू थिए, तिनीहरूले धमाधम पश्चिमतिरका राज्यहरूमाथि चढाइ गर्न थाले । जुम्लाका राजा पुण्य मल्लको कनकपत्रअनुसार चौधौं शताब्दीमा उकुँ बैतहडी, धारचुला, जुम्ली राजाहरूको अधीनस्थ थियो । यसै समय डोटी पनि जुम्लाकै अधीनस्थ थियो, जुम्लाका यी मल्लहरू शक्तिशाली भएकोले डोटी र कालीवारिपारिका धेरै प्रदेशहरूले यिनीहरूको अधीन स्वीकार गर्नुपरेको थियो । त्यति वेलाको जुम्ला राज्य यस प्रकारको थियो It was a large state, based on a feudal system which united the local chiefs under the paramount power of the Mallas, a new aristocracy was also created at the service of the rulers.

Tucci—Preliminary Report on Two Scientific Expedition in Nepal Page 129.

भारतको मध्यकालीन इतिहासमा कन्नौज र चितौरका राजाहरूलाई समय समयमा आपद् आइलागेको, समय समयमा ती राजवंशहरूले आफ्नो देश छोडेर अन्तै लाग्नुपरेको दृष्टान्त निकै पाइन्छ । पन्ध्रौं शताब्दीमा पनि यस्तै कुनै घटनापछि कन्नौजका अथवा चितौरका रजपूतहरूले हिमाली प्रदेशहरूमा हमला गरेको जस्तो बुझिन्छ । यसै समयमा पृथ्वी मल्लले शक्तिको पराकाष्टामा पुऱ्याएको राज्य विभाजित भै कमजोर भैसकेको थियो । तसर्थ कतै यी नवागन्तुक रजपूतहरूले अधिकार गरे, कतैका रजवारहरू आफैं स्वतन्त्र भए आदि । यसै क्रममा अस्कोट, डोटी आदिका रजवारहरू पनि स्वतन्त्र भए होलान् । किनभने जुम्लाभन्दा बाहिरका हिमाली प्रदेशहरूमा डोटी राज्यको मान्यता (जुम्ला-डोटी) पन्ध्रौं शताब्दीसम्म मात्र चल्न सकेको देखिन्छ । त्यसपछि यी स्थानहरूमा स्थानीय सामन्त जस्तै चन्द, पाल आदिले स्वतन्त्रपूर्वक राज्य भोग गर्न थाले, तैपनि डोटीका राजा चुप लागेर बसेनन् आफ्ना सामन्तहरूलाई दबाउने कोशिशमा तिनीहरू सँधै तल्लीन थिए । कालीवारिका राज्यहरूलाई डोटीले सँधै एक किसिमसंग आफ्नै अधीनमा राखिछोडे, तर कालीपारि भने सकेनन् । पन्ध्रौं शताब्दीपछि फेरि डोटी शक्तिशाली भयो र डोटीका राजाहरूमध्ये पन्ध्रौं शताब्दीका नृपति मल्ल, सोह्रौं शताब्दीका गज मल्ल

आदि प्रख्यात छन् । सत्रौं शताब्दीतिर गएर यी राजाहरूले **शाही** भन्ने पदवी पनि लिए र सम्वत् १७७६ सम्म डोटी एक स्वतन्त्र हिमाली राज्य थियो जसको सिमाना कालीपारिका प्रदेशहरूसम्म पुगेको थियो । ई. सम्वत् १७६१ मा रणबहादुर शाहको पालामा डोटी पनि विशाल नेपालमा गाभियो । डोटीको साथसाथै डोटीको मातहतमा रहेका उकुँ, बैतडी, धारचुला सबै गाभिए ।

यी माथि उल्लिखित कटचुरीवंशको छोटो इतिहासबाट हामी भन्न सक्छौं शायद उकुं पनि बाह्रौं शताब्दीतिर टुक्रिएको कटचुरी राज्यको एक भाग थियो र त्यहाँ पनि कुनै एक पाल वंशका सामन्तले आफूलाई डोटी र अस्कोटका रजवारहरूले झैं स्वतन्त्र घोषित गरी राज्य गर्न थाले। संभवतः यो राज्य बाह्रौं शताब्दीको आधा आधी वा अन्त्यमा शुरू भई चौधौं शताब्दीसम्म मात्र चल्न सकेको हुनुपर्दछ । उकुँको शिलालेखमा उल्लिखित नागपाल राजा शायद यसै वंशका त्यस समयका एक राजा थिए र उनको छोरा शिलुपाल थिए । हुनसक्छ यो विशाल शिव या विष्णुको मन्दिर या त नागपाल आफैले बनाए या त यिनले यसको जीर्णोद्धार गरी यो शिलालेख राखेका थिए । यसबारे अझै विस्तृत अनुसन्धान हुन सक्दछ र यी माथि दिइएका व्याख्याहरूको मुख्य उद्देश्य उकुँको इतिहासमाथि प्रकाश पार्नुनै हो । उकुँ र नागपाल राजाबारे अरू जे जति प्रमाण तथा तथ्यहरू राखिन्छ त्यो सँधै स्वागतयोग्य छ ।

उकुँको भग्नावशेष, प्राकृतिक सौन्दर्य हेरी मुग्ध नहुने कोही हुँदैनहोला । महाकालीको किनारमा बसेको यो सानो उपत्यकामा यातायातको कुनै विशेष सुविधा नभए तापनि अति रमणीय छ । उकुँको दक्षिण-पश्चिम महाकाली बगिरहेको छ । वास्तवमा उकुँको त्यो भग्नावशेष अत्यन्त लालित्यपूर्ण तथा सुन्दर प्रस्तरकलाका नमूनाहरूले भरपूर छ । धेरैजसो मूर्तिहरू साधारण मानिसको उचाइ जत्रै छन् । मूर्तिहरू अझै धेरै बिग्रन पाएका छैनन्, तसर्थ समयमै यो भग्नमन्दिरको पूर्ण निर्माण हुनसकेको खण्डमा भविष्यमा उकुँ एक प्रसिद्ध रमणीय दृश्यावलोकन गर्ने ऐतिहासिक स्थल हुन सक्दछ ।

उकुँबाट हामी बैतडीतर्फ लाग्यौं । बैतडीमा हामीले पुगेको भोलिपल्टदेखि नै आफ्नो कार्य शुरू गर्‍यौं । प्रमुख जिल्ला अधिकारी, जिल्ला सभापति र जिल्ला शिक्षा निरीक्षक आदिलाई साथ लिई हामी देवलहाटका चार शिव मन्दिरहरू हेर्न गयौं (फलक नं. ४ ख) । शिवजीका यी मन्दिरहरू दक्षिण भारतको मण्डपशैलीमा बनेका छन् । भैंचालो, घामपानी र समयमा जीर्णोद्धार नहुँदा यी मन्दिरहरू चाँडैनै ढल्ने अवस्थामा पुगिसकेका छन् । यी मन्दिरहरू बैतडीका प्राचीन राजाहरूका इष्टदेवताका मन्दिरहरू हुन् भन्दछन् । पत्थरका यी एकसमानका करीव तीस, चालीस फुट अग्ला मन्दिरहरू संभवतः तेह्रौंदेखि पन्ध्रौं शताब्दीतिर बनेको हुनुपर्दछ । ती मन्दिरहरूमध्ये बीचको मुख्य मन्दिरभित्र एउटा राम्रो सहस्र शिवलिंग छ । ती मन्दिरका इलाकाभित्र अरू केही साना साना कलापूर्ण मूर्तिहरू पनि छन् जस्तै गणेश, भगवती, उमामहेश्वर आदि । उमामहेश्वरको मूर्तिको शिरभाग छैन, तैपनि यो मूर्ति निकै आकर्षित देखिन्छ (फलक नं. ५ क) । यहीं नै शाके संवत् १७३० मा रुद्रवीर शाहीले राखेको एक शिलालेख पनि छ । सो शिलालेख श्री नरहरि नाथज्यूले **सन्धिपत्र संग्रह** भाग १ पेज ६५३ मा प्रकाशित गरिसकेका छन् । शिवरात्रीमा देवलहरूमा ठूलो मेला लाग्दछ ।

देवलहाटभन्दा केही अग्लो डाँडा जस्तो ठाउँमा कुल्लेकोट भन्ने ठाउँ छ । त्यो पहिलेका चन्दराजाहरूका कोटको भग्नावशेष हो भन्दछन् । यो कोट बैतडीका एक चन्द वंशका राजा झुलि चन्द भन्नेले बनाएका थिए भन्दछन् । सुनिन्छ यिनै झुलि चन्द राजालाई नायब बहादुर शाहले पराजित गरी बैतडीलाई विशाल नेपालभित्र गाभेका थिए । यस कुराको आधारमा हामी यो भन्न सक्दछौं झुलि चन्द, बैतडीमा शासन गर्ने चन्द राजा (सामन्त) हरूमध्ये अन्तिम थिए होलान् । बैतडीमा चन्दहरूले शासन गरेको कुरामा ऐतिहासिक प्रमाणहरू भेटिएको नभए तापनि चन्दहरूको वंशावलि र चन्दहरूको यहाँ चल्दै आएको प्रभुत्वले पनि यस कुरामा ध्यान दिन इतिहासकारहरूलाई बाध्य गराउँदछ । राहुल सांकृत्यायनले आफ्नो पुस्तक **कुमायुं** मा यस कुराको उल्लेख गरेका छन्, पन्ध्रौं शताब्दीदेखि नै पश्चिम नेपालका चन्द सामन्तहरूले डोटीराज्यलाई बरोबर लुटपीट मचाई दुःख दिइरहेका थिए । यस सिलसिलामा डोटीका राजा एक चन्द सामन्त र भारतीय चन्दको लडाईं भएको (१४५० ई.) थियो । यस लडाईंमा डोटीका राजाको हार भयो र चन्दहरूले कालीवारिका केही प्रदेशहरूमा कब्जा गरी स्वतन्त्रपूर्वक राज्यभोग गर्न थाले । बैतडी पनि कालीवारि नै भएको हुनाले शायद त्यति वेलादेखि नै चन्दहरूले बैतडीमा अधिकार गरेको पनि हुनसक्दछ । ई. १४५० मा भएको लडाईमा हार भए तापनि डोटीका राजाहरू चुप लागी

बसेनन्, केही वर्षपछि नै फेरि लडाईं गरे र सो लडाईंमा चन्दहरू हारे, त्यसपछि कालीदेखि पूर्वका सारा प्रदेशहरू फेरि डोटीका राजाले चन्दहरूको हातबाट केही समयको लागि फिर्ता लिए। फेरि डोटीका राजा र चन्दहरूको परस्पर-मा लडाईं भयो (१६८५ ई. मा)। यस युद्धमा डोटीका राजाहरू हारे र चन्दहरूले कालीको वारिपारिका समेत केही प्रदेशहरूमा कब्जा गरी राज्य भोग गर्न थाले। त्यसपछि ई. १७९१ मा जब विशाल नेपाल बनाउने अभियानमा डोटी नेपाली फौजको हातमा पऱ्यो तब यी साना साना राज्यहरू जस्तै दार्चुला, उकुँ र बैतडी आदि पनि संगसंगै विशाल नेपालभित्र आए।

कुल्लेकोटको पत्थरैपत्थरको किल्ला र दरवारको भग्नावशेषमा खास कलाकृति केही छैन। यो भग्नावशेषमा राजप्रासादमा हुनुपर्ने सबैजसो कोठाहरू र ठाउँहरू भएको हुनाले यस भग्नावशेषलाई राजप्रासादको भग्नावशेष भन्न सकिन्छ। भग्नावशेषनजीकै पूजाकोठा भन्ने ठाउँमा विष्णु र लक्ष्मीका मूर्तिहरू र केही फलामका त्रिशूलहरू छन्। यसै दरवारबाट अलि तलतिर दुर्गाभवानीको मन्दिर छ। मन्दिर-को मुख्य कोठामा बाहिरियाहरूलाई प्रवेश निषेध छ। मन्दिरको वास्तुकला खास तारीफयोग्य नभए तापनि यो मन्दिर छानेशैलीमा भएकोले यसको महत्व छ। यी दुर्गा भवानीलाई बैतडीका बोगटे क्षेत्रीहरूले चार सय वर्षअगाडि स्थापना गरेका थिए भन्छन्। शायद चन्दहरूको राज्यकालमा बोगटेहरू पनि चन्दहरूको नातेदार सामन्तहरू थिए होलान्। बोगटेहरूका इष्टदेवता नै दुर्गाभवानी हुन् र यहाँ फागुन महीनामा ठूलो मेला लाग्दछ तथा बडादशैं र अरू वेलामा यहाँ बलि पनि चढाइन्छ। यस मन्दिरको खास महत्व चाहिं बैतडीनिवासीहरूले आफ्नो जन्मपत्री बनाउँदा जन्मपत्रिका अगाडि "कुल्लेकोटे दुर्गानिकोटे" भनी लेखी शुरू गर्ने गरेको देखिन्छ, यदि यस मन्दिरको विशेष महत्व नभएको भए यसरी कदापि ठूलो मान्यता दिने थिएनन्।

बैतडीशहरमा जगन्नाथजीको मन्दिरलाई अतिप्राचीन मन्दिर भनी मान्दछन्। मन्दिर एउटा सानो ढिस्को जस्तो ठाउँमा छ। मन्दिरभित्र जाने प्रवेशद्वारनिर दायाँपट्टि गणेशका दुइ मूर्ति छन् र बायाँपट्टि लक्ष्मीको एउटा मूर्ति र एउटा शिलालेख पनि छ। यहाँ पनि मन्दिरको भित्र मुख्य-कोठामा जान मनाही रहेछ। मेला, पर्वमा बाहेक अरू वेलामा जगन्नाथजीको प्रतिमाको दर्शन नपाइने हुनाले साह्रै अफशोस लाग्यो। यहाँ हरेक वर्ष कार्तिक महीनामा मेला लाग्दछ। मन्दिरको वास्तुकला खास तारीफयोग्य नभए तापनि मन्दिर-वरपर झुण्ड्याइराखेका घण्टाहरू र मन्दिरको कतै कतै कुँदिएका काठका बुट्टाहरू भने राम्रै देखिन्छन्।

शहरमा अर्को एक आधुनिक मन्दिर छ। यो मन्दिर कृष्णजीको हो। श्री कृष्णको प्रतिमा सिंहमरमरको छ र खास उल्लेखनीय चाहिं दुइवटी गोपिनीहरूका प्रस्तर प्रतिमा हुन्।

बैतडीको धामी गाउँपञ्चायतमा "त्रिपुरासुन्दरी" को मन्दिर छ। यो मन्दिर बैतडीका प्राचीन मन्दिरहरूमध्येको एक हो। शायद बैतडीको विशाल, कलापूर्ण र प्रख्यात मन्दिर-हरूमध्ये यो मन्दिर पनि एक हो। भाद्र पूर्णिमामा यहाँ ठूलो मेला लाग्दछ। यस मेलामा सयकडौं संख्यामा बोका, राँगा आदि बलि चढाइन्छ। साथै कार्तिक र आषाढमा पनि यहाँ मेला लाग्दछ। मन्दिर छानेशैलीको छ र यो मन्दिर सुरक्षित तथा आकर्षित छ।

त्रिपुरासुन्दरीको मन्दिर एउटा ठूलो समथर जग्गामा छ। मन्दिरका प्रवेशद्वारहरू विभिन्न आकारका ढलौटका घण्टाहरूले सिंगारिएका छन्। मन्दिरवरपर पनि यस्तै अरू सयकडौं घण्टाहरू झुण्डिएका छन्। मन्दिरको मुख्य पूजाकोठा-मा प्रवेशनिषेध छ। मन्दिरभित्र एउटा लामो शिलाबाहेक अरू केही पनि छैन भनी भन्दछन्। मुख्य देवीचाहिं यही शिलालाई मान्दा रहेछन्। यात्रा चलाउन एउटा अलग्गै प्रस्तरको मूर्ति तयार गर्ने गरेको बुझिन्छ। कार्तिक र आषाढ-मा देवीको यात्रा गरी मन्दिरवरपर जनताको दर्शनार्थ घुमाउने गर्दछन् र अरू बखत यो मूर्ति पनि देवीको ढुकुटीभित्रै राख्ने गर्दछन्। मन्दिरको बाहिर बरण्डाको एक कुनामा मेला, पर्व आदिमा बलि दिने कार्य हुन्छ।

त्रिपुरासुन्दरीको मन्दिरवरपरको चौरमा केही पत्थरका मूर्तिहरू छन्। घामपानीले गर्दा ती मूर्तिहरू धेरै नै खराब भैसकेका छन्, तापनि वराहको मूर्तिसहितको प्रस्तरको स्तम्भको टुक्रा र चामुण्डाको मूर्तिचाहिं प्राचीन तथा आकर्षित देखिन्छ। चामुण्डाको शिरको आधा भाग काटिएको छ। कालो पत्थरमा कुँदिएको वराहको मूर्ति-सहितको स्तम्भमा वराहले दायाँ हात र दाराले पृथ्वी-लाई उचालेको छ। यी मूर्तिहरू पन्ध्रौं शताब्दीतिरका जस्ता देखिन्छन् (फलक नं. ५ ख)।

साथसाथै ऐतिहासिक कागजातहरूको पनि संङ्कलन



क, श्री काजी रणजोर थापाले व्यासभोटका पंचलाई लेखेको पत्र । पृ. २९



ख, श्री बडा चौतरिया बम शाहले जुमला, हुमलाका रैतीलाई लेखेको पत्र । पृ. २९

क, उकुंको भग्नावशेषमा रहेको ताण्डवनृत्यको शिवमूर्ति । पृ. ३०



ख, उकुंको भग्नावशेषमा रहेको हरिशंकर (विष्णु) को मूर्ति । पृ. ३०

क, उकुं शैपाल माणुमा रहेको सिंहवाहिनी भगवतीको मूर्ति । पृ. ३०



ख, वैतडी देवलहाटको चार मन्दिरको दृश्य । पृ. ३३

क, बैतडी देवलहाटको चार मन्दिरभित्रको उमामहेश्वरको भग्नमूर्ति । पृ. ३३



ख, त्रिपुरासुन्दरीको मन्दिरमा रहेको वराहसहित पत्थरको खम्बा टुक्रा । पृ. ३४



श्री चौतरिया बम शाह र सरदार निर्भयसिंह थापाले
गरिदिएको राहादानी । पृ. ३५

हुँदैथियो । करीब करीब पचास, साठीको लागतमा महत्वपूर्ण सक्कली कागजातहरू सङ्कलन गर्‍यौं र सयकडौंको संख्यामा झरू त्यस्तै कागजातहरूको फोटो उतार्ने कार्य भयो । त्यसका अलावा केही हस्तलिखित ग्रन्थहरू पनि फेला पारियो । यी सबै माथि उल्लिखित सामग्रीहरू स्थानीय जनताको सौजन्यताबाट विनामूल्य प्राप्त भएका हुन् । ती कागजातहरूमध्ये सम्वत् १८७३ को चौतरिया बम शाह र सर्दार निर्भयसिंह थापाले गरिदिएको राहदानीपत्र, सम्वत् १८७७को मानाछापबारेका पत्र, सम्वत् १८६७ मा काजी दलभञ्जन पाण्डेले काजी अमृतसिंह थापालाई वरननाथ जोगीले नेपालको एकीकरण गर्दा डोटीमा हमला गर्दा मद्दत दिएबापत स्वराड, बैतडीको बिर्ता थामिदिएको बारे पत्र र सोही विषयमा संवत् १८६३ र १८६८ सालमा स्वस्ति श्री मन्महाराजाधिराजबाट निज जोगीलाई गरिदिएको लालमोहर आदि छन् । यसको साथसाथै पाल र चन्दहरूको वंशावलिको केही अश पनि भेट्टिएको छ । सम्वत् १९२२ मा डोटी, बैतडी गर्खा बस्ने मधोचन्दले तत्कालीन महाराजाधिराजलाई आफ्नो पुर्खाले चढाई गर्दा मद्दत दिएबापत खान्नी पाऊँ भनी चढाएको बिन्तिपत्र र चौतरिया बम शाह र निर्भर्यसिंह थापाले गरिदिएको राहदानी आदि विशेष उल्लेखनीय छन् (फलक न. ६) ।

यी कागजातहरूको विस्तृत अध्ययन गर्नाले पश्चिम नेपालको इतिहासको साथसाथै सम्पूर्ण नेपालको नै १८ रौं शताब्दीयताको इतिहासबारे अझ नयाँ कुराहरू थाहा पाउन धेरै मद्दत मिल्दछ ।

०〰०

मानव शरीरमा अंगुष्ठको स्थान

–देवीप्रसाद लंसाल

मनुष्यको हातमा चार औंला र पाँचौं अंगुष्ठ मिलेर पाँच अवयव छन्। औंलाहरूको सहायताविना केवल हातबाट मात्र कुनै पनि काम हुन सक्दैन। यसबाट यही सिद्ध हुन्छ औंला अत्यन्त उपयोगी छन्। यसमा शंका छैन, तर यी औंलालाई यदि अंगुष्ठको सहायता प्राप्त भएन भने त ती औंला पनि हरेक काम गर्न असमर्थ हुन्छन्। अतः औंलाहरूको अपेक्षा अंगुष्ठनै हातको अत्यन्त उतयोगी र महत्वपूर्ण अवयव मानिएको छ। अतः अंगुष्ठका बिषयमा केही बिचार गरौं।

यो एउटा सानो अंगुष्ठ नै ईश्वरको अस्तित्व सिद्ध गर्नका निमित्त साक्षी पर्याप्त छ। अंगुष्ठ हातका सबै अवयवभन्दा अत्यन्त महत्वपूर्ण छ भन्ने कुरो सर्वमान्य र निर्विवाद छ। यसै मिनित्त संस्कृतमा यसलाई "अंगे पाणौ प्राधान्येन तिष्ठति यः स अंगुष्ठ" भनेको यथार्थ छ। महाभारतमा लेखिएको एकलव्य व्याधाको प्रसिद्ध कथा जसले पढको छ वा सुनेको छ त्यस व्यक्तिलाई अवश्य संझना होला, जुन वीर पुरुषलाई द्रोणाचार्यले तँलाई धनुर्विद्या सिकाउन्न भने र आश्रमबाट निकालिदिए, त्यसपछि त्यस व्यक्तिले जंगलमा गएर माटाको द्रोणाचार्यको प्रतिमा बनाई त्यसै प्रतिमाको समक्ष धनुर्विद्याको अभ्यास गरचो। केही समयपछि साक्षात् द्रोणाचार्यसंग परिश्रमपूर्वक धनुर्विद्या सिकेका सव्यसाची अर्जुनलाई युद्धमा हटाएको थियो। पाण्डवका पक्षपाती द्रोणाचार्यले अर्जुनको भन्दा एकलव्यको योग्यता बढी देखेर अर्जुनलाई रिझाउन गुरुदक्षिणाको रूपमा दाहिने हातको अंगुष्ठ मागे, सच्चा बीर शिष्यले केही आनाकानी नगरी, अंगुष्ठ काटेर गुरुदक्षिणा दिए, तर त्यो सानो अंगुष्ठ, गुरुलाई दिनेबित्तिकै सबै कौशल तथा सामर्थ्य निरर्थक भयो। यसको मुख्य कारण अंगुष्ठनै हो, अंगुष्ठको साथसाथै त्यसको सारा शक्ति नष्ट भयो।

मनुष्यमा उत्पन्न भएका इच्छालाई कार्यरूपमा परिणत गर्ने यथार्थशक्ति अंगुष्ठमा नै निहित छ। बालक जन्मिएर जबसम्म आफ्नो इच्छाशक्तिको उपयोग गर्न शक्तैन त्यस समयसम्म बालकको अंगुष्ठ उसको मूठीभित्र हुन्छ, अंगुष्ठमाथि अरू चार औंला हुन्छन्।

मृगीरोग भएका व्यक्तिलाई जब रोगले आक्रमण गर्दछ त्यस समयमा तथा मरणासन्न मनुष्यको मृत्युका समयमा उपर्युक्त व्यक्तिहरूको अंगुष्ठ स्वतः मूठीभित्र लुक्न जान्छ। त्यस्तै तार्किक व्यक्ति जब कुनै विषयमा विचारमग्न हुन्छ अथवा कुनै विषय निर्णय गर्न लाग्दछ, त्यस समयमा अंगुष्ठ सबै औलाहरूलाई दबाएर आफू माथि बसेको हुन्छ। मानवको अन्तःकरणमा विचारशक्ति जागृत छ, छैन भन्ने देखाउनाका निमित्त एउटा यो ईश्वरप्रदत सूचक चिह्न हो। किनकि मनुष्य जब विचार गर्न लाग्दछ, त्यस समयमा औलाहरूको उपर्युक्त स्थिति हुन्छ र त्यसको विपरीत जब मनुष्य क्रोधावेशमा आउंदछ त्यस समयमा मानवको विचारशक्ति लुप्त हुन्छ र अर्कालाई कुटपीट गर्न मूठी बांध्दछ, त्यस वेला अंगुष्ठलाई चारै औलाहरूको भित्र राखेर मुक्का हान्न जाइलाग्दछ। मनुष्यमा विचार शक्ति नष्ट भयो कि अंगुष्ठ मूठीभित्र लुक्दछ, विचारशक्तिको प्रादुर्भाव भयो कि अंगुष्ठ सबै औंलाहरूको माथि गएर बस्तछ। यसबाट यही सिद्ध हुन्छ अंगुष्ठ विचारशक्तिको सूचक र निग्रहशक्तिको द्योतक हो। त्यो शक्ति मनुष्यको अन्तःकरणमा वास गर्दछ वा यस शक्तिको शरीर र मनमा जबसम्म अधिकार रहन्छ तबसम्म यो अंगुष्ठ कहिल्यै पनि अरू औलामुनि दबेर बस्तैन। अस्तु, उपर्युक्त विवेचनाबाट प्रमाणित अंगुष्ठ, सबै औंलाहरूभन्दा मुख्य र महत्वपूर्ण छ, यसबाट इच्छाशक्ति तथा तर्कशक्तिको ज्ञान हुन्छ।

हातमा चार औलाका तीन–तीन पर्व हुन्छन्, अंगुष्ठको दुई पर्व मात्र हुन्छ। अंगुष्ठको पहिलो पर्व जसमा नङ छ, त्यो इच्छाशक्ति शौधकार्य र हाजिरजवाफ, आदि कार्यारम्भको सूचक हो। दोस्रा पर्वबाट तर्कशक्ति, उत्तम सारविचार, विवेक र विषय ग्रहण गर्न सक्ने वा नसक्ने भन्ने दर्शाउंछ।

अंगुष्ठका दुवै पर्व छोटा र फराकिला छन् भने अर्काको

आधार नपाई कुनै काम पनि गर्न नसक्ने, शंकालु, अस्थिर, बेपर्वाह र मूर्ख हुन्छ ।

यदि अंगुष्ठ मोटो छ भने स्वतन्त्र भएर काम गर्न सक्ने योग्यता भएको, अधिकार आफ्नो हातमा लिन चाहने, शासन गर्न सक्ने योग्यता भएको हुन्छ । यदि अंगुष्ठ लामो र दृढ छ भने , त्यो व्यक्ति आफ्नो कर्तव्यपालन गर्न दक्ष र व्यवहार–कुशल हुन्छ ।

अंगुष्ठ मोटो र करतलको भागनिर छ भने त्यो व्यक्ति आफ्ना मित्रहरूको विश्वासमा निर्भर रहन्छ, आफ्नो बुद्धिले कुनै काम गर्न सक्तैन ।

यदि अंगुष्ठ मोटो र अरू औंलाहरू अलि टाढा–टाढा परस्पर औंलाहरू जोड्दा छिद्र देखिने छन् भने त्यो मनुष्य स्वतन्त्र नोकरीको पेशा गर्ने, स्वावलम्बी, निस्पृह भैकन पनि अंशतः जुलूमी स्वभावको हुन्छ ।

अंगुष्ठको अग्रभागले तर्जनीको द्वितीय पर्वलाई स्पर्श गर्दछ भने त्यस मनुष्यको सबै इच्छा बालककालदेखि नै पूर्ण हुंदै जान्छन् ।

यदि अंगुष्ठको लम्बाइ अत्यन्त कम अर्थात् शुरूको पर्व-पर्यन्त मात्र पुगेको छ भने, त्यस व्यक्तिमा आत्मसंयम गर्न सक्ने योग्यता बिलकुलै हुंदैन । त्यस व्यक्तिमा सदा धनको चिन्ता रहने हुन्छ र आफ्नो मनलाई काबूमा राख्न सक्तैन । यस स्थितिमा यदि शुरूको पर्व उचितमात्रामा उठेको छ भने त्यो व्यक्ति वृथाभिमानी, वस्त्राभरणको सौखीन, ऐशआराम चाहने , खर्चालु हुनाले सदा ऋणग्रस्त भैरहने हुन्छ ।

यदि अंगुष्ठको अग्रभाग पछाडिपट्टि केही झुकेको देखिन्छ भने त्यो मनुष्य अगाडिपछाडि केही विचारै नगरी जुन वेला जो मनमा तरंग उठ्यो त्यैनै गर्ने, असद्व्ययी, मौजी, धूर्त हुन्छ। त्यसबाट मितव्यय हुन सक्तैन । त्यो नाटक लेख्ने वा अभिनय गर्न सक्ने योग्यता भएको हुन्छ । यदि हृदयरेखा उत्तम छ भने त्यो व्यक्ति जसो गरी आफ्ना निमित्त खर्च गर्दछ त्यसै गरी अर्काको निमत्त पनि खर्च गर्दछ । यदि अंगुष्ठ भित्रपट्टि झुकेको छ भने अस्थिर बुद्धिको हुन्छ ।

यदि अंगुष्ठको प्रथम पर्व लामोमा छ भने आचरणमा दृढता, दृढमैत्री र इच्छाशक्तिको प्रवलता भएको प्रेमी हुन्छ । यदि पर्व ज्यादै लामो छ भने त स्वेच्छाचारी स्वभावको हुन्छ ।

यदि अंगुष्ठको प्रथम पर्व छोटो र शुष्क छ भने त्यो व्यक्ति असंभाव्य चिन्तामा मन हुन्छ, तर आफूले चिताएका वस्तु म उपलब्ध गर्न सक्तछु भन्ने उसलाई विश्वास हुंदैन । उसको काम पनि तदनुसार हुंदैन, हरेक काममा अदक्ष तथा अनिश्चित व्यवहारको हुन्छ । यदि यो पर्व पुष्ट उठेको स्पष्ट देखिन्छ र मजबूत छ भने, त्यो व्यक्ति परोपदेश गर्न कुशल हुन्छ, तर आफ्नो वर्णन केही गर्न शक्तैन । आफ्नो निमित्त त सधैं उदासीन भएर बसिरहन्छ ।

यदि प्रथम पर्व छोटो तथा पुष्ट उठेको र मजबूत, मोटो छ र द्वितीय पर्व प्रथम पर्वको अपेक्षा निर्बल , छोटो प्रतीत हुन्छ भने त्यो मनुष्य मनोवाञ्छित आचरण गर्ने, निग्रही, उत्तम धारणाशक्ति भएको हुन्छ ।

यदि प्रथम पर्व लामो नभएर अपेक्षाकृत मोटो छ भने त्यो व्यक्ति दृढनिश्चित हुन्छ, तर धारणाशक्ति राम्रो हुंदैन । आफ्नो इच्छाले नै आफ्नो काम दीर्घकालसम्म लंब्याएर लाभबाट वञ्चित हुन्छ ।

यदि प्रथम पर्व अपेक्षाकृत फराकिलो र ओजनदार छ भने निर्दयी, बुद्धिहीन, क्रोधी, हठी, छलकपट गर्ने हुन्छ । यदि हृदयरेखा र मस्तकरेखा राम्रो छ भने उपर्युक्त अनिष्ट फल दिने हुंदैन, तर रिसायो भने रिसको झोकमा अर्कालाई दुःख नदिई आफै पीडित हुन्छ ।

यदि अंगुष्ठको द्वितीय पर्व लामो र मोटो छ भने त्यो व्यक्ति तर्क गर्न जान्ने र तर्कशास्त्रमा योग्यता राख्ने हुन्छ । यदि द्वितीय पर्व छोटो र झिनो देखिन्छ भने तर्क गर्ने र मध्यस्थ भएर पूर्वापर दुवै पक्षको निर्णय गर्ने शक्ति भएको हुंदैन, दुरा-ग्रही हुन्छ ।

तर्जनी र अंगुष्ठको बीचको स्थान फराकिलो छ भने त्यो मनुष्य उदारप्रकृतिको हुन्छ । अंगुष्ठको अग्रभाग सुलुक्क परेको (तीखो) छ भने त्यो व्यक्ति चापलूसी रुचाउने हुन्छ।

गोलाकार पातलो तथा चेप्टो अंगुष्ठ छ भने त्यो व्यक्ति आफ्नो संमतिमा दृढ हुन्छ । यदि अंगुष्ठको पहिलो गांठो पुष्ट छ भने त उपर्युक्त गुणमा हठधर्म थपिनेछ। अंगुष्ठको

अग्रभाग तल्लो भागभन्दा केही गहकिलो देखिन्छ त त्यो व्यक्ति निर्दयी स्वभावको असभ्य हुन्छ।

प्रथम सन्धिबाट दुई, तीन सरल रेखा तृतीय सन्धिमा गएको छ भने त्यो मनुष्य प्रेमी हुन्छ। यदि अंगुष्ठको प्रथम सन्धिमा बांगोटेडो रेखा छ भने त्यो व्यक्ति श्रीमान् हुन्छ। अंगुष्ठको प्रथम पर्वमा कुनै रेखा माला झैं अंगुष्ठलाई चारैपट्टि बेदर्छ भने त्यस मनुष्यले प्राणदण्ड पाउंछ।

अंगुष्ठबाट जोडीदार दुई रेखा शुक्रको पर्वसम्म आएका छन् भने त्यो व्यक्ति प्रसिद्ध धनी हुन्छ। स्त्रीजातिको अंगुष्ठको दोस्रो संन्धिमा ताराको चिह्न छ भने अत्यन्त धनी हुन्छे। अंगुष्ठमा जौ वा कमलको चिह्न छ भने अत्यन्त धनी हुन्छे। अंगुष्ठमा यदि जौ वा कमलको चिह्न भएका स्त्री वा पुरुषले अर्काको सम्पत्ति पाउंदछन्। अंगुष्ठमा इन्द्रधनुष-समान चिह्न हुनु अपारसंपत्तिदायक लक्षण हो।

केही ऐतिहासिक उपकरण

–शंकरमान राजवंशी

वि. सं. १५२० को तमसूक ताडपत्र

परिचयः–

यो पत्र मालअड्डाबाट उल्था गराउन पठाएको थियो। त्यसैको यो उतार लिइएको हो। यो पत्र यक्ष मल्लका पालाको हो। यक्ष मल्लका पालामा तमसूक लेख्ने काइदा कस्तो हुन्थ्यो भन्ने कुरा यस पत्रबाट थाहा हुन्छ। यो पत्र कान्तिपुर केलटोलका हृदयराज भारोले टेबहालका तेज थकालीलाई गरिदिएको तमसूक हो। यसमा जग्गा बेचबिखन गरेको कुरा छ। यस पत्रमा माटाको छाप झरिसकेको थियो। पत्रको नाप साइज लिइएन। यस पत्रले त्यस वेलाको सामाजिक रीतिथितिको झलक देखाउँछ।

मूलः–

१. श्रेयोऽस्त ।। सम्वत् ५८३ ज्येष्ठ शुक्ल प्रतिपद्यायां श्री यंबू बूमायां गागोलेके ।। श्री केलं मन्दप तोलके ।। चावंषा बहाराद्धि वासिन हृदयराज भारो नामनान स्वक्रयं भुजिमानिकं।। श्रीतेदो वहाराद्धिवासिन तेजथंकादि प्रमुखन सिंगुथि समुचयस नामनान संकासात।। तब क्षल वातिका नामप्रदे। । चुक्रसवो क्षित्र सवो जुरो।

२. अंके च बल कर्ष। थुलिस स्वआदिकार जुकोवुं चतुराधात प्रवस्थित तत वातिकायां जथादेसकाल प्रवर्तमान संचारार्धेन सुवर्णमूलमादाय क्रेविक्रे स्वानिवतकं न्यायेन क्रेन विक्रेयन भवति तत्र जदि संकाट व्यावाद पिडा स्यात् तदा धारनकेन परिसोधनियन्च आत्रार्थे साक्षि वविकीज जीवहरष भारो दृष्ट।। तलपति मदो प्रते ह्याचं भो .....या

अनुवादः–

कल्याण होस्। संवत् ५८३ (वि. सं. १५२०) ज्येष्ठ-शुक्ल प्रतिपदामा श्री कान्तिपुर गागोलंक श्रीकेल मंडपटोलमा चावंषा बहालमा बस्ने हृदयराज भारोले आफ्नो भोगको श्री-टेडो बहालबस्ने तेज थकाली प्रमुख मुर्दा गुठीका गुठीयारका रोहवरमा तवखेल बारी सुक्रीबिक्री गरियो। अंकबाट वल-कर्ष ५ आना यति आफ्नो अधिकारको चार किल्ला भित्रको बारी देशकाल चलन अनुसमर उचित मूल्य लिएर बेचबिखन भयो। त्यसमा यदि संकट विवाद पीडा भएमा ऋणीले बेहोर्नु-पर्नेछ। यसमा साक्षी वविकींज जीवहर्ष भारो। तमसुकपत्र लेखी दिइयो।

वि. सं. १७२८ को तमसूक ताडपत्र

परिचयः–

यो पत्र मोहन प्रसाद खनालजीले उल्था गर्न ल्याइएको थियो। त्यसैको यो उतार लिइएको हो। यो पत्र भक्तपुरका राजा जितामित्र मल्लले भक्तपुर शिवगल स्थानमा बस्ने भीम भन्नेलाई गरिदिएको हो। यस पत्रमा जग्गा बेचबिखन गरेको कुरा छ। यहाँ जितामित्र मल्लले बाबु जगत्प्रकाश मल्लको छाप लगाएको छ। साक्षी पूर्णलक्ष्मीलाई राखेको छ। यस विषयको कारण पत्ता लाउन विचार गर्नुपर्छ। पूर्णलक्ष्मी जितामित्रका आमाजस्तो बुझिन्छ। यस विषयमा अरू सामानको पनि अध्ययन गर्नुपर्छ । यसमा मिति नष्ट वैशाख भनी दिइएको छ। यसबाट त्यस वेला अधिकमास परेको बुझिन्छ। तिनताकाको अधिकमास मान्ने चलन कस्तो थियो भन्ने कुरा गणना गरी हेर्नुपर्छ।

मूलः–

(१) स्वस्ति श्री जयजितामित्र मल्लदेव प्रभू ठाकुर सन प्रसादारया स्थानस्य उत्त्र दिश प्रदेशे घर भुमेण पश्चिमतः ग्रहाकस्य क्षेत्रेण उर्तरतः पूर्व्वतः बलिकस्य क्षत्रेण दक्षिणतश्च एतत्मध्ये ह्लवति क्षेत्रे नाम संज्ञकं तस्य क्षेत्रांक एकरोप।

(२) नीकं रो १ वा कर्ष तत् क्षत्र यथादेशकाल प्रवर्तमान स्तथा संचारार्धेण सुवर्णपुष्प मालार्ध प्रढौकितमादाय क्रयविक्रय स्वाधिनेन क्रयन विक्रीयन भवति।। श्री खप्वं भुम्यां श्री शिवगर स्थाने मुदराछ टोर गृहाधिवासि

(३) भिमकस्य नाम प्रसादिकृतं अत्रार्थे साक्षि अन्नपूर्णा लक्ष्मी लिखित कायस्थ शिवहरि। संवत् ७९१ नष्ट-वैशाष शुदि ६ शुभ।

अनुवादः–

कल्याण होस्। श्री जयजितामित्र मल्ल देव प्रभु ठाकुरको निगाह। स्थलदेखि उत्तर घर भूमिदेखि पश्चिम ग्राहकको खेतदेखि उत्तर पूर्व बलिकको खेतदेखि दक्षिण यतिभित्र ह्लवतिखेत रोपनी १ कर्ष––त्यस खेत देशकालको चलन–अनुसार उचित मोल लिएर बेचबिखन गरिएको हो। श्रीखप्व भूमिको श्री शिवगर स्थानमा भुदराछे टोलको घरमा बस्ने भीम भन्नेलाई निगाह गरियो। यस पत्रका साक्षी अन्नपूर्णालक्ष्मी लेखक कायस्थ शिवहरि, संवत् ७९१ (वि. सं. १७२८) नष्ट वैशाख शुदि छ शुभ।

वि. सं. १७८७ को तमसूक ताडपत्र

परिचयः–

यो ताडपत्र मालअड्डाबाट उल्था गराउन ल्याइएको थियो। त्यसैको यो उतार लिइएको हो। यो पत्र घनसिं भन्नेले धनदेव भन्नेलाई जग्गा बेची गरिदिएको हो। यसमा धनदेव भन्नेले जग्गा किनी गुठी राखेको कुरा छ। अर्को कुरा यसमा गनबहालको उल्लेख छ। वि. सं. १७८७ को यस पत्रमा गनबहालको उल्लेख आएकोले यो बहाल त्यसभन्दा पुरानो थियो भन्ने कुरा र त्यहाँ शहर थियो भन्ने कुरा यस पत्रले देखाउँछ यस पत्रमा माटोको छाप झरिसकेको थियो। नाप साइज लिइएन।

मूलः–

(१) श्रेयोस्तुः संवत् ८५१ माघ मासे।। कृष्ण पक्षे।। अष्टम्यां तिथौ ।। श्रीमत् कान्तिपुरीमहानगरे।। श्रीयं ब्रुभायां श्री गांगुलज्ञे।। भाबो घसिंउया नामसकासात्।। तत्रैव नगले।। गनबहालनं उत्तरत ओन्तापशरलन योन्तागृह वातव्य।।

(२) भैरवदेव बातिकान।। लथंभाबो।। भ्रातापुत्र।। धनदेव भावो नामनां शुक्रीयन्त बुज्यामायनकं नदिपाल पिथ्यावातिका नाम संज्ञक।। भैरवदेया।। हाकुलो वातिकान।। पच्छिम, एते खामघे कर्ख १ चुल २ तद् वातिकाया।। जथादेश।। चाराधर्स्तु।। सुर....।। मादाए।।

(३) कृविकृतं।। भुक्त।। तत्रा धारनरंत।। भैरव गुठीस्य निमितेन।। जदि शंकष्ट व्यावद पिदा स्यात।। तदा धारकेन।। पती स्वघयंच।। पति।। गनवाहानगरे सुकृति कृन देङा।। अत्र पत्रार्थ।। दृष्ट साक्षि।। श्वपुत्र मंजुदेव भारो। मनरात बु २ शुभ।

अनुवादः–

कल्याण होस्। संवत् ८५१ (वि. सं. १७८७) माघ महीना कृष्णपक्ष अष्टमी तिथिमा श्री कान्तिपुर शहरमा श्री यंबुमा गांगुलंगमा भावो घनसिङ भन्नेबाट त्यस शसरमा गनबहालको उत्तर ओन्तापशरलको योताघर बस्ने भैरवदेव वाटिकाको लंथं थावो र भाई छोरा धनदेव भावोका नाउँमा आफ्नो योगको नदिपाल पिथ्या वाटिका भैरवदेवको हाकुलो वाटिकाको पश्चिम यस मध्ये कर्ष १ चुल २ त्यस वाटिका देशकालको चलनअनुसार मून्य लिएर क्रयविक्रय भयो। त्यो भैरव गूठीका निमित्त हो। यदि संकट विवाद परेमा ऋणीले बेहोर्नुपर्छ। गनबहाल शहरमा सुक्रीबिक्री भयो। यस पत्रमा दृष्टसाक्षी आफ्ना छोरा भंजुदेव भारो। मनरात बु २ शुभ।

वि. सं. १९३३ को तमसूक कागतपत्र

परिचयः–

यो पत्र ललितपुरबाट कुनै मानिसले उल्था गर्न ल्याएको थियो। मालधनीको नाम थाहा भएन। त्यसैको यो उतार हो। वि. सं. १९३३ को यस पत्रमा तमसूकको बेहोरा मल्लकालकै

ढंगको छ। यस पत्रको अन्त्यमा लालमोहर गराएर लिनुपर्ने भन्ने उल्लेख छ। यसबाट तिनताका पनि प्राचीन ढंगको तमसूक लेख्ने बेहोरा चलिरहेक रहेछ भन्ने कुरा देखाउँछ।

मूल:–

श्रेयोऽ स्तु ।। सम्वत् ९९६ आसुनमास कृष्ण पक्ष-चतुर्थ्यां तिथौ।। श्री ललित प्रभायां श्री मानिग्लात् उतरत ।। धार्ण कक्क बाहाल त्याल घाला सिक माल यंतागृह रघु वंसता उल्ल बुद्धिमान भारोस नाम्नेन स्वक्रियं स्वभुज्यमानिक ।। ग्राहक सयव क्वाबहाल त्वाल धालसिको तधंननी वरेल यौता गृह द्रब्य भारोस नाम्ना सकसात् ।। सयव धालासिको तधंननि यौता क्यव पाताल नाम प्रदेशे ।। कुम्लान भारोया केव पाताल सिमायां पूर्वत ।। दैवज्ञ फरिन्द्र मंगल भारोया केव पाताल सिमाया दक्षिनत।। तधंननि सिमायां पश्चिमत ।। तधंननि धालासिक्व वरेल सिमायां उत्तरत ।। यतेषां मध्ये तत् केव पातालया स्वसिमानशह दान्यनषा कुला ।। यातदेथा नगरकाल प्रर्वत मानेन स्तथा संचाराघ्रे स्वयभोचित मूल्य उक चालिसाटंकांक अधलिमोहल टेका ४१ पीय छ मोहल मादाय क्रिय बिक्रीय स्वाधिनानेन तेना निबर्त्यंकन्या यन क्रियं बिक्रियत्वं भवति यदि स्यात् दैविक नाहिक बिनातत् केव पातालया संकत बिबादकाले तदा धार्ण्णकेन परिस्वधनीयं ।। अत्र पत्रार्थे साछि धार्नकस्य कनेष्ठ मातृज्यू लक्ष्मी भारोनीदृष्ट ।। कनेष्ठपीता ज्यूना नाउत दृष्ट ।। पुन अतन साक्षि बैलुछेया कृष्णा नारां भारो दृष्ट।। श्री षौपदेसया नासमह्ला त्वालया कृष्ण लाल भारो दृष्ट ।। पूर्वतलपत्र मलुवसः ग्राहकयात मविया लुलनासः ग्राहकयात मियमाल ।। श्री लालमोहर छाप दयकं कायमाल दस्तुर मालक्व ग्राहकया ज्ञुल।। भरन पाचुकं धुंगो ज्ञुरो।। शुभ।।

अनुवाद:–

कल्याण होस् ।। संवत् ९९६ (बि. सं. १९३३) आश्विन महीना कृष्णपक्ष चतुर्थी तिथिमा श्रीललितपुर मानिग्लादेखि उत्तर ऋणीहरू वहाल टोल धालासिक गुमाल यता गृहका रघु वंशको बुद्धिमान भारोले आफ्नो भोगको ग्राहक उहीद्ध बहाल टोल धालासिको तधंननी बरेल यौता गृहका द्रव्यभारो संग द्रही धालासिद्ध तधननी यौता क्यब (बारी) पाताल भएको ठाउँको कुम्लान भारोको बारी पाताल सीमादेखि पूर्व दैवज्ञ फरीन्द्रमंगल भारोको बारी पातालसीमादेखि उत्तर यति बीचको बारी पाताल आफ्नो सीमा भित्रको देशकाल चलन अनुसार उचित मूल्य ४१ मोहोर लिएर आफ्नो हक अधीन छोडी सुक्रीविक्री गरियो। यदि केही गरी त्यस बारी पातालमा संकट विवाद परेमा ऋणीले बेहोर्नुपर्नेछ। यस पत्रका साक्षी ऋणीको कान्छी आमा लक्ष्मी भारोनी, कनिष्ठ पिता नारान, फेरि अरू साक्षी बैलुछेका कृष्णनारान भारो, श्री भक्तपुरका नासमह्ला टोलका कृष्णलाल भारो। पहिलो तमसुक पत्र नभेटिएकोले ग्राहकलाई नदिएको, अब भेटिएकोले ग्राहकलाई बेचेको। श्री लालमोहर गराएर लिन परयो। चाहिने दस्तुर ग्राहकले बेहोर्ने भयो। सबै छिनफान भयो शुभं।

टिप्पणी:–

इतिहास राष्ट्रको एक अभिन्न अंग बनेको छ। जुन देशको विशद इतिहास छन भने त्यसको स्थायित्व रहन सक्दैन। किनभने इतिहास भनेको राष्ट्ररूपी घरको जग हो। जग बलियो भएन भने घर भत्कनु स्वाभाविकै छ। त्यसकारण राष्ट्रको जगरूपी इतिहासलाई सफा राख्न सकेन भने जग बलियो हुंदैन। वास्तविक इतिहासका लागि तात्कालिक ऐतिहासिक सामानको कति महत्व छ। चाहे त्यो सामान २,४ ओटा अक्षरमात्रै अंकित किन नहोस्। हामी एउटा प्राचीन ढुंगा, एउटा प्राचीन हाडमात्र भेट्टाउँदा पनि त त्यसबाट कति ज्ञान लिन सक्छौं भने अक्षर अंकित सामानको के भन्नुपर्छ। इतिहासका धेरै शाखा छन्। राजनैतिक इतिहासलाई मात्रै इतिहास भनंदैन। समाजसम्बन्धी धर्मसम्बन्धी प्रशासनसम्बन्धी इतिहास सबै एक एक अंग हुन्। राष्ट्रका लागि सब अंगका

इतिहास जरूरत हुन्छन् । शाहकालको इतिहासभन्दा मल्लकालको इतिहास त्यति सर्वांगपूर्ण हुन सकेको छैन । त्यसदेखि माथिको तथ्य भन्नै परेन । किनभने तिनताकाका ऐतिहासिक सामान त्यति पर्याप्तमात्रामा छैनन् । त्यसकारण मल्लकालका जे जति ऐतिहासिक सामान उपलब्ध हुन्छन् तिनैबाट काम लिनुपर्ने हुनाले तिनको प्रकाशन तथा संरक्षण गर्नुपरेको छ । यसकारण माथिका सामान मालधनीसंगै रहने हुनाले फेरि संकलन गर्न गाह्रो पर्ने हुंदा नकल भए पनि प्रकाश गरिराख्नु संरक्षण गरेको सरह हुनेभएकोले संक्षेपमा परिचयसहित प्रकाश गरिएको छ । प्रकाश गरिएका उक्त सामान यथावत् दिइएका छन् । ती सामानलाई पुरातत्वविद् तथा इतिहासज्ञहरू यथास्थानमा उपयोग गर्न सक्नेछन् ।

(Contda. from 10th issue)

THE ANCIENT AND MEDIEVAL HISTORY OF WESTERN NEPAL

Ram Niwas Panday
M. A. Dip Arch. (A.S.I.)

Dullu Pillar inscription contains the names of thirty five kings of the family of which first fifteen kings have got 'Pala' suffix added in the end of their names. What does it indicate ? Were these Pala kings related to the main branch of the Pala dynasty of Eastern India? Let us hope to get some tangible information in the future to answer this vexed problem in a precise manner 52. Out of the fifteen Pala kings, the thirteenth king, Varagja Mahipala was quite illustrious. He conquered numerous renowned enemies in the battlefield, changed the capital to the town of Goha district (Gandjyankot ?) and there he received the taxes of the horses from the defeated foes (Kings) 53. When his son Visvapala came on the throne he transfered his capital to Jhumalara (Tiparikot ?) district town 54. After crushing (stambhana) the enemies he received a country full of the riches. When his son Jivapala ascended the throne, he again changed the capital. Now the secretariat was brougth to Gela (or Sela),located in the Jumala Valley. Jivapala was a great lover of the fine arts and music. He was succeded by Punyamalla 55. Punnyamalla married Sarkunamalla and from her he had serveral sons, the eldest being Shrimalla . Either due to some battle or epidemic all the sons if this unfortunate king died. Therefore, he adopted Nagaraj as the crown-prince of the state who lastly succeeded him on the throne. A few years after Nagaraj become the king, territory of the Mallas was invaded from the north by the Tibetan army. Nagaraj fought the enemies bravely with his forces and drove them away from Guge. Now the victor realised that if he wanted to rule the snow-clad mountainious region of the far north then he should keep his one capital in the north too, and then he made Semsja (Ya'te) as his summer capital. He even Tibetanised the name of his family from Malla to **Mal** or **sMal**. Later on, the names of the kings were also Tibetanised. This indicates that Nagaraj was a great statesman and administrator 56. Rahul Sanskritayan has mentioned an image of Lord Buddha which he found at Badhata, Garhwal. This image has a small inscription in its pedastal which indicates that the present image of Lord Buddha was dedicated by Nagaraj when the visited the existing Buddhist shrine of the locality. It seems that Garhwal was subjugated during the time of Nagaraj and he visited the above-mentioned edifice immediately after his conquest 57.

Some scholars like Shree Satyamohan Joshi of the Royal Nepal Academy hold the opinion that the two Punyamallas of the front and the back faces of Dullu pillar inscription are the one and the same person. But I differ from him at this stage of our knowledge. Punyamalla, who married Sakunamalla and whose eldest son was Shrimalla, is described in the inscription as the son and successor of Jivapala, the fifteenth (or the last Pala) king, whereas the Punnyamalla of the other face of the inscription is narrated by the scribe as the prince of Gela and the successor of Pratapamalla, who had no male

scoin to him. If the two Punyamallas be proved as one, then Nagaraj becomes a contemporary of either Vikramapala or Shridharapala, but it does not seem well because Vikramapala and Shridharapala had ruled long before the time of Nagaraj. Again most of the scholars of Nepal think that Nagaraj, the first king of the other face of the inscription, had come from the Khari region and he belonged to the dynasty of the Bhot monarchs. But from **Athakharipradesastho yo jvesaratama gotten (34) Shreenagajena Senjapuryam sthih (h) krita** 12 , i.e. Nagaraj, who lived at the Khari region, bedecked with the title of Javeshwar (Jumaleshawar (yogi Naraharinath says that he become the lord of Java, Sumatra islands, etc. which is highly fantastic for any scholar of history and archaeology)—taken from **Sandhipatra Samgrah** of Naraharinath, published from Banaras, V.S. 2022, pp. 667–70). He founded the city of Semja one can not fully ascertain that he was a Tibetan prince, and came from Khari region, located beyond the Khojaranath site in the vicinity of the Manasarowara lake. Again his name is more of a Hindu and Aryan origin. I think that he was the second son of Punyamalla of the front face of the inscription and belonged to the solar dynasty itself. As there was no place in the front face of the inscription, the details of the family (dynasty) beginning from Nagaraj were engraved on the back face. What I think is that when Punyamalla of the front face was ruling, the Tibetans invaded the northern territory of the kingdom. The king sent Shrimalla and Nagaraj to fight the enemies. In the fighting Shrimalla, the first son of Punyamalla and the real owner of the kingdom, lost his life; only Nagaraj survived the vissitudes of the Tibetans, The latter defeated the invadors and drove them away beyond the Manasarowara lake. At that time he had to stay in the Khari region. I think that these are the reasons why the **kharipradesatha** (living in thet Khari region) to Nagaraj. As Nagaraj turned our victorious and survived as the only claimant to the throne, he was bedecked with the title of Javeshwar (Jumaleshwar), as described in the inscription. As Nagaraj was a great statesman, he thought that without having one branch of the capital in the Jumla valley also he can not have the sway over his northern territory of the dominion. Therefore he laid the foundation of the Semja city. This city, later on, became an important city of Western Nepal and had been the capital of various kings until the conquest of the region by the Gorkha army in the late-eighteenth century. Further, Punyamalla- the father of Prithvimalla, flourished and ruled Western Nepal about three hunered years after Punyamalla of the front face of the inscription. Thus he is Punyamalla II of the dynasty, and a **ruler** of the fourteenth century A. D. only.

Capa succeeded Nagaraj on the throne after the demise of his father. He was not a successful ruler. This king was not even known to the Tibetan chroniclers. Capilla,the son of Capa, was also a weak king and he remained silent in the expansion of the frontiers of his dominion. Neverthless, he was known to the chroniclers, unlike his father. The rules of Krasicalla and Kradhicalla were not so eventful as of Kracalladeva, the son of Kradhicalla. One inscription of Kracalladeva, found from Kartikeyapur (Tehri-Garhwal), dated in A.D. 1223 (Saka 1145 **Pausa Krishna**–2), records the visit and the worship of the king to the Baleshwar Mahadeo (Eaika–Rudra) temple after the conquest of Tehri Garhwal region in the sixteenth year of his congregation to the Malla throne. During his visit he donated a piece of land also to its Brahmin priest (Shree Baleshwar). But it does not mean that personally he was a Saivite. The inscription informs us that Kracalladeva was a Buddhist devotee 58. He was succeeded on the throne by his son Asokacalla.

Asokacalla was a famous king. He spread the mission of peace and tolerability in all the directions of the world 59. Five inscriptions of Asokacalla have been found so far of which "three

were traced in Bodhagaya and two in Kamayun (Koma) at Gopeshwar and Barahata (Uttarakasi) respectively"60. From the Gopeshwar and Barahata inscriptions it is clear that Asokacalla was the master of whole Tehri and Garhwal districts in the closing decade of the Twelfth century. He had defeated Trilokapala of the Katyuri dynasty in A.D. 1191. One Buddha image, donated by Nagaraj in the past is still esteemed at Barahata in the name of God Dattatreya by the people. It indicates that Kedarabhumi up to Bhallyana was under the protection of the Semja kings from the time of Nagaraj itself. The Katyuris of the region had accepted the suzerainty of the Malla monarchs former. Further conquest of the region by Asokacalla during his rule indicates some revolution only in the region during his lifetime. If Gopeshwar inscription of Asokacalla is a true account of his reign, then presently Kedarabhumi was completely subjugated in the Malla dominion In the document Asokacalla has been described as a king of Danavabhutal, identified with Bhot by Rahul Sanskritayan. I think that Danavabhutal is Danavatal of Bardia district, which was the capital of the Mallas before their conquest of **Vaisvanarajwalaksetra** and the Jumla valley. The relics of Danavatal are of Buddhist origin and datable to tenth-eleventh centuries which are also in support my identification.

The Dwarahat iron-triden inscription of Asokacalla informs us that the victor reached even the sacred land of Lord Siva and there he arranged a meeting of the word lords. It indicates the visit of a Buddhist king to a holy site of Shaivism and noting else. Asokacalla was known as Anekacalla also. The Bodhagaya inscriptions of Asokacalla are dated in A.D. 1192, 1270, and 1274 according to Regmi but the epoch of the Laksamana era, used in them, is itself not fully ascertained by the scholars 61. One of these inscription calls Asokacalla as the greatest of the kings (of his time) and the ruler of one hundred and twenty-five thousand hills of the Khasa people, beautified with numereous pillars, engraved with his multifarious activities and grand qualities 62. He was a follower of Mahayan pantheon of Buddhism 63 and Hevajra 64 was his chief deity of worship. He sent several monks **(bhiksus)** to Bodhagaya from Semja to make a monastery for housing a statue of Lord Buddha. The monks went to the aforesaid town with huge donation of property from the king and there they made a beautiful monastery **(vihara)** including an image of Lord 65 as ordered by the king. It so seems that Asokamalla was a king-hearted soveriegn and this gave an advantage to his sons Jitarimalla and Anandamalla to fight for the heirship and divide the kingdom into two parts after the death of his father like the three sons of Jayayaksamalla of the Kathmandu valley after his demise. For three generations we have two kings simultaneously ruling in Western Nepal. When Kalyanamalla comes on the throne, he unites the segregated kingdom and once again the whole of Western Nepal becomes one nation under one banner (king 66.)

Jitarimalla was the eldest son of Asokamalla. He had two sons whose names were Aksayamalla. and Adityamalla. Ripumalla was the son of Anandamalla— the younger son of Asokamalla, and his son was Samgramamalla 67. Very little history of these kings is available in their native land. As three of these kings had invaded the Kathmandu valley, we have some information about their carriers from the chronicles of Kathmandu valley also.

The early Mallas of Dullu had concentrated their lives in the conquests of the Western mountaineous tract only. When Jitarimalla ascended the throne, he realised the significance of the conquests of the eastern mountainneous region. The king found a vast territory before him in the east.

Gopalavamsavali records the invasion of the king as follows:– "On the expiry of twelve years and three months of Anandamalla's reign, the Khasias came. This was the first invasion of

Raja Jayatari and occured in the month of Pausa of the year 408 (Dec-Jan, 1287-88). In Sahme (Swayambhu area) where the Khasia king was encamping there, was raid by the entire mass of our people, who killed eight hundred of the invadors. Then the Khasias fled, and the people returned to their normal life in a happy mood. The year came. On Falgun **sukla**-13 Jayatari entered once again for the second time. He burnt several villages. He went to pay respects to the chaitya of Swayambhunath, then to Bugma, where he enjoyed the **darshan** of Lokeshwar. Thereafter he propitiated God Pashupatinath. He returned to his country without any harm reaching him. It was the year 409. Again the Tirhutiyas had entered"68.

Keshar Shamsher Vamsavali has mentioned the invasion in the following words: "In the month of Pausa, 408 Jayatari entered for the first time. For the second time again he entered in Falgun of 414" 69.

Gopalvamsavali has recorded a third invasion of Jayatari also which reads as "On Falguna–**krishna–pratipada** Jayatari invaded and captured Nuwakot. (Then he) went to Bungamati temple (Rato Matsyendranath). dedicated treasury to him. He entered Deopatan from the western gate. This time.....Then he burnt the villages. He lived one month in Lalitapur. Yet the fortress was not dismantled"70. "In the prince's (Anantamalla's) reign, and in the Nepal year 804 of Sumbuth 1344, many Khasias migrated to Nepal and settled there"71.

From the above--mentioned accounts it is clear that during the reign of Anandamalla, Jitarimalla (Ji–t'ar–smal) had thrice raided the Kathmandu valley between Nepal Era 408–10 72. A fierce battle took place between the army of the invading king and the Nepal (Kathmandy valley) forces. In the conflict Jitarimalla lost eight hunderd of his soldiers and then he returned to his native-land. Fourteen months afterwards he again invaded Nepal. This time he entered Deopatan after conquering Nuwakot, set its villages ablaze and camped for one month surrounding ito fortress. When he found himself unsuccessful in causing injury to the castle he returned to his country. Thus all the efforts of Jitarimalla failed and his dreams of unifying various states of Himalayan region and becoming a paramount sovereign of Nepal remained unfulfilled.

The geneology of the Malla dynasty is complicated after Jitari–(Jayatari) malla 73 but the studies reveal that Jitarimalla and Anandamalla had ruled at the one and the same time. Aksayamalla, Adityamalla and Ripumalla ruled in the second phase while Kalyanamalla and Sangramamalla ruled in the last phase of the termoil. What I think is that one of the two houses had ruled from Dullu and the other party exercised its sway from Semja But this fact is not quite clear from the Dullu pillar inscription. According to Regmi 74 the trouble of succession arose after Kalyanamalla ascended the throne but Dhanavajra Vajracharya 75 opines that the turmoil came to an end affter Pratapmalla's congregation only. As the latter ruled form Dullu and Semja both, he has been variously described in the records of Western Nepal.

